नेपाल मौरीपालन महासंघले प्रकाशन गर्न लागेको सुचनामूलक मौरीपालन डाईरेक्टरी-२०७२ को लागि पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु ।

प्रो. युवराज श्रेष्ठ
९८५५०५४२८६

**शिवशक्ति मौरीपालन स्रोत केन्द्र**

भ.उ.म.न.पा.-१०, (एयरपोर्ट गेट) चितवन

**हाम्रा सेवाहरू:**

प्राकृतिक शुद्ध मह, मेलीफेरा/सेरेना मौरी, घार एवम् गोला, मौरी पालन सम्बन्धी सम्पूर्ण सामग्रीहरु, मौरी पालन सम्बन्धी विशिष्ट तालिम र परामर्श सेवाहरु....

**APIS HIMALYAN HONEY**

मौरी, मह, मौरी घार तथा मौरीपालन सम्बन्धी सम्पूर्ण सामग्री तथा तालिम....

**APIS NEPAL PVT LTD.**
Kathmandu, Naryanthan
9851180877
honeybeenepal@gmail.com
Dhaulagiri API Culture Center
Ratnanagar-4, Chitwan
Ph.: 056-560007
Dhaulagirihoneybee@yahoo.com

# नेपालमा मौरी व्यवसायको महत्व, अवस्था सम्भाब्यता तथा चुनौतीहरु



जगदीश भक्त श्रेष्ठ
वरिष्ठ मौरी विज्ञ

## नेपालमा मौरी व्यवसायको महत्व

प्रकृतिमा पाइने, स्थानिय श्रोत साधन मध्ये पुष्परस, कुट आदि संकलन गर्ने क्रममा परागसेचन कार्य समेत गरी वाली नाली, फलफूल तथा बनस्पतिहरुमा महत्पूर्ण योगदान पुऱ्याउन एवम् गुणस्तरीय उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्ने मौरीलाई उपयूक्त वातावरण कायम गरी आधुनिक व्यवसायको रुपमा पालन गर्न सकियो भने मौरी पालनबाट प्रशस्त लाभ लिन सकिन्छ । मौरी पालनलाई व्यवसायको रुपमा अपनाउँदा आधुनिक प्रविधि अपनाउँनुको साथै आधुनिक स्थानान्तरण तथा व्यावस्थापन अपनाउँनु आवश्यक छ ।

नेपालमा उपलब्ध श्रोत साधन मौरी पालनमा संलग्न ब्यक्तिहरुमा भएको सीप, लगनशिलता खाद्य तथा पोषण सुरक्षाको माग समेतले गर्दा मौरी पालन व्यवसायको महत्व निकै चुलिएको छ ।

नेपालको भौगोलिक वनौट तथा वातवरणले गर्दा प्राकृतिक श्रोतमा व्यवसायिक मौरी पालनको लागि उपयूक्त हुने बनस्पति वोट विरुवाहरुको बाहुल्यता छ, र एपिस् मेलिफेरा मौरी नेपालमा ब्यावसायिक मौरी पालनको लागि भित्रिएपछि मौरी पालनबाट मौरी पालक कृषकहरुको रोजगारीमा तथा आयमा वृद्धि हुनुकोसाथै मौरी पालनबाट वाली विरुवारुहको पराग सेचनमा प्रभावकारीता आई वाली नालीको उत्पादनमा गुणात्मक एवम्म परिमाणात्मक वृद्धि हुनुका साथै वातावरण संरक्षणमा समेत सहयोग पुग्ने रहेको छ । नेपालको विद्यमान वन जङ्गल, खेती प्रणाली तथा चरण सम्भाब्यताले नेपालमा मौरी पालन व्यवसाय फस्टाउन सक्ने एउटा बलियो महत्वपूर्ण आधार दिएको छ ।

## मौरी पालन व्यवसायबाट हुन सक्ने लाभहरु

मौरी पालनलाई वयवसायको रुपमा अगाल्दा धेरै ठूलो लगानी न भएमा पनि मौरी पालन शुरुवात गर्न सकिन्छ । यो व्यवसाय शुरु गर्दा धेरै ज्यामी पनि आवश्यक पर्दैन् र यसबाट पहिलो वर्षमा नै आय आर्जन गर्न सकिन्छ ।

मौरी पालन व्यवसायको महत्व, यसबाट प्रतक्षयफईदाको साथै अप्रत्यक्ष फाईदाहर समेत प्राप्त हुने हुँदा झनै वढेको छ । मह, मैन, कुटरोयल जेली, मौरी कुट, विष, चोप, मौरी गोला आदि मौरी पालन बाट प्राप्त हुने प्रत्यक्ष लाभ हुन भने पराग सेचन, जैविक विविधता संरक्षण, प्राकृतिक संतुलन कायम, गुणस्तरीय उत्पादन तथा उत्पादकत्वमा वृद्धि तथा स्वरोजगार सृजना गनयसबाट पाइने अप्रत्यक्ष लाभ हुन । मौरी पालन व्यवसाय जुन सुकै उमेरका व्यत्ति,हरुले गर्न सक्दछन् भने महिलाहरुको लागि पनि यो बडो उपयूक्त व्यवसाय हुन सक्दछ । मौरी पालन व्यवसायले देशकै आर्थिक वृद्धि मात्र होइन व्यवसायिकहरुको जीवन स्तर उठाउने र राजस्व वृद्धि गर्नेमा समेत योगदान पुऱ्याउन सक्ने भएको हुँदा यसको महत्व व्यापक छ ।

नेपाल मौरीका जाती तथा प्रजातीको लागि पनि धनि राष्ट्र हो । नेपालको घर पालुवा मौरी एपिस् सेराना मौरी ग्रामिण क्षेत्रमा परम्परागत रुपमा पालिदै आएको कारवणबाट पनि मौरी पालनलाई व्यवसायिककता तर्फ पाइला अघि वढाउन सजिलो भई सघाउ पुगेको छ ।

## वर्तमान अवस्था

नेपालमा परम्परागत मौरी पालन आदि काल देखी गरिदैंआएको भएता पनि स्थानीय एपिस सेराना जातको घर पालुवा मौरीलाई प्राकृतिक एवम् परम्परागत मुढे घार र खोपे घारमा राखी मह उत्पादन गर्ने प्रचलन हालपनि नेपालको प्राय: धेरै क्षेत्रहरुमा पाईन्छ ।

२०३२।३३ देखि व्यवसायिक कीट विज्ञान आयोजना अन्तरगत मौरी पालन कार्यक्रमहरु संचालन हुँदै आएको छ । २०४३ सालमा मौरी पालन केन्द्र स्थापना भईं २०४४ श्रावण मा मौरी पालन तालिम तथा प्रसार सेवा आयोजना लागू भएको र २०५१।५२ सालमा मौरी पालन विकास शाखाको स्थापना भई हाल सम्म मौरी पालन कर्मचारीहरु संचालन हुँदै आएका छन् । राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैर सरकारी संस्थाहरुले तथा आयोजनाहरुले पनि मौरी पालन तथा परागसेचन संम्वन्धि कार्यक्रमहरु संचालन गर्दै आएका छन् । नेपाल व्यापार

एकिकृत रणनिति अन्तरगत मह निर्यात योग्य बहुमूल्य बस्तुको रुपमा राखिएको छ ।

यसले गर्दा गुणस्तरीय मह उत्पादन यसको निर्यात तथा व्यापार घाटा कम गर्न थप उत्प्रेरण तथा प्रवर्द्धन मिलेको छ । २०७१।७२ मा २३५० मे.ट मह उत्पादन हुने लक्ष राखीएको छ भने यूवा लक्षित कार्यक्रम अन्तरगत नेपाल सरककारले ३५ वटा जिल्लाहरुमा मौरी पालन कार्यक्रम संचालन गरी यूवाहरुलाई क्लष्टर एप्रोचमा मौरी पालन गरी रोजगारी सृजना गर्नुको साथै गुणस्तरीय मह उत्पादन गरी निर्यातको मध्यमबाट व्यापार घाटा न्यून गर्न समेत सघाउ पुग्ने छ । नेपालमा उत्पादित महलाई व्यवस्थापनको आधारमा तीन प्रकारका महमा वर्गीकरण गरिन्छ : जस्तै जङ्गली, परम्परागत र आधुनिक मह । त्यसै गरी मौरीको जातका आधारमा महको विविधिकरणको आधारमा ए. मेलिफेरा मह, ए. डोर्साटा मह, ए. सेराना मह वा ए. लेवोरियोसा मह जसलाई जडीवुटी श्रोतबाट उत्पादीत भएको हुदाँ यसलाई विशिष्ट महको रुपमा लिईन्छ । पर्वतिय क्षेत्रमा जडीवुटी श्रोतबाट उत्पादीत महलाई पर्वतीय मह भन्ने गरिन्छ । यसै गरी नेपालको पहाडी तथा पर्वतीय क्षेत्रमा कुनै पनि रासायनिक पदार्थ, विषादी, प्रतिजैविक पदार्थ वा हानिकारक औषधि प्रयोग नगरी उत्पादित मह प्रांगारिक महको रुपमा प्रचलित छ ।

## अवसर तथा सम्भावना

मौरी पालन नेपालमा परम्परागत रुपमा पनि पालिँदै आएको हावापानी तथा जलवायु उपयूक्त भएको मौरीको लागि प्रशस्त चरण उपलब्ध हुने भएको, जग्गा जमिन धेरै नभए पनि पुग्ने भएको, परम्परागत सीप तथा ज्ञान धरोहरको रुपमा भएको, तथा नेपालमा उत्पादित मह, प्राकृतिक रुपमा नै प्रांगारिक भएकोले नेपालमा विशिष्ट मह उत्पादको प्रचुर सम्भावना रहेको तथा थोरै लगानीबाट देशै भरि नै मौरी पालन गर्ने सम्भावना रहेको छ ।

नेपाली महको स्वदेश तथा विदेशमा पनि राम्रो माग रहेको छ । मह औषधिको रुपमा मात्र होइन पौष्टिक आहारको रुपमा पनि खाने जन चेतना वृद्धि हुँदै गई रहेको अवस्थामा छिमेकी राष्ट्रहरुवाट पनि महको राम्रो मूल्य प्राप्त हुन सक्ने सम्भावना वृद्धि हुँदै गएको छ । मौरी पालन व्यवसायबाट मह बाहेक अन्य उत्पादनका विविधिकरण तथा खपत हुने सम्भावना पनि बढेको छ । नेपाल सरकारले महलाई उच्च बालीमा राखेको छ ।

## मौरीपालनका मुख्य चुनौतीहरू

नेपालमा मौरीपालनमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा निम्न बमोजिमका चुनौतीहरू विद्यमान छन्:

- विषादी अवशेष अनुगमन कार्यक्रमको अभाव,
- अन्तर्राष्ट्रिय मान्यता प्राप्त प्रयोगशाला र उपकरणको कमी,
- प्रमाणीकरण व्यवस्थाको कमी ।
- प्रशोधन तथा प्याकेजिङ्ग जस्ता सुविधाहरू विभिन्न स्तरमा नहुनु आदिले गुणस्तरीय मह व्यापारमा समस्या परेको देखिनु ।
- वन फँडानी तथा डढेलोबाट मौरीचरनमा समस्या हुनु ।
- चरनक्षेत्रमा यातायातको पहूँच नहुनु ।
- कृषकहरूलाई परागसेचनको महत्व थाहा नहुनु ।
- बालीहरूमा कडा विषादीको प्रयोग हुनु ।
- बालीनालीमा जैविक विषादीको प्रयोग कम हुनु ।
- दक्ष जनशक्तिको अभाव तथा परिचालनमा कमी हुनु ।
- मौरीपालन प्रविधिको विकास तथा अनुसन्धानको कमी हुनु ।
- मौरीपालन विकास नीतिको अभाव जस्ता समस्याहरूले मौरीपालनको विकास तथा अग्रगमनमा अवरोध पुऱ्याइरहेको देखिनु ।

## मह निर्यात व्यापारका चुनौतीहरू

स्तरीय उत्पादन गर्न सक्षम भए पनि नेपालका मह कारोबारीले विकसित मुलुकहरूमा मह निर्यात गर्न धेरै चुनौतीको सामना गर्नुपरेको छ । यी चुनौतीहरू देहायबमोजिम छन् :

- ठूला आयातकर्ताहरूको मागअनुसार पर्याप्त मह उत्पादन नहुनु,
- दुर्गम क्षेत्रमा यत्रतत्र छरिएका साना मौरीपालकबाट एकै स्रोत र गुणस्तरको मह सङ्कलन हुन नसक्नु,
- आयातकर्ता मुलुकहरूका नियम र सर्त कडा हुनु,
- नेपाली मौरीपालकहरूलाई असल मौरीपालन अभ्यास, महको गुणस्तर तथा मापदण्ड र आवश्यकता तथा कानुनी सर्तबारे जानकारी नहुनु,
- अन्य मुलुकहरू र त्यसमा पनि युरोपेली सङ्घभित्रैका राष्ट्रहरूका निर्यातकताबाट भइरहेको प्रतिस्पर्धा,
- खर्चिलो र झन्झटिलो प्रमाणीकरण प्रक्रिया र
- युरोपेली सङ्घले निर्धारण गरेको परिभाषाका कारण ए.मेलिफेरा बाहेक अन्य मौरीले उत्पादन गरेको मह निर्यातमा आउने अवरोध ।

# महको परिचय र उपादेयता



डा. सुरेन्द्र राज जोशी
बरिष्ठ मह विज्ञ

## परिचय

मौरीले फूलको रस, विरुवाको चोप एवम् हनीड्यू संकलन गरी त्यसमा आफ्ना इन्जाइमहरू मिसाएर प्रशोधन गरी चाकामा भण्डार गरी राखेको गुलियो पदार्थलाई मह भनिन्छ । कोडेक्स एलिमेन्टारिअस कमिसनले परिभाषा गरे अनुसार मह बनस्पतिजन्य प्राकृतिक श्रोतबाट मात्र तयार भएको हुनु पर्दछ । मौरीले चीनी चास्नी, मिठाइ, जाम आदि बाट उत्पादन गरेको महलाई सो परिभाषा अनुसार मह भन्न मिल्दैन । महमा पाइने ग्लुकोज, फ्रुक्टोज, भिटामिन, खनिज पदार्थ जस्ता विभिन्न तत्वहरू स्वास्थ्यका लागि अति नै लाभदायक मानिन्छन् । महको प्रयोग घाउ, खटिरा एवम् रुघाखोकी निको पार्न देखि लिएर आयुर्वेदिक औषधिहरू, मलमहरू तथा श्रृंगारका सामानहरूमा पनि हुने गर्दछ । तर तोकेको मापदण्ड अनुसारको मह नभएमा अर्थात् मिसावटयुक्त महको प्रयोगले भने पखाला लाग्ने, वान्ता हुने, रिङ्गटा लाग्ने जस्ता बेफाईदा पनि हुन सक्छन् । महमा मौरीले थपेका इन्जाइमहरु र बनस्पतिजन्य केहि प्राकृतिक गुणहरु हुन्छन । घारको व्यवस्थापन एवम् मह प्रशोधनका बेला भएका कतिपय त्रुटीले गर्दा महका ती गुणहरू नष्ट हुन सक्छन् । तसर्थ मौरीपालक, मह व्यवसायी र उपभोक्ताहरुले महमा के के तत्वहरु हुन्छन, मह कसरी बन्दछ, यस्मा के के गुणहरु हुन्छन र यसको प्रशोधन, भण्डारण, विक्रि वितरण एवम् प्रयोग कसरी गर्नु पर्दछ भन्ने कुरा थाहा पाउनु अति आवश्यक ठहरिन्छ । ती विषयमा यो लेखले संक्षिप्त जानकारी दिन प्रयास गरेको छ ।

## महमा कुन-कुन तत्वहरू हुन्छन् ?

महमा सामान्यतया १६-१८ भाग पानी, ७५-८० भाग गुलियो पदार्थ र २-९ भाग अन्य रासायनिक पदार्थहरू (भिटामिन, खनिज पदार्थ, एमिनोएसिड आदि) हुन्छन् । महको भण्डारण क्षमता त्यसमा भएको पानीको मात्रामा भर पर्दछ । महमा पाइने मूख्य गुलियो तत्वहरु ग्लुकोज र फ्रुक्टोज हुन । औसतमा महमा फ्रुक्टोजको मात्रा ३५( ४०५ र ग्लुकोजको मात्रा ३०(३५५ प्रतिशत हुन्छ । सापेसति रुपमा पानी भन्दा गुलियो पदार्थ अधिक भएको फ्रुक्टोजका भन्दा ग्लुकोजको मात्रा बढी भएको मह चाँडै जम्दछ, जस्तै: तोरीको मह । चाडै जम्ने महमा फर्मेन्टेसनको सम्भावना अलिकति बढी हुन्छ । पुष्परसबाट बनेको महमा सुक्रोजको मात्रा ५% सम्म हुन्छ भने हनीड्यूबाट बनेको महमा अधिकतम १०% हुन्छ । त्यो भन्दा बढी सुक्रोज भएको महमा शंका उत्पन्न गर्नु पर्ने हुन्छ । या त त्यस्तो मह मौरीलाई प्रशस्त चीनी चास्नी ख्वाएर उत्पादन गरेको हुन सक्छ वा त्यसमा चीनी वा गुड मिसाएको हुन सक्छ । महमा माल्टोज, मेलिसिटोज, एफीलोज आदि नामका गुलियो पदार्थहरु पनि हुन्छन । सामान्यतया हनीड् यूबाट बनेको महमा त्यस्ता गुलियो पदार्थहरुको मात्रा बढी हुन्छ भने पुष्परसबाट बनेको महमा तीनको मात्रा कम हुन्छ । ओलिगो सेकेराइड नामको गुलियो पदार्थ हनीड्यूमा मात्र पाइन्छ । महमा पराग कणहरु पनि हुन्छन । माइक्रोसकोपको सहायताले परागकणहरुको पहिचान गर्न सकेमा महको बानस्पतिक एवम् भौगोलिक श्रोत पत्ता लगाउन सकिन्छ ।

महमा मुख्य ३ किसिमका इन्जाइमहरु हुन्छन । इनमर्टेज नामको इन्जाइमले साधारण सुगरलाई ग्लुकोज र फ्रुक्टोजमा परिणत गराउँछ । ग्लुकोज अक्सीडेजले एन्टीवायोटिक तत्व उत्पादन गर्दछ । डायस्टेज नामको इन्जाइमले माल्टोज तथा अन्य सुगर बन्नमा मद्दत पुर्‍याउछ । महलाई ४०° भन्दा बढी तापक्रममा तताउदा यी सबै इन्जाइमहरु नष्ट हुन जान्छन । एउटा तथ्याङ्क अनुसार महलाई यदि ६०° से.ग्रे. मा तताउने हो भने यसमा भएको इनमर्टेज इन्जाइम ५ घन्टामै नष्ट हुन्छ । तर त्यहि महलाई यदि १०° से.ग्रे. मा भण्डारण गर्ने हो भने २५ वर्ष सम्म पनि त्यति इन्जाइम नष्ट हुदैन । त्यसैले महलाई कहिल्यै पनि तताउनु हुदैन र सम्भव भएमा १०° से.ग्रे. भन्दा कम तापक्रम भएको ठाउँमा भण्डारण गर्नु पर्दछ । महलाई तताएको छ वा छैन भनेर एच एम एफ नामक रासायनिक तत्व को जाँच गर्ने गरिन्छ । नतताएको महमा यसको मात्रा ४० मि. ग्रा. प्रति कि. ग्रा. भन्दा कम हुन्छ ।

## महको महत्व एवम् गुणस्तर निर्धारण गर्ने आधारहरू

महलाई संस्कृतमा मधु, जर्मनमा होन्गी (Honig), इटलियनमा मएिले (Miele), उर्दुमा सहद् (Shahad), फ्रेन्च र सपनशिमा मएिल (Miel) भन्ने गरिन्छ । यी नाम हरुको शाब्दिक अर्थ मिठो र अनुपम भन्ने हुन्छ । सबै धर्म, संस्कृति र परम्परामा महको उच्च स्थान छ । त्यो महत्वलाई कामय राख्न् मह काढ्दा, प्रशोधन गर्दा, भण्डार गर्दा एवम् विक्रि वितरण गर्दा पूर्ण सावधानी अपनाउनु पर्ने हुन्छ । मौरी पालकले घारको स्थिति, चरनको उपलब्धता र त्यस ठाउँको हावापानीलाई मध्य नजर राखेर मह काढ्ने गर्नु पर्दछ । महमा पानी सोस्ने गुण (Hygroscopic) हुने भएकाले मह प्रशोधनका लागि आवश्यक पर्ने सबै भाँडा सुख्खा राख्नु पर्दछ । महलाई सिधा आगोमा वा घाममा कहित्यै पनि तताउन हुँदैन । मह जति ताजा (Fresh) हुन्छ त्यति राम्रो हुन्छ । महमा भएको प्राकृतिक वास्ना नष्ट नहोस् र यसको रासायनिक संरचना पनि यथावस्थामै रहिरहोस् भन्नका लागि महमा कुनै पनि किसिमको मिसावट गर्नु हुँदैन । महलाई खानेतेल, मट्टितेल, पेट्रोल, विषादी, रक्सी, औषधि वा अन्य कडा वास्ना आउने वस्तु राखेको भाँडामा अथवा फलाम, टीन आदि खिया लाग्ने धातुको भाडामा राख्नु हुँदैन । भण्डारण गर्नु पर्ने महमा पानीको मात्रा २०% भन्दा कम हुनु पर्दछ । पानीको मात्रा बढी भएमा व्याक्टेरिया, ढुसी, यीस्ट, अल्गी र परागकण जस्ता महमा पाइने जीवित तत्वहरू सक्रिय हुन थाल्दछन् र महलाई विगार्दछन् । प्रायजसो वढी पानी भएको महमा यीस्ट (yeast) चाँडो बद्ने र हुर्कने मौका पाउछन र त्यसलाई अमिल्याउने कार्य (फर्मेन्टेसन) गर्दछन । तिनले महमा पाइने सुगरलाई टुक्र्याएर अल्कोहल र कार्वनडाइअक्साइड उत्पादन गर्दछन्, जसका कारण महमा रक्सी जस्तो गन्ध र पानीको जस्ता फोका (Bubbles) आउँछन् । त्यसले गर्दा मह राखेको भाँडाको विर्को आफै खुल्ने र मह पोखिने डर हुन्छ ।तर महको रासायनिक संरचना र यसमा पाइनृ इन्जाइमका कारणले गर्दा ताजा महमा भने ती तत्वहरू निस्क्रिय अवस्थामा रहेका छन् ।

सामान्यतया मानिसले महको रङ, वास्ना र स्वादलाई नै सबैभन्दा बढी महत्व दिने गर्दछन् । तर तिनका आधारमा महको गुणस्तर निर्धारण गर्न भने निकै गाऱ्हो पर्दछ । हरेक मानिसले फरक-फरक किसिमको स्वाद मन पराउँछन् । महको रङ, वास्ना, स्वाद र चिपचिपेपन वानस्पतिक श्रोतमा भर पर्दछ । जस्तै रिठ्ठा, निम, फापर, हनीड्यू आदिबाट बनेको मह कालो रङको हुन्छ, कागती, सुन्तला, चीउरी आदिबाट बनेको मह सेतो रङको हुन्छ भने सूर्यमुखीबाट बनेको मह सुनौलो रङको हुन्छ । त्यस्तै तोरीको मह छिट्टै जम्ने खालको हुन्छ भने क्लोभरको मह नौनी जस्तो हुन्छ । धेरै मान्छेले जमेको महलाई चीनी मिसाएको मह भन्ने गर्दछन तर यो गलत धारणा हो । मह जम्ने सामान्य प्राकृतिक प्रकृया हो । जमेको महको भाडालाई तातो पानीमा राखेमा त्यो तरल बन्दछ र तरल महमा अलिकति जमेको मह राखेर चलाएमा त्यो जम्न पनि सक्दछ । महको गुणस्तर नियन्त्रणका लागि विभिन्न देशहरुले आ(आफ्ना मापदण्डहरु बनाएका हुन्छन । नेपालले पनि महको गुणस्तर निर्धारणका लागि गुणस्तर परिधि तोकिदिएको छ (नेपाल राजपत्र भाग ३ खण्ड ५० संख्या ४२, २०५७) तर यसलाई अर्न्तराष्ट्रिय मापदण्ड अनुसार अध्यावधिक गर्न भने सकिएको छैन । विश्व खाद्य संगठनको कोडेक्स एलीमेन्टारिअस कमिसन (Codex Alimentarius Commission) ले महको गुणस्तर निर्धारण गर्न देहाय बमोजिमको स्पष्ट मापदण्डको व्यवस्था गरेको छ ।

| निर्धारणको आधारहरू | निर्धारण गर्ने विधि | मापदण्ड |
|---|---|---|
| मह राखेको भाँडा | आँखाले हेरेर | भाडामा टासेको लेवल अनुसारको तौल भएको, मह अलग अलग तहमा नछुट्टिएको एवम् धेरै पातलो नदेखिने |
| शुद्धता | आँखाले हेरेर | महमा मौरीका पखेटा, खुट्टा, मैन आदि विकारहरु नतैरिएको |
| बास्ना | नाकले सुँघेर | नमीठो एवम् नराम्रो गन्ध नभएको |
| स्वाद | जिब्रोले चाखेर | तितोपन, अम्लीयपन तथा जिब्रो विगार्ने किसिमको स्वाद नभएको |
| पानीको मात्रा | कोडेक्स एलीमेन्टारिअस कमिसन ले तोकेको विधि अनुसार प्रयोगशालामा | महमा पानीको मात्रा २०% भन्दा कम हुनुपर्छ |
| मह पकाएको छ वा छैन भनेर HMF जाँच गर्ने | | महमा HMF को मात्रा ४० मि.ग्रा र प्रति कि.ग्रा हुनुपर्छ |
| महको वानस्पतिक श्रोत | | लेवलमा उल्लेख भएको ठाउँ एवम् वानस्पतिक श्रोतसँग मिल्ने पराग कणहरु भेटिनु पर्दछ |
| चीनी, खुदो, गुण मिसाएको छ, छैन भनेर Sucrose जाँच गर्ने | | महमा सुक्रोजको मात्रा ५% (५ ग्रा प्रति १०० ग्रां) भन्दा कम हुनु पर्दछ |
| ग्लुकोज र फ्रुक्टोजको मात्रा, इनजाइम, एमिनो एसिड आदि | | तोकेको मापदण्ड अनुसार |

### महको प्रयोग

महको प्रयोग पौष्टिक आहरका रुपमा, साँस्कृतिक चाडपर्वहरु र धार्मिक संस्कारमा प्रयोग हुने पञ्चमृत तथा मिष्ठान्न भोजनका साथै मानव शरीरमा लाग्ने कतिपय रोगको उपचारको लागि गर्ने गरिन्छ । रुघाखोकीको औषधिका लागि मात्रै पनि विश्वभरीमा २०० टन भन्दा बढी महको प्रयोग भैरहेको तथ्य प्रकाशमा आएको छ । चोटपटक लागेको, घाउ खटिरा भएको एवम् जलेको ठाउँमा लगाउन तथा ड्रेसिंङ गर्न पनि महको प्रयोग हुने गर्दछ । महले ढुसी र ब्याक्टेरिया जस्ता रोगका किटाणुहरूलाई नष्ट गर्ने हुँदा यसलाई एन्टिवायोटिक र एन्टिसेप्टिक (प्रतिजीवी)का रूपमा पनि प्रयोग गर्ने गरिन्छ । आयुर्वेदिक औषधिहरू, मलमहरू तथा श्रृंगारका सामानहरूमा पनि महको प्रयोग हुने गर्दछ । महको साईड इफेक्ट नहुने हुनाले हरेक बिक्रेताले दैनिक रुपमा मह खादाँ स्वस्थ र स्फुर्त रहन सकिन्छ । वयस्क मानिसले एकदिनमा १००-१५० ग्रा र बच्चाहरुले ३०-५० ग्राम सम्म मह खान मिल्छ ।

### महले एन्टीवायोटिकको काम कसरी गर्दछ ?

१. महमा उच्च रसाकर्षण चाप (high osmotic pressure) हुन्छ । महमा पानीको मात्रा निकै कम हुने भएकोले यसलाई ग्लुकोज र सुक्रोजको पूर्ण संतृत घोल पनि भन्ने गरिन्छ । त्यसैले घाउ वा खटीरामा मह लगाउँदा त्यसमा भएका ढुसी, ब्याक्टेरिया एवम् अन्य किटाणुहरुको शरीरको पानी महले सोसी दिन्छ र तिनीहरुलाई मारी दिन्छ ।

२. महमा अम्लीयपन ज्यादा हुन्छ । महमा निकै कम पी एच (pH) मान हुने भएकोले कतिपय ब्याक्टेरियाहरु यसमा बाच्न सक्दैनन् । सामान्यतया महमा पीएइचको मान ३.२ देखि ४.५ सम्म हुन्छ जबकी अधिकांस ब्याक्टेरियालाई बाच्नको लागि पीएचको मान ६ भन्दा बढी हुनु आवश्यक हुन्छ ।

३. महमा ब्याक्टेरियाको बृद्धि विकासमा रोकावट पैदा गर्ने इनहिविन तत्व पाइन्छ । महमा ग्लुकोज अक्सिडेज नामको इनजाइम पाइन्छ जसबाट हाइड्रोजन पर अक्साइड र ग्लुकोनिक एसिडको उत्पादन हुन्छ । हाइड्रोजन परअक्साइडले ब्याक्टेरियाको बृद्धि विकासमा रोकावट पैदा गर्दछ । महलाई पकाउदा, तताउदा वा घाममा राख्दा सो इनजाइम नष्ट हुन जान्छ र त्यस्तो महमा इनहिविन तत्व पनि रहदैन ।

४. महमा एन्टीवायोटिकको काम गर्ने बनस्पतिजन्य रसायनहरु हुन्छन् । जस्तैः टर्पीन्स, पीनो सिम्ब्रीन, बेन्जाइल अल्कोहल । कुनै बिरुवाको पुष्परसबाट बनेको महमा त्यस्ता तत्वहरु बढी भेटिन्छन भने कुनै महमा त्यस्ता तत्वहरु कम भेटिन्छन ।

नेपाल मौरीपालन महासंघले प्रकाशन गर्न लागेको सुचनामूलक मौरीपालन डाईरेक्टरी-२०७२ को लागि पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु ।

अध्यक्ष
मिनराज घिमिरे
मो.: ९८५७८३२९५३

अम्बिकेश्वरी मौरी पालन सहकारी संस्था
घोराही-११, दाङ

नेपाल मौरीपालन महासंघले प्रकाशन गर्न लागेको सुचनामूलक मौरीपालन डाईरेक्टरी-२०७२ को लागि पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु ।

अध्यक्ष
लिलबहादुर राना
९८५८०४२०१४

जनकल्याण बहुउद्देशीय सहकारी संस्था
कोहलपुर, बाँके

# संरक्षणको पर्खाइमा नेपालको आदिवासी मौरीका जातिहरू :



खेमराज न्यौपाने (पि.एच.डी, एपिकल्चर)
सह-प्राध्यापक, कृषि तथा वन विश्वविद्यालय

## परिचय

नेपालको हावापानी र बानपतिक विधिता मौरीको जीवन चर्याको लागि उपयुक्त भएको हुनाले संसारमा पाइने सबै जातका मौरीहरू प्राय: सबै जसो नेपालमा पाइन्छन् । उच्च पहाडी क्षेत्रमा भीरमौरी, मध्यपहाडी क्षेत्रमा कठ्यौरी मौरी, तराई क्षेत्रमा सिगुसर तराईदेखि उच्च पहाडी क्षेत्रमा स्थानीय घरपालुवा मौरी सपिस सेरेनाका विभिन्न उपजातिहरू अनादीकालदेखि एक आपसमा क्षेत्रीय भागवण्डा गरी मिलेर बस्दै आएका छन् । यस बाहेक खिल रहित मौरी (Stingless bees) जस्तै Trigona तथा Melipona का विभिन्न उप-जातिहरू पनि नेपालको मध्य क्षेत्रमा पाइने गर्दछन् । माथि उल्लेखित मौरीका सबै जाति तथा उपजातिहरू नेपालको आदिवासी मौरीका जातिमा पर्दछन् । युरोपेली मौरी एपिस् मेलिफेरा बाह्य देशबाट ल्याईएको मौरी हो जुन हाल तराई तथा भित्री मधेशमा व्यावसायिक मह उत्पादनका लागि लोकप्रिय बन्दै आएको छ । युरोप, अमेरिका, अफ्रिका, अष्ट्रेलिया महादेशहरूमा मौरीको एउटा जाति एपिस मेलिफेरा मात्र पाइन्छ । संसारमा हालसम्म पत्ता लगाईएका मौरीका जातिहरू मध्ये एपिस मेलफेरा बाहेक भीर मौरी, सिंगुस मौरी, सेरेना मौरी, कठैयारी मौरी एपिस निग्रोन्सिन्टाटा आदि जातका मौरीहरू यी महादेशहरूमा पाइदैनन् । मौरीको विकास क्रममा एपिस मेलिफेराको उत्पति पनि एसिया महादेशबाट एपिस सेरेना हिमालयको ट्र्याक हुँदै अफ्रिका तथा युरोपमा गएर भएको भन्ने छ ।



कठ्यौरी मौरी

यसबाट के पुष्टि हुन्छ भने संसारमा मह उत्पादनको दृष्टिले महत्वपूर्ण ठानिएका सबै मौरीको उत्पत्ति स्थल एसिया प्रान्त त्यसमा पनि दक्षिण पूर्वी एसिया नै ठानिएको छ । नेपाल, भारत, भुटान, इन्डोनेसिया, मलेसिया विशेषत : संसारमै मौरीको जातीय विविधताले धनी देशहरू मानिन्छन् । नेपालका आदिवासी मौरीका विभिन्न जातहरू नेपालको विभिन्न भौगोलिक क्षेत्रमा बाँडिएर बसेका हुनाले यिनीहरूबाट हामी मानव जातिलाई प्राप्त हुने प्रत्यक्ष तथा अप्रत्यक्ष फाईदाहरू हामीले सोचेभन्दा धेरै गुना बढी छन् ।



सिंगुस मौरी

मह, मैन, कुट, शाही खुराक तथा मौरी विष उत्पादनबाट प्रत्यक्षरूपमा आर्थिक तथा स्वास्थ्य लाभ गर्न सकिन्छ भने यी मौरीले हुने पराग सेचनबाट किसानहरूको बालिनालीको उत्पादन र गुणस्तरमा धेरै गुना वृद्धि हुनुका साथै जैविक विविधता संरक्षण गर्न र वातावरण शुद्धिकरण गर्न ठूलो भूमिका खेल्दछन् । हाम्रा स्थानीय मौरीका जातिहरूबाट हामीलाई प्राप्त हुने यस्ता सेवाहरूको मूल्य अकल्पनीय छ । मौरीबाट प्राप्त हुने यस्ता अमूल्य सेवाहरू अनादीकालदेखि हामीले नि:शुल्क प्राप्त गर्दै आएका छौं । तर चेतनाको कमीका कारण हाम्रै गतिविधिले गर्दा हाम्रो देशका यस्ता मौरीका अमूल्य आदिवासी जातिहरू जोखिममा पर्दै गएका छन् । मानव जातिको अस्तित्व बनस्पतिसँग जोडिएको छ भने बनस्पतिको अस्तित्व मौरीसँग जोडिएको छ । यसले के पुष्टि गर्दछ भने मानिस मौरी र बनस्पतिको बीचमा अनोन्याश्रित सम्बन्ध सृष्टिको सुरु देखि नै कायम रहँदै आएको छ । एउटाको अनुपस्थितिमा अर्को बाँच्न सक्दैन । यस्तो गम्भिर कुरालाई हामीले राम्रोसँग बुझ्नु नसक्दा हाम्रा घनिष्ठ मित्र आदिवासी मौरीका जातिहरू लोप हुन सक्ने



सेरेना मौरी

## बढ्दो विषादीको प्रयोग

किसानहरूले आफ्नो खेतीवालीलाई किरा तथा रोगबाट बचाउन विषदीहरूको प्रयोग गर्ने चलन बढ्दै गएको छ । यस्ता विषादीहरू मौरी चर्न जाँदा प्रत्यक्ष तथा अप्रत्यक्ष किसिमले मौरीको सम्पर्कमा आउने हुँदा थुप्रै चर्न गएका मौरीहरू चरन क्षेत्रमै तथा बाटोमा तथा आफ्नो गोलामा आएपछि मर्दछन् । कडा खालका विषादीहरूको सम्पर्कमा परेका मौरीहरू यदी चरन पश्चात आफ्नो गोलामा फर्कन सफल भए भने गोलाका अन्य वयश्क तथा बच्चा मौरी पनि मर्न सक्ने धेरै सम्भावना हुन्छ । नेपालको मुख्य मौरी चरन भनेको तोरी, च्युरी, फापर, लिचि जङ्गल आदि हुन् । तोरी र लिचीमा विशेषत: फूल फुलेको बेला कतिपय कृषकहरूले २/३ पटकसम्म कडा खालका विषादी प्रयोग गर्ने गरेको पाइन्छ जसका कारण असंख्य मौरीहरू मर्न गई गोला नै नष्ट हुने गरेको छ । यदि यसरी अनियन्त्रित किसिमले विषादीको प्रयोग बढ्दै जाने हो भने हाम्रा आदिवासी मौरीका अमूल्य जातिहरू मासिन गई विभिन्न प्रकारका जटिल समस्याहरू पक्का आउने छन् ।

## मौरी बासस्थान र चरन क्षेत्रको बढ्दो विनाश

अनियन्त्रित प्रकारले बढ्दो जङ्गल फडानी, परिवर्तित खेती प्रणाली, सहरीकरण, औद्योगिकरण आदि विभिन्न कारणले गर्दा नेपालमा मौरीका बासस्थानहरू मासिनुका साथै मौरीको चरन क्षेत्र पनि घट्नेक्रम तीव्र गतिमा भइरहेको छ । नेपालको तराई क्षेत्रमा ठूला-ठूला सिमलका रुखहरू मासिनाले सिंगुस मौरीको आगमनकमा कमी हुन गई वालि नालीको उत्पादनमा गिरावट आउनु तथा मह, मैन संकलनमा पनि नकरात्मक असर हुनु यसको एउटा ज्वलन्त उदाहरण हो ।

## जङ्गलमा लाग्ने डढेलो

चैत्र, वैशाखको खडेरीमा जङ्गलमा लाग्ने डढेलोले मौरीको चरन क्षेत्र मात्र मासिने नभई कतिपय मौरीका गोलाहरू आगोले डढेर नष्ट हुन्छन् र कतिपय मौरी गोला छोडेर अन्यत्र भाग्दछन् जसले गर्दा हाम्रा आदिवासी मौरीका जातिहरू छिटै लोप हुन सक्दछन् । नेपालको जङ्गलमा पहिला सहजै पाइने कठ्यौरी मौरी हाल आएर विरलै पाइनुमा जङ्गलमा लाग्ने डढेलो प्रमुख कारण हो । कठ्यौरी मौरी सबैभन्दा साईजमा सानो हुनाले ठूला मौरीले परागसेचन गर्न नसक्ने फूलहरूमा पराग सेचन गर्न यो जातको मौरीको भूमिका गहन हुन्छ । तर यो मौरी करिव लोप हुने अवस्थामा पुगेको हुनाले यसलाई संरक्षण र सम्वर्द्धन गर्न नितान्त आवश्यक छ । अन्यथा पराग सेचनको लागि यो जातिको मौरीमा भर पर्ने वनस्पतिको वंश पनि विस्तारै नास भएर जाने छ र प्रकृतिमा जुन जीव तथा वनस्पतिहरू बीचको सन्तुलन कायम रहँदै आएको छ त्यसमा परिवर्तन हुन गई नयाँ नयाँ अकल्पनीय समस्याहरू थपिँदै जाने छन् ।



ट्रिगेना मौरी

## अवैज्ञानिक मह शिकार

मौरी नेपाली कृषकहरूको अभिन्न अंग अनादीकालदेखी बन्दै आए तापनि नेपालमा मह काढ्ने उन्नत प्रविधिको जानकारीको कमीका कारण घर पालुवा होस् या जङ्गली मौरीको गोला, तिनीहरुमा अवैज्ञानिक तरिकाले मह काढ्ने प्रचलन छ । विशेषत: मह काढ्दा गोलामा भएका प्राय : सबै चाका (बच्चा सहति) निकाली दिनुले मौरीहरू छिटो नष्ट हुने गरेका छन् । नेपालको उच्च पहाडी क्षेत्रमा पाइने भीरमौरी तराई क्षेत्रमा पाइने सिगुस तथा खाग मौरी र घरपालुवा मौरी सेरेनाको सङ्ख्या घट्दै जानुको प्रमुख कारणहरू मध्ये अवैज्ञानिक मह शिकार पनि एउटा हो । यस बाहेक मह शिकार गर्नुभन्दा पहिला धेरै धुवाँ लगाउनु तथा आगो लगाएर मौरी डढाउनु पनि मौरी माँसिदै जानुको कारणहरू हुन् ।



बिषादी प्रयोग गरेको

## प्रदुषित वातावरण

उद्योग, कलकारखाना, सवारी साधन आदिबाट निस्कने धुवाँ, धुलो आदिका कारणले हाम्रा आदिवासी मौरीका जातिहरूमा नकरात्मक असर पर्दै आएको छ । मौरी एउटा यस्तो संवेदनशील जीवित प्राणी हो जुन स्वच्छ प्राकृतिक वातावरणमा मात्र बाँच्न सक्दछ । दुषित वातावरणले मौरीमा अनपेक्षित विभिन्न प्रकारका रोगहरू लाग्नुका साथै यिनीहरूको दैनिक चरन कार्यमा पनि नकरात्मक असर पर्दछ । यसको अलावा धुलो, धुवाँ आदिका कारण फूलको रस तथा पराग समेत प्रदुषित हुने हुँदा मौरीहरू यसतर्फ आकर्षित हुँदैनन् जसले गर्दा पराग सेचनमा कमी आउनुका साथै मह र मौरी उत्पादनमा पनि कमी आउँदछ ।

## जलवायु परिवर्तन

जलवायु परिवर्तनले प्राणी जगतमा परेको असर हिजो आज संसारै भरी विशेष चर्चाको विषय बन्दै आएको छ । मौरी पनि यस्तो एउटा जीवित प्राणी हो जसको जीवनक्रिया/चर्चा जलवायुसँग अति संवेदनशील हुन्छ । सानो तिनो जलवायुमा आएको परिवर्तनले पनि मौरीको जीवनमा ठूलो असर गर्दछ । जलवायु परिवर्तनले विशेषत मौरीको चरन कार्यमा र वनस्पतिको फूल फुल्ने प्रकृया तथा समयमा प्रत्यक्ष असर पार्दै आएको छ । तापक्रममा आएको वृद्धि लामो समयसम्म झरी, वादल हुरी, वतास आदिका कारण मौरी चरनमा जाने कार्यमा कमी हुँदै आएको पाइन्छ । जलवायु परिवर्तनकै कारण वनस्पतिहरुको फूल फूल्ने समय भन्दा पहिला फुलिदिनु, छोटो समय मात्र फुल्नु तथा कम फुल्नु र फुलहरूमा रस तथा पराग उत्पादनमा समेत गिरावट आउनु मौरीको लागि चुनौतिको विषय बनेको छ । यस बाहेक जलवायु परिवर्तनकै कारण मौरीमा नयाँ नयाँ रोग तथा शत्रुहरुको समस्य पनि बढ्दै गएको छ । तसर्थ हाम्रा यी बहुमुल्य आदिवासी मौरीका जातिहरुलाई परिवर्तित जलवायुको असरबाट बचाई राख्न हामी माथि ठूलो जिम्मेवारी आएको छ ।

## अनपेक्षित समस्याहरु थपिदै जानु

मानव जातिले प्रकृत्तिमाथि गरेको आक्रमणका कारण यस पृथ्वीमा धेरै प्रकारका अनपेक्षित समस्याहरु जीवित प्राणी माथि थपिदै आएका छन् । भूमण्डलीय जलवायु परिवर्तन यसको एउटा प्रमुख उदाहरण हो । जसका कारण हरेक प्राणीले परिवर्तित जलवायुमा आफूलाई बचाई राख्न आफ्नो विभिन्न आचरणमा पनि परिवर्तन गर्दै आएको पाइन्छ । उदाहरणका लागि सिगुस मौरीमा केही बर्ष कुनै समस्याको रुपमा नदेखिएको चील चरा हाल आएर सबै भन्दा ठूलो शत्रुको रुपमा देखा परेको छ । चील चराको आहारको कमीका कारण आफू बाँच्नको लागि सिँगुस मौरीको गोलामा आक्रमण गरी मैन, वच्चा, मह खाने र गोला नष्ट गर्ने गरेको छ । यस चराको नियमित आक्रमणका कारण सिँगुस मौरी बाँच्नका लागि बच्चा मह आदि सबै छोडी गोला लागेर अन्यत्र जाने गरेका छन् । अन्यत्र गएर गोला बनाउन थाले पनि चिलले पुन: त्यहाँ पनि आक्रमण गर्ने हुँदा यसलाई गोला बृद्धि गर्न समस्या हुने गरेको छ । जसका कारण सिँगुस मौरी लोप हुन सक्ने अवस्था आएको छ । चिलकै आक्रमणका कारण सिँगुरा मौरी ज्यादै रिसाहा हुने हुँदा यिनीहरुको गोला वरिपरि कुनै पनि मानिस पशु आदि देखेमा गोलै खनिएर आक्रमण गर्दा ठूलो समस्या आउन थालेको छ । यस्तो असाधरण परिस्थितिबाट बच्न मानिसले यस्ता सिँगुसका गोलालाई आगो लगाएर जलाई दिने गरेका छन् । यो त एउटा उदाहरण मात्र हो । यस्ता अन्य थुप्रै नयाँ समस्याहरु मौरीमा थपिदै गएका छन् । Colony Colaspe Disorder (CCD) हाल अमेरिका, युरोप, आदि देशहरुमा पाइने मौरीमा नयाँ चुनौति बनेको छ । हाम्रो क्रियाकलापबाट नै प्रकृतिमा आएको असन्तुलनलाई अब हामीले नै सुधार्नु पर्दछ । मौरीका महत्वपूर्ण जातिय विविधता हाम्रो देश नेपालमा हुनु भनेको नेपाललाई ठूलो वरदान हो । यस्ता अमूल्य प्राकृतिक वरदानलाई अब हामीले लोप हुनबाट जोगाउनु नितान्त आवश्यक छ । यसको लागि प्रथमत: हामी सबैमा मौरीबाट प्राप्त हुने महत्वबारे चेतना र सही जानकारी हुनु आवश्यक छ । सरकारी तथा गैरसरकारी निकायबाट हाम्रा आदिवासी मौरीका सबै जातिहरुको संरक्षण र सम्बर्द्धन गर्ने कार्यक्रमहरु सफलताका साथ सञ्चालन हुन पनि उत्तिकै आवश्यक छ ।



भीर मौरी

# मौरीमा लाग्ने प्रमुख रोगहरु र तिनको व्यवस्थापन



साबित्री बराल
मौरी विज्ञ

अन्य जीवहरुमा जस्तै मौरीमा पनि विभिन्न किसिमका रोगहरुले दुख दिने गरेको पाइएको छ । मौरीको जीवनचक्र चार अवस्थामा पूरा हुने भएतापनि रोग सङ्क्रमण हुने मुख्य अवस्था भने छाउरा (लार्भा) र वयस्क हुन् । छाउरा अवस्थामा लाग्ने रोग र वयस्कअवस्थामा लाग्ने रोग फरकफरक छन् र एउटा अवस्थाका रोगले अर्को अवस्थालाई सामान्यतया असर गर्दैन । तर छाउरा अवस्थामा लाग्ने रोगहरु तुलनात्मक रुपमा बढि आक्रामक देखिन्छन् । मौरीको वयस्क अवस्थामा लाग्ने रोग भन्दा छाउरा अवस्थामा लाग्ने रोगहरु पहिचान गर्न जति सजिलो छ नियन्त्रण गर्न त्यति नै कठिन छ । छाउरा अवस्थामा लाग्ने रोगका कारक तत्वहरुमा ब्याक्टेरीया, भाईरस र ढुशि पर्दछन् । ठाउँ र स्थान विशेष मौरीमा लाग्ने रोगहरुको फरक बाहुल्यता रहेको देखिन्छ । यस अध्यायमा नेपालमा लाग्ने प्रमुख रोगहरुको बारेमा जानकारी दिने प्रयास गरिएको छ ।

### छाउरा अवस्थामा लाग्ने प्रमुख रोगहरू निम्न छन् :

#### क. ब्याक्टेरीयल

१. अमेरिकन फाउल ब्रुड (Americal foulbrood/AFB): **नेपालमा हालसम्म नदेखिएको ।**

२. युरोपियन फाउल ब्रुड(European foulbrood/EFB)

#### ख. फँगल

१. **चक ब्रुड** (Chalk brood): **नेपालमा हालसम्म नदेखिएको ।**

२. **स्टोन ब्रुड** (Stone brood): **नेपालमा हालसम्म नदेखिएको ।**

#### ग. भाईरल

१ **थाईस्याक ब्रुड भाईरस** (SAC brood and Thaai-Sac brood virus)

### युरोपियन फाउल ब्रुड (EFB)

युरोपियन फाउल ब्रुड, मेलिसोकोकस् प्लुटोन (Melissococcus pluton) नामक ब्याक्टेरियाको सङ्क्रमणबाट लाग्दछ । यो जीवाणुले नयाँ (४–५ दिन उमेरका) लार्भाहरूको पेटमा सङ्क्रमण गर्दछ र छिटोछिटो आफ्नो सङ्ख्या वृद्धि गरी लार्भालाई मारिदिन्छ । छाउराहरु खुला कोषमा मरिरहेका हुन्छन् किनकी संक्रमित छाउरा भएको कोषलई कर्मि मौरीले टाल्दैन त्यसैले यो रोगको अर्को नाम नै खुला कोषमा छाउरा मर्ने रोग हो । छाउराको पेटभरि जीवाणु फैलिएर छाउरा कुहिन्छन् । सङ्क्रमित लार्भाको दिसाबाट जीवाणुहरू बाहिर निस्कन्छन् । तत्पश्चात् वयस्क मौरीले छाउरालाई खाना खुवाउँदा र कोष सफा गर्ने क्रममा रोग फैलाउँदछ । यो रोग फैलँदा गोला कमजोर हुने र नासिने गर्दछन् । युरोपमा मेलिफेराबाट यो रोग फैलिएको भए तापनि नेपालमा यस रोगले मेलिफेरा र सेराना दुवै मौरीलाई समय–समयमा नराम्रो क्षति पुऱ्याउँदै आएको छ ।

### रोगको लक्षण र पहिचान :

- महप्रवाहको मौसममा गोला कमजोर हुनु र मौरीको सङ्ख्या घट्दै जानु ।
- मौरीका घार भित्र तथा बाहिरका क्रियाकलापहरू र सक्रियता क्रमश कम हुँदै जानु ।
- घारको प्रवेशद्वारअगाडि मरेका लार्भाहरू देखिनु वा मौरीले घार भित्रबाट घिसारेर बाहिर फाल्दै गरेको देखिनु
- छाउराको रङ बिस्तारै परिवर्तन भई पहेंलो-खैरो र खरानी रङको हुनु



### संक्रमित लार्भाको रङ्ग क्रमश परिवर्तन भएको

- लार्भाका श्वासनलीहरू (TRACHEAE) पारदर्शी हुनु ।
- लार्भाको बसाइ असामान्य (तन्किएर) हुनु ।
- खुला कोषमा लार्भाहरू मर्नु ।
- कुहिएका लार्भाहरूबाट ह्वास्स नमिठो गन्ध आउनु ।
- छाउरा क्रम (Brood Pattern) माएकरूपता नहुनु ।

- कुहिएका लार्भाहरू लस्सादार र सुकेपछि पाप्रा परेर कोषको भित्तामा टाँसिन्छन्, जसलाई मौरीले सजिलै हटाउन सक्तैनन् ।



### रोग फैलने कारणहरु

- गोला भित्र एक फ्रेमबाट अर्को फ्रेममा रोग सर्ने प्रमुख कारण नर्स मौरीको क्रियाकलाप हो । मौरीले छाउरालाई खाना खुवाउंदा वा कोष सफा गर्दा रोग फैलिनमा सहयोग पुग्छ । अन्य कारणहरुमा
- घारहरु बिच फ्रेम हेरफेर
- मौरीखर्कमा हुने लुटलडाई
- स्वस्थ गोलामा दुषित हात र संक्रमित उपकरणहरुको प्रयोग
- हुलनिर्यास भएर वा गृहत्याग गरेर बाहिरबाट आएको गोलाले मौरीखर्कमा प्रवेश पाउनु
- संक्रमित चरनमा स्वस्थ गोलाका मौरी जानु र स्पोर बोकेर आउनु आदी पनि रोग फैलने कारणहरु हुन् ।



### नियन्त्रण र व्यवस्थापन:

रासायनिक औषधि प्रयोग गर्नु साटो निम्नबमोजिमको व्यवस्थापनगरेर रोग नियन्त्रण गर्नु राम्रो हुन्छ । एन्टिबायोटिकको प्रयोगले महको गुणस्तर बिग्रने र बजार व्यवस्थापनमा मात्रै असर पर्ने नभै लगातारको औषधी प्रयोगलेकारक जीवाणुको एन्टिबायोटिक प्रतिरोधात्मक क्षमता बढ्दै जान्छ र सो औषधीकालान्तरमा अप्रभावकारी हुन्छ । त्यसकारण निम्नानुसारको व्यवस्थापन गर्नु राम्रो हुन्छ :

- हर संभव १२ महिना नै गोला मजबुत बनाएर राख्न प्रयास गर्ने । एउटा गोलामाकम्तिमा६ फ्रेमभन्दा बढी छाउराचाका भयो भने गोला मजबुत मानिन्छ ।
- मौरीले नढाकेका चाका, काला पुराना चाकाहरू घारबाट हटाउने र मौरीले ढाक्न सक्ने चाकाहरूमात्र घारमा राख्ने ।
- खाना अभाव हुन नदिने ।
- हरेक वर्ष रानु फेर्ने ।
- नियमित अवलोकन, निरीक्षण गर्ने ।
- रोगले सङ्क्रमण गरेमा, नयाँ घारमा मौरी टक्टक्याएर चाकाहरू र रानु फेर्ने ।
- मौरीगोलालाई छाउराविहीन बनाउन ११-१४ दिन सम्म रानुलाई पिँजडामा थुनेर घार भित्रै राख्नसके रोगको चक्र बिचमै तुहिन्छ र आफै नियन्त्रण मा आउंछ
- रोग सर्न सक्ने अन्य कारणहरु प्रति संभवभएसम्म सजग रहने ।

तर अत्यधिक संक्रमण भएमा ५०० यम. जि. अक्सिटेट्रसाईक्लिन वा टेरामाईसिन प्रतिलिटर चास्निको अनुपातमा तयार गरेर तीन चार दिनको फरकमा ३ पटक रोगी गोलाहरुलाई खुवाउने । यसरी तयार गरिएको चिनि चास्नि मौरीको संख्या हेरेर करिव ५ गोलालाई दिन सकिन्छ संक्रमित घार, फ्रेम तथा ओजारलाई २ प्रतिशत नाईट्रिक एसिड वा नुन पानीले उपचार गरेर प्रयोग गर्नु पर्दछ ।

### थाईस्याक ब्रुड (Thai-sac brood)

यो सेराना मौरीमा लाग्ने मुख्य छाउरा रोग हो । यो रोग Sac brood virus को प्रजातीद्वारा लाग्दछ । भाइरसका जीवाणुले लार्भाको पेटमा सङ्क्रमण गर्दछ । लार्भाको पेटमा यी जीवाणु हुर्किन्छन्, वृद्धि हुन्छन् र दिसासँगै बाहिर निस्कन्छन् । वयस्क मौरीहरूले सफा गर्ने र खाना खुवाउने क्रममा रोग फैलिन्छन् । जब लार्भा प्युपा अवस्थामा प्रवेश गर्छ र मौरीले कोष टालिदिन्छन् तब छाउराहरु मर्छन् । यो रोग थाइल्यान्डमा सन १९७६ मासेराना मौरीबाट सुरु भयो र सन् ८० को दशकमा नेपालमासमेत महांमारी फैलाएर करिब ९० प्रतिशत भन्दा बढी मौरीगोलाहरू नष्ट भएका थिए । केही बचेखुचेका गोलाहरु बाट बृद्धि भएर हाल recoverp भएको अवस्था छ । बचेका मौरीमा यो रोग खप्न सक्ने क्षमता केही वृद्धि भएको हुन्छ तापनि गोला कमजोर हुने र गृहत्याग गर्ने संभावना रहन्छ ।

### लक्षण र पहिचान:

- लार्भाको रङ परिवर्तन भएर फिक्का पहेंलो, बिस्तारै खैरो र पछि कालो हुने गर्दछ ।



मरेका लार्भा कोषमा ठडिएर बसेको अवस्था



कोष भित्र मरेको लार्भा चिम्टिले झिक्दा थैलो जस्तो देखिएको

- सङ्क्रमित लार्भाको बाहिरी छाला नरम भई फुल्छ र थैली (Sac) बन्छ । सो थैलीभित्र हल्का पहेंलो खैरो झोल पदार्थ भरिएको हुन्छ ।
- चिम्टीले रोग ग्रसित लार्भा हल्कासँग कोषबाट झिकेर हेर्दा थैली जस्तो देखिन्छ ।
- यस्तो थैलो भित्र लाखौंको सङ्ख्यामा बिषाणुहरु हुन्छन् ।
- रोगी लार्भा आफ्नो ठाउँ छोडी असामान्य तरिकाले कोषमा तन्केर बसेका र प्राय कोषको भित्तामा अडेस लागेका देखिन्छन् ।
- कलिलो लार्भामा रोगले आक्रमण गरेको भए मरेको छाउराको कोष नटालीएको हुनसक्छ ।
- छिप्पिएको छाउरामा रोगले आक्रमण गरेको छ भने लार्भा ढक्कन लगाएपछि (पूर्व प्युपा अवस्थामा) मर्दछन् ।
- रोगी ढक्कनको बिच भाग तलतिर घस्सिएको हुन्छ । बिचमा कालो हुन्छ ।
- मरेका लार्भा हटाउन ढक्कनको बिचमा मौरीले प्वाल पार्न थाल्छन् ।
- सो ढक्कनभित्र मरेका लार्भाको पहिला टाउको अनि छाती र पेट कालो हुँदै जान्छ ।
- रोगी चाकाको छाउरा क्रम (Brood Pattern) बिग्रिएको हुन्छ ।

### रोग फैलने कारणहरु

- भाईरस लार्भाको पेटमा खानाको माध्यमबाट प्रबेश गर्दछ, अर्थात गोलाभरि रोग फैलाउनमा नर्स मौरीको प्रमुख भुमिका रहन्छ
- १–२ दिने लार्भाहरु रोगप्रति बढि संबेदनशिल हुन्छन् ।
- १ मरेको लार्भाको शरिरमा १ मि.ग्रा. सम्म भाईरस हुनसक्छ र यसले करिव १००० गोलााई संक्रमण गर्न पर्याप्त हुन्छ
- मैरी खर्क भित्र रोग फैलने कारणहरुमा, घारहरु बिच फ्रेम हेरफेर
- मौरीखर्कमा हुने लुटलडाई
- स्वस्थ गोलामा दुषित हात र संक्रमित उपकरणहरुको प्रयोग
- हुलनिर्यास भएर वा गृहत्याग गरेर बाहिरबाट आएको गोलाले मौरीखर्कमा प्रबेश पाउनु आदी

### नियन्त्रण र व्यवस्थापन:

यो थाइ स्याक ब्रुड भाइरस रोग स्याक ब्रुड भाइरसको प्रजातीको कारणले लाग्ने हुनाले कुनै पनि औषधी उपचारले यो रोगलाई नियन्त्रणमा ल्याउन संभव छैन त्यसैले निम्नबमोजिम गोला व्यवस्थापनमा ध्यान दिनुपर्छ :

- रोगी गोलाहरू पहिचान गरी मौरीखर्कबाट अलग्गै राख्ने ।
- नयाँ घारमा मौरी टकटक्याएर नयाँ आधारचाका र चिनीचास्नी प्रयोग गर्ने ।
- उपलब्ध भएमा नयाँ स्वस्थ रानु फेर्ने ।
- सदैव गोला मजबुत, सफा र खाना उपलब्ध गराएर राख्ने ।
- रोग फैलन नदिने उपायहरू अवलम्बन गर्ने ।

- मौरीगोलामा छाउराविहीन बनाउन रानुलाई पिँजडामा राख्ने ।
- रोगी घार, चाका, फ्रेमहरू जलाएर नष्ट गर्ने ।
- रोग खप्ने मौरीगोला छनोट गर्ने गोला वृद्धि गर्ने ।

## ब्यस्क मौरीमा लाग्ने प्रमुख रोगहरु

ब्यस्क मौरीमा सुक्ष्म जीवाणु जस्तै प्रोटोजोआ, अमिवा बाट रोग लाग्दछ । यी जीवाणुहरुले मौरीलाई तत्काल मार्दैनन् तर पखाला लाग्ने, असक्त र अपाङ्ग बनाएर उड्न हिड्न, नसक्ने र कमजोर हुँदै गएर बिस्तारै मर्ने हुन्छ ।

### नोसेमा

नोसिमा एपिस जेन्डर (Nosema apis Zander) नामको एककोषीय परजीवीद्वारा वयस्क मौरीमा यो रोग लाग्दछ । यो परजीवि मौरीको भोजन नली हुँदै आन्द्रमा पुग्छ र सङ्ख्या वृद्धि गरि आन्द्रा र पेटलाई बिगारी दिन्छ । रोगी मौरीको पेट फुल्छ र घार भित्र बाहिर पातलो दिसा गरी फोहर गर्दछ । उक्त दिसाबाट निरोगी मौरीमा यो रोग सर्दछ । प्राय: यो रोग हिउँदको अन्तमा र बसन्तको सुरुमा देखिन्छ । यो रोगले सबै वर्गका मौरीमा असर गर्छ ।





### लक्षण:

- मौरीघारभित्र र बाहिर पातलो दिसा गरेको देखिनु ।
- रोगी मौरीको पेट फुलेको हुन्छ
- अघिल्लमे जोडी र पछिल्लो जोडी पखेटाबिचको अंकुस खुस्किएर पखेटा बिग्रएको हुन्छ र मौरी उड्न सक्दैन
- पेटको भागका रौहरु झरेको हुंदा पेट चिल्लो र टल्केको जस्तो देखिन्छ ।
- गोलामा मह र कुट सञ्चय कम हुनु ।
- स्वस्थ मौरीको आन्द्रा खैरो रङको हुन्छ भने नोसेमा रोगले ग्रसित मौरीको आन्द्रा सेतो र फुकेको हुन्छ ।
- यो रोग लागेको मौरीको दिशा बढी दुर्गन्धित हुन्छ ।
- मौरीको आयु कम हुनु र गोला कमजोर हुनु ।

### नियन्त्रण:

- मजबुत गोलामा यो रोग देखिए तापनि प्रायजसो तापक्रममा वृद्धि भएपछि आफैं नियन्त्रणमा आउँछ अथवा गोलालाई न्यानो बनाउनुपर्दछ
- रोगबाट ग्रसित गोलाको चाका नष्ट गरिदिनु पर्दछ
- यसको कुनै रासायनिक उपचार छैन
- EFB नियन्त्रणका लागि गरे जस्तै व्यावस्थापनमा विषेश ध्यान पुर्‍याउनु पर्छ
- गोला सदैव सफा र बलियो राख्नु पर्छ
- घारभित्र गुम्म र ओसिलो हुनु हुदैन
- मौरी खर्कभित्र बगेको सफा पानीको व्यवस्था गर्न सके राम्रो
- उपलब्ध भए फुमागिलिन नामक औषधी खुवाएर रोगलाई नियन्त्रण गर्न सकिन्छ

## सन्दर्भ सामाग्री


१. आधारभुत मौरीपालन तालीम प्रशिक्षण स्रोत पुस्तिका, मौरीपालन विकास शाखा र ईसिमोड

२. Honey bee disease and their management, Krisisewa information hub, Sunita Yadav and S. S. Yadav, Department of Entomology, CCS Haryana Agricultural University, Hisar 125 004, Haryana

३. THAI SACBROOD VIRUS DISEASE OF ASIAN HONEYBEE APIS CERANA INDICA Fab., IN KERALA, INDIA,S. Devanesan and A. Jacob

# बाली परागसेचन र मौरी



शिव प्रसाद रिजाल
मौरी विज्ञ

## परिचय

मौरीपालन मेहनती कृषकरुले कम लगानीमा राम्रो आयआर्जन गर्ने महिला, जनजाति, दलित एंव पिछडिएका भुमिहिन वर्गको मैत्रि व्यावसाय हो । नेपालमा हालका बर्षहरुमा विशेषगरी चितवन, दाङ्ग, सर्लाही, नवलपरासी, रुपन्देही, रौतहट, मकवानपुर, कैलाली आदि जिल्लाहरुमो एपीस मेलिफेरा जातीको मौरी पालन गरी कृषकहरु व्यावसायिकता तर्फ उन्मुख भइ आर्य आर्जन गर्दै आएका छन् । मौरीपालनलाई दिगो व्यावसायको रुपमा संचालन गर्न मौरीका लागि प्रशस्त फूल फूल्ने बनस्पति रहेको चरन क्षेत्र आवश्यक पर्दछ । मोरीबाट बालीको परागसेचन पूर्ण रुपमा गराइ उत्पादन बढाउन र चरन विरुवाहरुको जैविक विविधता जोगाइ राख्न मौरीको ठूलो भूमिका हुन्छ । माटो व्यवस्थापन, मलखाद व्यवस्थापन, बीउ व्यवस्थापन, शत्रुजीव व्यवस्थापन जस्तै परागसेचन पनी त्यतिकै महत्व राख्ने बातावरणीय सेवा हो । कम परागसेचनको मूल्य कती हुन्छ भन्ने तर्फ कृषकले ख्याल नगरिरहेको बर्तमान अवस्थामा यसलाई बढी महत्वकासाथ बुझ्न जरुरी छ ।

## बाली परागसेचनको महत्व र मौरी

हामीले खेति गर्ने धेरै जसो बालीहरुको आर्थिक महत्व राख्ने भाग बीउ र फल हुन् । धान, मकै, गहुँ, तोरी, सर्स्यूं, कोदो, भटमास, मसुरो, चना, मास, केराउ, आदि बिउ (गेडा) भित्राईने र आँप ,सुन्तला, स्याउ, जुनार, लिची, कटहर, कागती, नास्पाती, आरु, फर्सी, काका, टमाटर, करेला, परवल, घिरौला, चना, सिमी, बोडी, आदि फल भित्राईने फल बालीहरुमा बीउ लाग्न जरुरी हुन्छ । बीउ लाग्नको लागि भाले फूलको शुक्रकोष र पोथी फूलको डिम्ब कोषको कुनै माध्यम वा साहाराबाट पुग्नु पर्दछ । परागसेचन क्रिया सम्पन्न भएपछि मात्र बालीमा बीउ तथा फल लाग्ने हुन्छ । उदाहरणको परागसेचनको कमी वा अभाव कार मकैको बोटमा धेरै सुतला लागे पनि सबै घोगा बन्दैनन् र बनेका पनि कतिपय थोता हुन्छन्ह गहुँ बालीमा दाना बिहिन फोस्रा काना बाला भेटिन्छन्ह तोरी,सर्स्यू, सिमी, बोडी, भटमास, आदिका कोसा पनि गेडा बिहीन खाली भेटिन्छन्ह कटहरमा बिकृत फल भेटिन्छन्ह फर्सी, काका, घिरौला, लौका, चिचिन्डा आदिका चिचिला सुकेर झर्दछन् र फलेका फल पनि सामान्य आकारका नभएर कुरुप आकारका हुन्छन्ह फलफूलका बोटहरुमा लाखौं फूल फूलेर पनि थोरै मात्र फल लाग्छन् र त्यसमा पनि एकापट्टि खुम्चिएका, खिनौटे र कुरुप फलहरु भेटिन्छन । त्यसैले भरिला, कसिला र पोटिला बीउ, फल, बाला, घोगा तथा कोसा बन्नको लागि परागसेचन क्रिया पूर्ण रुपले सम्पन्न हुनु पर्दछ ।

मौरी पनि एक प्रकारको कीरा जसले परागसेंचन गर्नमो ठूलो भूमिका खेलेको हुन्छ । फल नलाग्नु, बढी वा घटी लाग्नुमा परागसेचन हुनु, वा नहुनु वा अपूर्ण हुनुमा विभिन्न कारणहरु जिम्मेवार भएपनि परागसेचन एउटा प्रमुख कारण हो । महत्वपूर्ण परागसेचीहरुमा कीरा-फट्यांग्रा, चरा, मानिस, हावा, पानी आदि पर्दछन् र परागसेचीमध्ये कीराले मात्रै ८० प्रतिशत भन्दा बढी परागसेचन गर्दछन् । केही महत्वपूर्ण कीराजन्य परागसेचीहरुमा माहुरी, गाइने कीरा, पुतली, बारुला झिंगा आदि मुख्य हुन् । कीराहरुमध्ये पनि लगभग ८० प्रतिशत भन्दा बढी परागसेचन माहुरीले मात्रै गर्दछन् । मौरीले बाच्नको लागि खाना फूलबाट संकलन गर्ने भएकोले एउटा मौरी हजारौं फूलहरुमा विचरण गरी पराग सेंचनमा वृद्धि गराई दिन्छ । फूलमा पाईने विभिन्न किसिमका शक्तिवर्द्धक पदार्थहरु परागसेची कीरालाई उपलब्ध हुन्छ र मौरी फूलमा विचरण गर्दा कीराहरुले परागकणहरु एक अर्कामा आदान प्रदान भै विरुवाको सन्तति संरक्षणमा सहयोग पुग्दछ । रागसेचन हुनु, वा नहुनु वा अपूर्ण हुनुमा परागसेचीहरुको विविधता र सघनतामा भर पर्दछ ।

एउटै फूलमा भाले पोथी दुवै तत्व भएको विभिन्न बालीहरु जस्तै: अन्न.तथा कोशेबालीहरुमा आफैं परागसेचन हुने गर्छ भने भाले पोथी तत्वहरु रहेको भागहरु विमेल भएमा, एउटै प्रजातिमा स्वंमसेचन नहुने भएमा वा स्त्रीकेशर वा पुंकेसर प्रजनन कोष कुने एक नपुंकस

भएमा र भाले पोथी तत्वहरु छुट्टाछुट्टै फूलमा या बोटमा छन् भने परागसेचंनको लागि कुनै माध्यमको जरुरी पर्दछ जस्तै :- कांक्रो, फर्सी, लौका, घिरौला, मकै मेवा र काउली, मुला, बन्दा, स्याउ, अमिलो जातका फलफूल आदि परपरागसेचन हुने वालीहरुमा मौरी सवैभन्दा प्रभावकारी माध्यम सिद्व भएको छ । मौरीले आफ्नो खाना संकलन गर्ने क्रममा जानी नजानी परागसेचन अत्याधिक मात्रामा गरी कृषिजन्य बालीको साथै जङ्गली बोटविरुवाको संख्यात्मक र गुणात्मक बृद्धि गरिदिन्छ । परागसेचनबाट प्रकृतिले र मानिसले पाउने फाईदा मह र मैनबाट पाउने फाईदा भन्दा धेरै गुणा बढी हुन्छ । लहरे तरकारी, काउली, बन्दा, सलगम, प्याज, तोरी, सर्स्यू, तिल, सूर्यमूखि, बदाम, भुसेतिल वरसीम, लुसर्न, प्याउली, स्याउ, खुर्पानी, लिची, मेवा, नास्पाती, आरु, सुन्तलाजात बालीहरुमा परसेंचनको जरुरी हुने र यसबाट साधारणतया ३०–३०० % सम्म उत्पादनमा वृद्धि भएको पाईएको छ । अझ लिचीमा हेर्ने हो भने परागसेचनले दश हजार गुणा बढी उत्पादन दिने गर्दछ । यसरी परागसेचनमा वृद्धि गराउंदा उत्पादित वस्तुको गुणस्तरमा राम्रो असर पर्दछ जस्तै: बिउको भ्रुण लामो समयसम्म जिवित रहने र उमारशक्ति वृद्धि हुने, फल बढी पौष्टिक र सुगन्धित हुने साथै रंग गाढा हुने, बिउको संख्या र आकारमा वृद्धि भई उत्पादकत्व वृद्धि हुने, रोग र प्रतिकुल वातावरणमा हुर्कन सक्ने क्षमतामा वृद्धि हुने, तेलहन वालीमा तेलको मात्रामा वृद्धि हुने, फलफूलमा फलको आकारमा वृद्धि हुने साथै फल झर्ने समस्या कम हुने हुन्छ । तलको तालिकामा मौरीबाट गरिएको परागसेचनबाट विभिन्न बालीहरुमा हुने बृध्दि देखाइएको छ :-

मौरीले परागसेचन र उत्पादन वृद्धी

| वाली | कोसा लाग्ने (प्रशित) | दाना लाग्ने प्रतिशत | वीउको तौल (प्रतिशत) |
|---|---|---|---|
| वन्दा | २८ | ३५ | ४० |
| काउली | २४ | ३४ | ३७ |
| मुला | २३ | २४ | ३४ |
| तोरी | ११ | १४ | १७ |

परागसेची कीराको उपस्थिती र सघनता फूल फुल्ने समय तथा त्यसको अवधिमा भर पर्दछ । फूल फुल्ने समय र रहने समय उक्त ठाउँको तापक्रम, आर्ध्दता, हावाको बेग, उचाई आदिले पनि फरक पार्दछ । बनस्पतीको जाति प्रजाति अनुसार कुनै विरुवामा फूलहरु ४०-५५ दिनसम्म रहन्छ भने कुनैमा १८ दिनसम्म मात्रै फूल फुल्ने गर्दछन् । प्राय: छाँयामा हुर्कने विरुवामा फूल छोटो समयसम्म मात्रै रहने र त्यस्ता ठाउँमा परागसेचीहरुको कृयाकलाप कम हुने गर्दछ । परागसेची कीराहरुको कृयाकलाप कम हुनुको मतलव यथार्थमा उक्त ठाउँमा उपलव्ध हुने जैविक विविधता पनि कम हुनु हो ।

## बालीहरुको परागसेंचन व्यवस्थापनमा मौरी

बालीहरुमा परागसेचनको बृद्वि गराउन ५–१० % फूल फुलेपछि मात्र मौरी गोलाहरु स्थानान्तरण गर्नु पर्छ । फलफूल बालीमा प्रति हेक्टर ३ गोला र अन्य बालीमा ५ गोला राख्ने गरिन्छ । प्रति गोला ७–८ छाउरा चाका मौरी भएको हुनु पर्नेछ । मौरी पुरै गोला सहितको पूर्ण घार उठाएर चाहिएको ठाउँमा आफुले चाहेको बाली तर्फ डोर्‍याइ परागसेचन सुनिश्चीत गर्न सकिन्छ ।। त्यसैले मौरीलाई कृषकको घनिष्ट एवम् अपरिहार्य मित्र जीव मान्न सकिन्छ

## परसेचनको लागि मौरी प्रभावकारी माध्यम हुनुका प्रमुख कारणहरु

परागसेचन क्रियाका बिभिन्न कारक तत्वहरु मध्ये मौरी एक हो । खाद्यचाराको खोजीमा दिनभर चाहार्ने,हजारौं फूलमा बिचरण गर्ने र फूलको भित्री भागसम्म पुग्ने हुनाले एउटा फूलमा जादा आफ्नो शरीरमा टाँसिएका पराग लिएर अर्को फूलमा पुगी त्यहाँ पराग पुर्‍याई परागसेचन गराउने गर्छ । मौरीको शरिर झुसे हुने भएकोले फूलमा बिचरण गर्दा फूलका परागकण झपक्क टाँसिन्छन् र सजिलैसँग एक फूलबाट अर्को फूलमा ओसार पसार हुन्छन् । परागसेचनमा एउटै सजातिय पराग मात्र उपयोगी हुन्छ । मौरी एक पटकमा सजातिय फूलमा मात्र बिचरण गर्ने भएकाले यसबाट हुने परागसेचन मात्र प्रभावकारी हुन्छ । एउटै गोलामा बिस हजार देखि साठी हजारसम्म मौरी हुने भएको र बिहानीको झिसमिसे देखि साँझ सूर्यास्त पछिको रिमरिमसम्म दशौं हजार मौरी एकै पटक बिचरण गर्ने भएकाले प्रभावकारी परागसेचन भै बाली उत्पादनमा बृद्धि हुन्छ । यसको साथै हावाले उडाउन नसक्ने गरुंगा र च्याप च्याप लाग्ने परागकणहरु मौरीले सजिलै ओसार पसार गरी परागसेचन सम्पन्न गराई बाली उत्पादनमा सघाउ पुर्‍याउछ ।

## परागसेचनमा चुनौती र मौरी संरक्षण

फूलको उपलव्धता अनुसार मौरी ठूल्ठूला जङ्गलदेखि मानिसको प्रयोगमा नआएका, फलफूल–तरकारी बगैचा, सौन्दर्यको लागि

लगाईएको बोट बिरुवा र विविध प्रकारका खेतीवाली लगाईएको क्षेत्रमा चर्न जान्छन् । यस्ता मौरीका चरनमा विविध प्रकारका रासायनिक विषादीहरुको प्रयोग गरिएको भए त्यस चरनमा चर्ने मौरी कि त त्यही मर्छ, कि घारमा पुग्दापुग्दै वा पुगेपछि मर्छ । ती मौरीले लगेको पुष्परस वा पराग विषालु पनि हुन्छ । यस्तो ठांउबाट संकलन गरिएका रस, कुट विषालु हुन्छ जसको कारण घारभित्रका छाउरा वा मौरी समेत मर्न सक्दछन् वा उक्त मह सेवन गर्ने मानिसलाई त्यस विषले नराम्रो प्रभाव पार्दछ । घारका मौरीहरु बढी रिसाउनु, मौरीको शरिर काम्नु, घार वरिपरि घस्रेर हिड्नु, उड्नु नसक्नु, वयस्क मौरीले पुष्परस वान्ता गर्नु र उत्तानो भएर भुमरी पर्ने गरी घुम्नु घार भित्र र बाहिर मरेका मौरी धेरै संख्यामा भेटिनु, मरेका मौरीको सुंड बाहिर निस्केको देखिनु घारमा वयस्क मौरीको संख्या घट्नु, विषादी लागेका लक्षणहरु हुन् । तसर्थ, परागसेचनद्वारा वोटविरुवाको उत्पादनमा वृद्धि हुने भएकोले बाली फुलेको अवस्थामा रासायनिक विषादी प्रयोग गर्नु हुदैन । खेतीवालीका रोग कीरा व्यवस्थापन गर्दा स्थानिय वनस्पतिजन्य विषादी तयार गरी छर्ने , बालीनालीमा फूल फुलेको समयमा रासायनिक विषादीहरुको प्रयोग नगर्ने, गर्नै परेमा फूल फुल्नु अगावै वा फूल फुलिसकेपछि मात्र गर्ने, फूल वा बोटमा धूलो विषादी प्रयोग नगर्ने, विषादीको प्रयोग गर्नु पहिले छिमेकी मौरीपालकलाई विषादी प्रयोग बारे खवर गर्ने, विषादी प्रयोग गर्दा बेलुकीपख गर्ने, विषादी प्रयोग गर्दा कम समयसम्म असर रहने विषादी मात्र प्रयोग गर्ने, उपलब्ध भएसम्म दानादार (गेडा) विषादि प्रयोग गर्ने, विषादीको प्रयोग गर्नु परेमा मौरी गोलालाई चास्नी र भेन्टिलेसनको व्यवस्था गरी २/३ दिन सम्म घारभित्र बन्द गरी राख्ने , विषादी प्रयोग गरिने ठांउबाट मौरी गोलालाई प्याकिङ्ग गरेर ५ किलो मिटर टाढा अर्कै चरन क्षेत्रमा स्थानान्तरण गर्ने र नियमित विषादि प्रयोग गर्नु गरिएको स्थानमा मौरीपालन नगर्ने आदि कुरामा ध्यान दिनु पर्छ ।

समाप्त

"मौरी चराऔं र परागसेचनको माध्यमबाट बालीहरुको उत्पादन बढाऔं "

"मौरीलाई चरन भएको क्षेत्रमा स्थानास्तरण गरी महको उत्पादन वढाऔं "

"गुणस्तरीय मह उत्पादन गर्न असल मौरीपालन अभ्यास गरौं"

"विषादीले परागसेची कीराहरुलाई नाश गर्छ, यसको अनावश्यक प्रयोग नगरी परागसेची जीवहरुको संरक्षण गरौं"

नेपाल मौरीपालन महासंघले प्रकाशन गर्न लागेको सुचनामूलक मौरीपालन डाईरेक्टरी-२०७२ को लागि पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौ ।

अध्यक्ष
मोहन खनाल
मो.: ९८५८४२१७६९

**प्रगतिशिल मौरी पालन सहकारी संस्था**

मसुरिया, कैलाली

नेपाल मौरीपालन महासंघले प्रकाशन गर्न लागेको सुचनामूलक मौरीपालन डाईरेक्टरी-२०७२ को लागि पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौ ।

अध्यक्ष
अम्मरबहादुर तारामी
मो.: ९८४८०४८६२२

**काक्रेविहार मौरी पालन सहकारी संस्था**

वीरेन्द्रनगर, सुर्खेत

# मौरीपालन व्यवसायको कथासँगै जोडिएको जीवन कहानी



गीता देवकोटा
सदस्य, नेपाल मौरीपालक महासंघ

चितवन जिल्ला र.न.पा. ११ जिरौनामा मिति २०२८ सालमा जन्म भै वि.सं. २०४५ सालमा तात्कालिन पिठुवा गा.वि.स. वडा नं. ३ (हाल र.न.पा. १४) निवासी विलभद्र देवकोटासँग वैवाहिक सम्बन्ध कायम गर्दै जीवन जिउने क्रममा माध्यमिक तहसम्मको शिक्षा हासिल गर्ने अवसर प्राप्त भए पनि उच्च शिक्षा हाँसिल गर्ने सपना अधुरै रहन गयो । विवाह भएको १ वर्षपछि पहिलो सन्तानको रुपमा छोरा विगेसलाई जन्म दिएपछि थप जिम्मेवारी मेरो काँधमा आयो । विधिको विडम्बना भनौ या भाग्यको खेल भनौ, विवाह भएको छोटो समयमै छोराको जन्मले आश लाग्दो जीवन अकस्मात कहालिलाग्दो अवस्थामा परिणत भयो । भरतपुर विमानस्थलमा कर्मचारीको रुपमा काम गर्दै आउनुभएका श्रीमान विलभद्रको मिति २०४९ सालमा आफ्नो कार्यक्षेत्रबाट घर फर्कने क्रममा टिकौली जङ्गलमा भएको मोटरसाइकल दुर्घटनामा स्वर्गारोहण भएको घटनाले मेरो जिवनका सपनाहरु चकनाचुर भै एउटा दुधे बालकको लालन पालन गर्नु र तात्कालिन समाजमा एउटा एकल नारीको रुपमा संघर्षरत जीवन बिताउनु मेरो लागि ज्यादै चुनौतिको विषय बन्न पुग्यो । एकल परिवारको रुपमा रहेको मेरो परिवारमा घरमुली जसले परिवारको लालनपालनको जिम्मेवारी लिएको थियो, उसको स्वार्गारोहणले पुन एउटा अभिभावकको साहरा लिन बाध्य तुल्यायो । छुट्टी भिन्न भएका मेरा जेठाजु धर्मप्रसादको छत्रछायामा आफ्नो बाँकी जीवनलाई अघि बढाउने अवस्था सिर्जना भयो ।

आफ्नो विगतलाई सम्झेर पश्चतापको पिडामा जीवन जिउनभन्दा केही उद्यम गरेर कहालीलाग्दो विगतलाई आशामा परिणत गर्नुपर्छ भन्ने भावना एकाएक उत्पन्न भयो, त्यही भावनालाई आत्मसाथ गरी आफ्नो कर्मलाई साहारा बनाउँदै, आफू कृषक परिवारमा जन्मेको र पुर्खौली पेशा पनि कृषि नै रहेकाले जिल्ला कृषि विकास कार्यालय भरतपुरमा मेरो सम्पर्क हुन पुग्यो । वि.सं. २०५२ सालमा जि.कृ.वि. कार्यालय भरतपुरले प्रति कृषक २ घार मौरी अनुदानमा वितरण गर्ने कार्यक्रम रहेको जानकारी भयो । तात्कालिन जिल्ल कृषि विकास कार्यालयका प्रमुख चन्द्रकान्त देवकोटा र सोही कार्यालयका तात्कालिन प्राविधिक कमलनाथ वाग्लेले मलाई मौरीपालन व्यवसाय गर्न प्रेरणा प्रदान गर्नु भयो । २ वटा मौरीघार र मौरी अनुदानको रुपमा उपलब्ध गराइयो । विभिन्न किसिमका तालिम लिदै, व्यवसायलाई कसरी उचाइमा पुऱ्याउने र मनग्य आम्दानी लिने भन्नेतर्फ मेरो ध्यान केन्द्रित हुन पुग्यो । फलस्वरुप २ घारबाट शुरु भएको मौरीपालन व्यवसाय ५ वर्षभित्रमा ५० औं घार बनाउन सफल हुदै हाल २०० घार बनायौं । मौरी उत्पादन र मह उत्पादनलाइ सँगै अघी बढाउन तात्कालिन अवस्थामा चितवन जिल्लामा मौरी पालक कृषकको संख्या निकै बढि भई सकेको थियो । मौरी चरनको अभाव र मौरी जन्य उपजको बजार बन्न सकेको थिएन । तात्कालिन सरकारले मौरी पालन प्रेरित गरी मौरी समेत उपलब्ध गराएपनि बजारको भने कुनै व्यवस्था थिएन । गाउँ घर र नेपाली समाजमा मह एक पवित्र वस्तु मानिए पनि यसको नियमित सेवन गर्ने अवस्था थिएन । शुरुमा गाउँ घरमा नै प्रति के.जी. रु १०५/- रुपैयामा बिक्री भएको महको आम्दानी मेरो लागि जीवन जीउने आधार बन्यो ।

बजार अभावमा २ वर्ष जती मह बिक्री हुन सकेन । मौरी पालन व्यवसाय चरम रुपमा पुग्न नपाउँदै मौरी जयन्य बजारको अभावमा व्यवसाय संकटमा पर्ने अवस्था सिर्जना हुन थाल्यो । एकातिर बजारको अभाव, अर्कोतर्फ मौरी चरनको लागि स्थानान्त्रण गरी बाहिरी जिल्लाहरुमा जानुपर्ने, एउटा अवस्था थियो भने अर्को अवस्था एक महिलालाई हेर्ने दृष्टिकोण र लैङ्गिक विभेद समाजमा चर्को रुपमा थियो । झण्डै झण्डै व्यवसायबाट अलग हुने अवस्थासम्म पुग्नै लाग्दा मौरीपालन व्यवसायमा खटिएका अगुवा कृषक गैडाकोटका दयासागर सुवेदीज्यूले हतोत्तसाही नहुन निकै ढाडस दिनुभयो ।

त्यसको आसपासमा चितवन जिल्लाको नेतृत्वमा विभिन्न जिल्लाका मौरीपालकहरुको भेलाले डाबर नेपालको सहयोगमा वि.सं. २०५५ सालतिर नेपाल मौरीपालक केन्द्रिय संघ स्थापना भयो । सोही संघमा सदस्यको रुपमा आबद्ध भै संस्थाले दिएको जिम्मेबारी बहन गर्दै २०६१ सालदेखि कार्य समितिमा निरन्तर रही केन्द्रिय संघलाई विभिन्न जिल्लाहरुमा जिल्ला संघ गठन गरी महासंघको रुपमा खडा गरियो । वि.सं. २०६१/०६२ सालतिर सल्ट ट्रेडिङ्ग कर्पोरेसन लि. अञ्चलन कार्यालय नारायणगढमा मह खरिद बिक्री गर्ने सम्झौता भै बजारको केही सहज अवस्था रह्यो । साल्ट ट्रेडिङ्गले मह खरिद त गऱ्यो तर विविध समस्याले बिक्री गर्न सकेन र मह खरिद गर्न छाड्यो । बल्ल तल्ल बनेको बजार दिगो हुन नसकेर मौरी पालनमा लाग्नेहरुलाई पुन झस्कायो । तत्पश्चात मौरीपालन व्यवसायमा संलग्न कृषकहरुको तत्परता, मौरीपालक महासंघको प्रत्यक्ष सहयोग र नेपाल सरकारको नीति बमोजिम मह एवम् मौरीजन्य उपजको बजारीकरणलाई सहज तुल्याउन सहकारी स्थापना गरी कार्यान्वयनमा ल्याइयो ।

कर्तव्य विमुख भएको मेरो जीवनमा मौरी पालान व्यवसायले जीवन के हो ? जीवन कसरी जीउनुपर्छ र जीवनलाई कसरी सफल बनाउन सकिन्छ भन्ने ज्ञान मैले प्राप्त गरेको छु । एकातिर आफू र आफ्नो परिवारको जिविकोपार्जन गर्ने, अर्को तर्फ यस व्यवसायलाई थप उचाइमा पुऱ्याउने, समाजसेवामा लाग्ने र नेतृत्व प्रदान गर्ने क्षमताको विकास गराउन मौरीपालन व्यवसायले निर्क सहज तुल्याएको छ । नेपाल मौरीपालक महासंघको कार्यकारिणी समितिमा २०६१ सालदेखि हालसम्म निरन्तर रहनुका साथै अन्य संघ संस्थाहरु सृजनशिल महिला विकास सहकारी संस्थाको संस्थापक अध्यक्ष हुदै हाल पनि उक्त संस्थाको अध्यक्षका रुपमा रही आएको छु । सामाजिक, राजनैतिक हैसियत प्राप्त गर्न सघाएको यस व्यवसायले नेतृत्वतहसम्म पुऱ्याउन सहजत तुल्यायो नै त्यो भन्दा मेरा लागि चकनाचुर भएको जीवनमा आशा र भरोसाको पात्र समेत बन्न पुग्यो । एक मात्र सन्तान छोरा विगेस देवकोटालाई स्नातक तहसम्म अध्यायन गराई विदेशसम्म अध्यायन भिसामा यू.के. पठाउन मलाई यही व्यवसायले साथ दिएको थियो । आफ्नो घर खर्च र परिवारको सम्पूर्ण खर्च यही व्यवसायले धानेको छ । हाल आफ्नै नीजि फर्म 'गीता वि फर्म' कन्चन हनी ब्राण्डको नाउबाट प्याकेजिङ्ग गरी स्वदेश र विदेशमा समेत पठाउन सफल भएको छु । सामान्य अवस्थामा बार्षिक ४ टनसम्म उत्पादन गरी प्रीत के.जी. २५० देखि रु ३०० सम्म मूल्यमा बिक्री भैरहेको छ । यही व्यवसायको उत्थानको लागि विभिन्न जिल्लामा विभिन्न समयमा भएका तालिम कार्याक्रममा समेत प्रशिक्षकको भूमिका निर्वाह गर्न पाएकोमा व्यवसाय प्रति कृतज्ञत छु ।

अन्तमा, यस व्यवसायमा प्रचुर सम्भावना हुनका साथै म जस्ता धेरै वेसाहाराहरुका लागि जीवन जिउने माध्यम बन्न सक्ने अवस्था हुदाहुदै यस व्यवासयमा विद्यमान चुनौतीहरु सामाना गर्न कृषकहरुको एकल प्रयासले मात्र सम्भव छैन । लैङ्गिक विभेद, आर्थिक अभाव, व्यवसायिक ज्ञानको अभाव, दिगो बजारको अभाव, मौरीजन्य ल्याबको अभाव, मौरी चरनको अभाव, अस्वस्थ प्रतिस्पर्धा जस्ता चुनौती कायमै छ । त्यसको लागि सरकारी नीति नियमको मूख्य भूमिका हुने भएकाले नेपाल सरकारको ध्यान आकर्षण गर्न चाहन्छु । मलाई यस व्यवसायमा संलग्न हुन र व्यवसायबाट विचलित नहुन अमूल्य राय सल्लाह, सुझाव र सहयोग उपलब्ध गराइदिनु हुने जि.कृ.वि. कार्यालय भरतपुरका प्रमुख चन्द्रकान्त देवकोटा, डा. सुरोज पोखरेल, वाली संरक्षण अधिकृत कमलनाथ वाग्ले, अन्य मित्र दयासागर सुवेदी, मेरो घर परिवार जेठाजु, जेठानी दिदी, इष्टमित्र सम्पूर्ण प्रति साधुवाद छु ।

नेपाल मौरीपालन महासंघले प्रकाशन गर्न लागेको सुचनामूलक मौरीपालन डाईरेक्टरी-२०७२ को लागि पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु ।

प्रो. नन्दराम अर्याल
मो. ९८५७०५०६४६
९८१७५०३१६१

देउराली मौरी पालन उद्योग

कपिलवस्तु

# नेपालमा पाल्तु मौरीहरुको बंश सुधारको आवश्यकता



डा. सुरोज पोखरेल
सह सचिब, कृषि विकास मन्त्रालय
वरिष्ठ मौरी विज्ञ

## क) पृष्ठभुमी

नेपाल मौरीहरुको जैविक विबिधतामा अत्यन्तै धनि मुलुक हो । यहाँ ५ जातका मह उत्पादन गर्ने मौरीहरु र तिनका असंख्य प्रजातिहरु पाईन्छन् (पोखरेल २०१२) । ति प्रजातिहरु विच ठुलो मात्रामा पैत्रिक भिन्नता (genetic veribility) भएको पाईन्छ । तथापि मौरीपालकहरुले पालिराखेका मौरीहरु एपिस सेराना र ए. मेलिफेराका प्रजातिहरुको पुर्ण रुपमा पहिचान गरीएको अवस्था छैन । तिनीहरुका पैत्रिक गुणमा रहेको फरकलाई वंश सुधारको लागि प्रयोग गर्न पनि सकिएको छैन ।

## मौरीहरु प्राकृतिक रुपमा वर्णसखंर गोला हुन

मौरीहरु प्राकृतिक रुपमा वर्णसखंर हुन्छन् (पोखरेल, २००१) । मौरीहरुको हुल निर्यासको समयमा सवै जसो छिमेकी गोलाहरुले समेत ठुला संख्यामा भाले छाउरा उत्पादन गर्दछन् । यसको लागि छिमेकी गोलाले गर्दै आएको प्राकृतिक रानीकोष निर्माणवाट भाले उत्पादनमा उत्प्रेरण जगाएको छ । रानी उत्पादनको (१२ दिन) लागि भाले उत्पादन (२४ दिन) भन्दा छोटो समय लाग्ने भएकोले केहि दिन पहिला उत्पादित छिमेकी गोलाहरुका भालेहरु समेत छिमेकी गोलाको रानीसंग समागमका लागि उम्मेदवार हुन्छन् (पोखरेल, २००५) जबकी रानी भने आफु वयष्क भएको २ - २५ दिन उमेरमा समागम उडान भरी समागमको लागि तयार हुन्छ । रानीको समागम उडानको समय शरिरको आकारमा भर पर्दछ । ठुलो आकारको रानी सामान्यतया साझ पख र सानो आकारको रानी मध्यान्ह वा सो अगाडी नै समागम उडान भर्ने गर्दछ । यसका कारण तिनिहरुको परपक्षीहरुवाट बच्ने उपाय (पोखरेल, २००५) सवै छिमेकी गोलाहरुका सम्भाब्य भालेहरु (करिव २६ किलोमिटर रेडियस सम्मका घारवाट निस्किएर आकासमा धेरै माथी भाले झुण्ड (drone congregated area) बनाएर उडेका हुन्छन् । कुमारी रानी घारवाट निस्केर भाले झुण्ड क्षेत्र पत्ता लगाई त्यस क्षेत्रमा पुगे पछी पटक पटक भालेहरुसंग समागम गर्दछ । त्यस्ता समागम गर्ने भालेहरु जुनसुकै घारका र जुनसुकै पैत्रिक गुण भएका हुन सक्छन् । समागमको क्रममा भालेहरु मर्दछन् । रानी भने आफ्नो घारमा फर्कन्छ । यसरी प्रकृतीमा मौरीका गोलाहरु वर्ग सखंर हुन्छन् (जोन र थोमस, २०१५) । कहिलेकाही पचास वटा सम्म भालेहरुले एउटा रानीको २-२५ दिन उमेर भित्र पटकपटकको उडानमासमागम गरेको हुन्छन् । यसरी विभिन्न पैत्रिक गुण भएको भालेहरुका सुक्रकिटहरु रानीको सुक्रकिट दानी (spermatheca) मा संचित भै वस्दछ र ती सुक्रकिटहरु अण्डा पार्ने समयमा सेचनको लागी क्रमश: प्रयोग हुन्छ । सेचित फुलहरुवाट कर्मी वा रानी जन्मन्छ भने असेचित फुलहरुवाट भाले जन्मन्छ । यसरी विभिन्न भालेवाट सेचित विभिन्न अण्डाहरुवाट निस्केका वच्चा मौरीहरु वयस्क हुदाँ अलग अलग रुप र रंगका समेत एकै घारमा देखा पर्दछन् ।

## सुपरसेडर मौरी गोला

मौरीहरु प्राकृतिक रुपमा वर्णशंकर प्रकृतिका हुंदा हुँदै पनि नेपालमा पालिएका केहि ए. मेलिफेरा मौरीका गोलाहरु सुपरसेडर (supersedue) पाईएको छ । यो एक प्रकारको अन्तर जातिय (inbreeding) कृयाकलाप हो जसमा मौरीहरुले अन्य घारहरुमा भाले नभएको मौका छोपी भाले छाउरा र त्यसको लगतै रानीकोष (१ वा २) बनाउँदछ । रानी वयस्क भए पछी सम्भवत आफ्नै घारको भालेहरुसंग समागम गर्छ । आमा र छोरी त्यस्ता गोलामा रानीसंग सगंसंगै त्यहि घारमा फुल पार्न थाल्दछन् । विस्तारै कर्मीमौरीहरु आमा रानीको हेरचाह कम गर्दछन र करिव १.५ महिनामा आमा रानीको मृत्यु हुन्छ । त्यस्ता गोला मौरीहरुमा हुल निर्याष हुदैन र मजवुत गोला कायमभै उत्पादकत्व समेत वृद्धि हुन्छ । सुपरसेडर गोलाहरु पहिचान गरि २ रानी भएको गोलालाई १।१ रानी गरी गोला विभाजन गर्न राम्रो हुन्छ (पोखरेल, २००५) ।

## पाल्तु मौरी गोलाका नकारात्मक बानी व्यहोरा

स्थानिय ए. सेराना मौरी सामान्यतया बर्षको दुई पल्ट (फागुन ( जेष्ठ र कातिक ( मंसीर) मा पटक पटक हुल निर्यासभै गोला कमजोर हुने गर्दछ (बर्मा, १९९०) । गृह त्याग गर्ने अर्को यसको नराम्रो बानी हुन्छ । यि नराम्रा पैत्रिक बानीहरुको भरोवा सुलसुलको संक्रमण, परभक्षीहरुको

आक्रमण, चरनको अभाव, लुटलडाई र मौसमी प्रतिकुलता जस्ता कारणहरुसँग अन्तर सम्बन्ध छ । यो मौरी आझनो शत्रुसँग आक्रमक भएकोले मान्छेलाई पनि बढि चिल्ने गर्दछ । यि नराम्रा बानीहरु विभिन्न प्रजातीहरुमा (ecotypes) भिन्न भिन्न मात्रामा पाईन्छ भने प्रजाती अनुरुप मह उत्पादन क्षमता पनि फरक फरक रहेको छ (पोखरेल २००९) । ए. मेलिफेरा आयातित गरिएको जात भएकाले यसको शत्रु जीव सँगको प्रतिरक्षात्मक क्षमता ए. सेरानाको भन्दा कमजोर छ । यो मौरीले ए. डोसोटा मौरीमा Tropilaelaps clareae सार्ने गर्दछ । यो मौरीको अन्य मौरीहरुसँगको सह-उपस्थिती प्राकृतिक रुपमा धेरै नमिल्ने भएकोले अन्तर जातिय प्रतिस्पर्धा बढी रहेको देखिन्छ । यो मौरीले युरोपको कठाङ्ग्रिने जाडोबाट (?५० से.) बच्न over wintering गर्न सिकेता पनि नेपालको पहाडी क्षेत्रमा हिउदको जाडो (१-१५० से.) सहने क्षमता विकाश गरेको पाईदैन । दिनको तापक्रम १५० से. पुग्दा रानीले फुल पार्ने र रातमा ?५० से. पुग्दा कर्मीले फुल खाने भएकोले गोला कमजोर हुन पुग्छ । तसर्थ यो मौरीलाई विशेष प्रकारको चरन, रानी, खाद्य व्यवस्थापनको आवश्यकता पर्दछ (पोखरेल र थापा, २००८) ।

### पाल्तु मौरी गोलाका असलबानी व्यवहोराहरु

पाल्तु मौरी गोलाका विभिन्न असल बानी व्यहोराहरु छन्, जसको आधारमा असल गोलाको छनोट गर्न सकिन्छ (पोखरेल २००९) । यि बानी व्यहोरा पनि जातिय र प्रजातियस्तरमा पैत्रिक रुपमै अलग अलग मात्रामा रहेको हुन्छ । यस्ता असल वानी व्यहोराहरु यस प्रकार छन् :

१. मह लगायत अन्य उपजहरुको राम्रो उत्पादकत्व । जस्तै ए. सेराना ईण्डिका को भन्दा ऐ. सेराना सेराना प्रजातीको मह उत्पादकत्व ३ गुणा बढी रहेको छ ।

२. शत्रु जीवसँगको राम्रो प्रतिरक्षात्मक क्षमता । जस्तै ए. सेरानाको अरिगालसँग लड्ने क्षमता मेलिफेराको भन्दा राम्रो छ । ए. सेराना र ए. मेलिफेराका केहि प्रजाती र खास गरी नटोक्ने गरी विकाश गरेको गोलाहरुमा बढी लुट लडाई हुन्छ ।

३. मह उत्पादन हुने मौसममा हुने तिब्र गोलाको आकारमा वृद्धि (good colony recovary) । जस्तै केही गोलाहरु चरन उपलब्ध हुने बित्तिकै छिट्टै बच्चा उत्पादन गराई गोला मजबुत बनाउन सक्छन् । मह उत्पादन हुने समय सकिन थाल्दासम्म ढिलो गरी गोला मजबुती गर्ने गोलाहरु राम्रो होइनन् ।

४. असल पाल्तु बानी व्यहोरा । जस्तै कम चिल्ने, हुल निर्यास कम हुने, लुट लडाई नगर्ने, गृह त्याग नगर्ने, सुपर सेडर गोला ।

५. प्रतिकुल मौसम, भुगोल र भौतिक परिस्थितिमा हुने अनुकुलन क्षमता ।

### ख. वंस सुधारमा प्रचलित नकारात्मक अभ्यासहरु

हाल नेपालमा मौरी गोलाहरुको वंस सुधारका बाधकका रुपमा केही नकारात्मक अभ्यासहरु प्रचलनमा रहेका छन्, जसलाई तत्काल सुधार गर्नुपर्ने देखिन्छ ।

#### १. नकारात्मक गोला छनोट र वितरण (negative colony selection and sale)

नेपालमा सबै जसो मौरी पालकहरुले नयाँ मौरी पालकहरुलाई गोला बिक्रि/वितरण गर्दा आफूसँग भएका सबै भन्दा कम उत्पादक र नकारात्मक बानी व्यहोरा भएका गोलाहरु बिक्रि वितरण गर्ने गर्दछन् । केही वर्ष पछी त्यो नकारात्मक बानी भएको मौरी पालकले पून: अन्य नयाँ मौरी पालकलाई आफूसंग भएका गोला मध्ये झनै नराम्रा र कम उत्पादन गोला विक्री/वितरण गर्ने र त्यसैबाट नयाँ मौरीपालकले गोला विभाजन गर्ने प्रचलन रहेकोले लामो अन्तरालमा कृषकहरुसँग रहेका मौरी गोलाहरु कम उत्पादक, परजीवी र परभक्षीसँग बच्न नसक्ने, मह उत्पादनको समयमा तुरुन्तै गोला बृद्धि गर्न नसक्ने र कमजोर हुन पुगेको प्रत्याभूती हुन थाली सकेको छ । यो नै नेपालमा मौरी गोलाको बंस सुधारको सबै भन्दा ठूलो चुनौती हुन पुगेको छ । यसलाई सुधार नगरेसम्म नेपालमा मौरी पालनको भविष्य राम्रो देखिदैन ।

#### २. जाती र प्रजाती पहिचानको समस्या

नेपालको सबै जसो पहाडी र तराई क्षेत्रमा ए. सेराना मौरी पाईन्छ । सामान्यतया दक्षिण जुम्ला, कालीकोट र जाजरकोटको केही भागमा ए. सेराना सेराना, पूर्वी पहाडमा ए. सेराना हिमालय र बाँकी भागमा ए. सेराना ईन्डिका उपजातको भौगोलिक वितरण भएको पाईन्छ । यि मौरी प्राकृतिक रुपमा वर्ण संखर हुन सक्ने देखिएता पनि भौगोलिक वितरणलाई हेर्दा प्रजातिय (उप जातिय) वर्ण संखर हुने वा बसं सुधार हुने देखिदैन । तिन वटा प्रजाति मध्ये ए. सेराना सेराना भन्ने उपजात यसियाली मौरीको सबै भन्दा उत्कृष्ट उत्पादक र पाल्तु वानि व्यहोरा भएको पाइएता पनि यस मौरीको भौगोलिक वितरण क्षेत्रको दुर्गमताले गर्दा यस मौरीलाई अन्य प्रजातीको बंश सुधारको लागि प्रयोग गर्न सकिएको छैन । यो काम जुन गर्न अति आवश्यक छ । ए. मेलिफेरा मौरी १९९६ मा भारतको पूर्वबाट नेपालमा ल्याउदा ए. मेलिफेरा लिङ्गुष्टिका (lingustica) प्रजातीको भन्ने भित्र्याइएको थियो । एकै वर्ष भित्र चितवनमा ल्याईएको २५ गोलाबाट गोला बिस्तार गर्दा यस मौरीको विभिन्न कार्निका, मेलिफेरा, ककेशीका आदी प्रजाती (उपजात) मा देखिने शरीरिक पहिचानहरु देखा परे । यसमा त्यसपछी पनि सही हिसाबले गोला छनोट गरी प्रजाती विकास हुन सकेन । यसरी हेर्दा मौरी पालकहरुले आफूले पालेको मौरी कुन प्रजातीको हो र यसको बंश सुधार कसरी गर्न सकिन्छ? भन्ने प्रश्नको सही उत्तर यकिन गर्न सकेका छैनन् ।

### ३. गलत गोला विभाजन विधी

हालसम्म नेपालमा अधिकांश मौरी पालक कृषहरुले आप्तकालिन रानी उत्पादन गरी गोला विभाजन गर्ने गर्दछन् । यहाँ सम्म कि आपत कालिन रानीकोषको छनोट सम्म गर्ने चलन छैन । नतिजास्वरुप गोलामा न्यून गुणस्तरको रानी समाविष्ट हुन्छ र गोलाको उत्पादकत्वमा ह्रास आउँछ । त्यस्ता रानीलाई पैत्रिक गुण थाहा नभएका विभिन्न गोलाका भालेहरुले समागम गर्दा त्यो रानीबाट उत्पादन हुने सन्तानको पैत्रिक चरित्र एकिन हुन सक्दैन (पोखरेल, २००५) । यि तमाम समस्याहरुको समाधानको लागि गोलाहरु छनोट गरी सबै भन्दा असल गोलाबाट भाले पालन गर्ने र असल गोलाको फुल र १ दिने बच्चा प्रयोग गरी रानी उत्पादन गर्नुपर्ने र त्यस्ता भालेहरुसंग समागम भएको रानी प्रयोग गरी गोला विभाजन गर्नुपर्ने हुन्छ । अन्यथा असल पैत्रिक गुण भएका गोलाहरुलाई वंश बृद्धिको रानी कोष बनाउने वातावरण तयार गरी गोला विभाजन गर्नु पर्ने हुन्छ ।

## ग. बंस सुधार विधी

### १. मातृ गोला छनोट र व्यवस्थापन

मातृ गोला छनोटको लागी माथी उल्लेखित पाल्तु मौरीका असल बानी व्यहोराहरुलाई आधार विन्दु मान्नु पर्ने हुन्छ । गोला छनोट हरेक मौरी पालकको नियमित र सालवसाली अनिवार्य कार्य हो । एक वर्ष गोला छनोट गर्नाले सधै भरी काम गर्दैन किनकी मौरीहरु प्रकृतीमा वर्ण संखर चरित्रका हुन्छन् । केहि समयको अन्तरालमा मौरीहरुले रानी परिवर्तन गर्दछन् र त्यसबेला रानीसँग समागम गर्ने भालेहरु र स्वयम् रानीको पैत्रिक गुणले आगामी दिनहरुमा गोलाको चरित्र एकिन हुन्छ । भालेको सुक्राणु सकिए पछी रानीलाई कर्मीहरुले वलिङ्ग गरी मार्दछन् र त्यही रानीको सिचित फूलबाट जन्मेको बच्चालाई रानी बनाउदछन् । यतिबेला नयाँ कुमारी रानीले आझनो गोलाका भालेसँगनै समागम गर्ने एकिन हुदैन । त्यसैले मौरीहरुको जातिय सुद्धता कायम हुने कुरा धेरै हदसम्म प्राकृतिक रुपमा सम्भव छैन । तसर्थ मौरी पालकहरुले खराब बानी व्यहोरा भएका गोलाहरुका रानी हटाई त्यस्ता गोलाहरुमा समायोजन गरी असल रानी प्रतिस्थापन गर्ने र असल वानी व्यहोराको आधारमा हरेक वर्ष गोला छनोट गरी रहनु पर्ने हुन्छ । एक पटक असल मातृ गोला छनोट प्रकृयाबाट नियमित छनोटमा गै मातृ जात (parent line) विकास गर्नु पर्ने हुन्छ । त्यस्ता गोलाबाट आवश्यक संख्यामा भाले र रानी उत्पादन गर्नु पर्दछ । त्यस्ता भाले र रानीको पैत्रिक गुणले तमाम गोलाको चरित्र निर्धारण गर्दछ । यसको लागी हरेक वर्ष गृष्मकालीन र हिउदकालीन मह उत्पादनको क्रममा गोला छनोट तालिका भर्नुपर्दछ (तालिका १) । तालिकामा प्रत्येक वर्ष पाएको अंकको आधारमा गोला छनोट प्रकृयाको पुनरावृत्ति गर्दै लग्नु पर्छ ।

तालिका १: गोला छनोट तालिका (पोखरेल, २०१५)

| गोला नं. | मूल्याङ्कन अवधी | लाभात्मक मूल्याङ्कन (१०० अङ्क) (क) | | | | | | | ऋणात्मक मूल्याङ्कन (५०) (ख) | | | | | खुद प्राप्ताङ्क (क-ख) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | उत्पादकत्व (५०) | गोला रिकोभरी (१५) | शत्रु जीव अवरोधक (१०) | सुपर सेडर (५) | मौसमी अनुकुलिन (१०) | अन्य (१०) | कुल अंक (१००) | हुल निर्यात (१०) | गृह त्याग (२०) | लुट गर्ने वा सहने (१०) | अन्य (१०) | कुल अंक (५०) | |
| १ | गृष्म | | | | | | | | | | | | | |
| | हिउद | | | | | | | | | | | | | |
| | औषत | | | | | | | | | | | | | |
| २ | गृष्म | | | | | | | | | | | | | |
| | हिउद | | | | | | | | | | | | | |
| | औषत | | | | | | | | | | | | | |
| ३ | गृष्म | | | | | | | | | | | | | |
| | हिउद | | | | | | | | | | | | | |
| | औषत | | | | | | | | | | | | | |

नोट : हरेक कोलममा अंक हाल्दा अतिउत्तम, उत्तम, मध्यम र कमसल गरी अङ्क निर्धारण गर्नु पर्छ । उदाहरणको लागी उत्पादकत्वको अङ्क दिदा तलको तालिका अनुसार गर्न सकिन्छ ।

| क्र.सं. | प्राप्ताङ्क | ऐ. मेलीफेरा | ऐ. सेराना |
|---|---|---|---|
| अति उत्तम | (५० अङ्क) | मह > १०० केजी/घार/वर्ष | मह > २० केजी/घार/वर्ष |
| उत्तम | (३०-४९ अङ्क) | मह ५०-९९ केजी/घार/वर्ष | मह > ११-१९ केजी/घार/वर्ष |
| मध्यम | (२०-२९ अङ्क) | मह २५-४९ केजी/घार/वर्ष | मह > ६-१० केजी/घार/वर्ष |
| कमसल | (०-१९ अङ्क) | < २४ केजी/घार/वर्ष | < ५ केजी/घार/वर्ष |

यसरी नै अन्य कोलमहरुको पनि अङ्क निर्धारण गर्न सकिन्छ ।

## २. भाले र रानी उत्पादन विधी

भाले र रानी उत्पादनका लागी मजबुत र प्रसस्त धाई मौरीहरु भएको गोला तयार गर्नु पर्दछ । त्यस्ता गोलाहरुमा प्रशस्त मात्रामा मह र कुटको भण्डारण तथा बच्चाहरु (broods) भएको हुनु पर्दछ । चरनमा प्रसस्त पराग र पुष्परस उपलब्ध भएको अनुकुल मौसमको छनोट गरी भाले र रानी उत्पादन गर्नु पर्दछ । नेपालको लागी माघ-फागुन वा बैशाख-जेष्ठको समय अनुकुल हुन्छ । त्यसरी तयार पारिएका गोलाहरु रानी रहित (queenless) बनाउनु पर्दछ । रानी र भाले उत्पादन गरिने गोलाको पैत्रिक गुणले उत्पादित भाले र रानी, तिनको चरित्र र सो रानी प्रयोग गरिने गोलाको चरित्रमा खासै फरक पार्दैन तर भाले र रानी उत्पादन गर्न प्रयोग हुने फूल/लार्भा र त्यसको आमा बाबुको चरित्र वा त्यस्ता फुल/लार्भा उत्पादन भएको मातृ गोलाको बानी व्यहोराले नयाँ पुस्ताको मौरी गोलाहरुको आनी बानी र बंस सुधारमा तात्विक असर पुऱ्याउँदछ ।

रानी र भाले पालन गरिने गोलाहरुलाई कम्तीमा २४ घण्टा अगाडि देखि रानी विहिन बनाउनु पर्छ । भाले पालन रानी भन्दा कम्तीमा १ हप्ता पहिले देखि सुरु गर्नुपर्ने हुन्छ । भाले उत्पादनलाई रानी भन्दा ७-८ दिन बढि समय लाग्दछ । समागम गर्नलाई २२-२४ दिन उमेरको भाले हुनु पर्दछ भने रानीले २-२५ दिन भित्र भाले लिन्छ । भाले पालनको लागि तयार पारिएको गोलामा विशेष प्रकारको भाले आधार चाका, छाउरा कक्ष बिचमा प्रयोग गर्नु पर्ने हुन्छ । त्यसमा कोषहरु विकास गरेपछि निकालेर छनोट गरेको मातृ गोलामा दिनु पर्छ । मातृ गोलाको रानीले भाले आधार चाकाका कोषहरुमा असेचित फूलहरु पार्दछ । पुन सो चाकालाई मातृ गोलाबाट निकाली भाले पालन गरिने घारको छाउरा कक्षको बिचमा घुसार्नु पर्दछ । त्यसपछी फूलबाट भाले छाउरा र भाले छाउराबाट क्रमश वयस्क भालेहरु तयार हुन्छन् । २२-२४ दिन उमेर पुगेपछी तिनीहरु समागमको लागी तयार हुन्छन् ।

रानीपालनको लागी कृतिम रानी कोषहरु तयार गरी सेल होल्डरमा मैनले टाँस्नु पर्दछ । त्यस्तो सेल वारलाई रानी पालन घारमा राखेपछी रानी बिहीन गोला भएकोले कर्मीहरुले ति रानी कोषहरुको मर्मत सम्भार गर्दछन् । त्यस पछी दोश्रो दिन त्यो सेल वार वाहिर निकालेर महबाट हरेक रानी कोषलाई प्राईमिङ्ग गर्नुपर्छ र मातृ गोलाबाट १ दिने कर्मी छाउरा, चादिको सियो (grafting needle) को मद्दतले हरेक कोषमा ग्राफ्टिङ्ग गरी पुन: रानी पालनको लागि तयार पारेको रानी विहिन गोलामा प्रतिस्थापन गर्नु पर्दछ । रानी पालन घारमा मौरीहरुले रानी कोषहरु विकास गर्दछन् । त्यस्ता हरेक कोषहरु ११-१२ दिनको दिन छुट्याई न्यूक्लियस गोलाहरुमा ग्राफ्टीङ्ग गर्नु पर्दछ । रानी कोषबाट रानी निस्किएको २ दिनपछि सम्भव भएसम्म पालन गरिएका भालेहरुको विर्य कृतिम रुपमा संकलन गरी रानीहरुलाई कृत्रिम गर्भाधान गर्नु पर्दछ, नत्र समागम क्षेत्र (Mating yard) को व्यवस्था गरी रानीहरु तयार गर्नु पर्दछ ।

## ३. लाईन ब्रिडिङ्ग (Line breeding)

मौरीहरुको वंश सुधारको लागी यो विश्वमा बहु-प्रचलित र सजिलो विधी हो । युरोपमा सन् १९३० को दसकमा यो विधी अपनाई ४ वर्ष भित्र मेलिफेरा मौरीबाट महको उत्पादकत्व १४८ पाउण्ड बाट ३९८ पाउण्ड घार पुऱ्याईएको थियो । यस विधीमा नराम्रो चरित्रका गोलाहरुबाट रानी हटाईन्छ र असल छनोट भएको मातृ गोलाबाट रानी ग्राफ्टिङ्ग गरिन्छ (जोन र थोमस, २०१५) । नेपालका मौरी फार्महरु (सरकारी वा निजी) हरुले पनि तुरुन्तै यो विधी शुरु गर्नु पर्ने देखिन्छ । यो विधी तुलनात्मक रुपमा साना फार्महरु र निश्चित प्रजातीका मौरी मात्र भएको

ठाउँको लागी बढी उत्पादक देखिन्छ । यस विधीमा मूख्यतया तलको ५ वटा खुड्किला पार गर्नु पर्छ :

१ असल चरित्रको आधारमा मातृ गोलाको निरन्तर छनोट ।

२ मातृ गोलाबाट रानी र भाले पालन/उत्पादन ।

३ मातृ गोलाको छाउराबाट उत्पादित कुमारी रानीहरुलाई मातृ गोलाको छाउरा पालन गरिएको भालेहरुबाट प्राकृतिक समागमको सुनिश्चितता ।

४ यसरी उत्पादीत रानीहरुको हरेक गोलामा प्रतिस्थापन

५ मातृ गोला छनोटको नियमित अबलम्बन, निरन्तररुपमा रानी र भाले पालन र रानी प्रतिस्थापन ।




चित्र नं. १: पाल्तु मौरीहरुको बंश सुधारको लागी लाईन ब्रिडिङ्ग चक्र, २०१५ (पोखरेल, २०१५)

यस विधीद्वारा केहि वर्ष भित्र मौरीहरुको बानी र पैत्रिक गुणमा सुधार भै बंस सुधार हुन जान्छ र मौरी उपजको उत्पादकत्व क्रमश बढाउन सकिन्छ । तर यो प्रकृया लगातार सालबसाली सञ्चालन गरी रहनु पर्दछ । तथापी यस प्रकारको बंश सुधार प्रकृया अपनाउदा inbreeding को कारण कहिलेकाही मौरी गोलाहरुको Hybrid vigour गुमाउने खतरा पनि हुन्छ । तथापी यो विधीबाट सुनिश्चित मातृ गोला (perfect stocks) तयार भै असल रानी उत्पादन र निश्चित जातिय विकासमा ठूलो सहयोग हुने देखिन्छ र यस्ता गोलाहरु वर्ण सकंर जातहरु (hybrid breeding) तयार गर्न सुद्ध जात (lnbrid line) को रुपमा समेत प्रयोग गर्न सकिन्छ ।

## ४. हाईब्रिड ब्रिडिङ्ग (Hybrid breeding)

जब लाईन ब्रिडिङ्गबाट तयार गरिएका सुद्ध जातहरु (inbrid lines) बिच क्रसिङ्ग गरिन्छ त्यसका वर्ण संखर पुस्ता (hybrid progeny) हरु तयार हुन्छन् र ति वर्ण सखर पुस्ता सामान्यतया तिनका आमा वा बाबु गोला भन्दा विशिष्ट (superrior) प्रकारका हुन्छन् । यसलाई हाईब्रिड भिगोर वा हेटेरोसिस (Hybrid vigour र heterosis) भनिन्छ । हाईब्रिड ब्रिडिङ्ग कार्यक्रम सामान्यतया, झन्झटिलो र सिपमुलक रहेको छ । यसको लागी हाईब्रिड रानीलाई सुद्धजातको (inbrid) भाले लगाउनु पर्ने हुन्छ । जसले गर्दा रानी र कमीहरु वर्ण संखर हुन पुग्दछन् । यो विधीमा कृतिम गर्भाधान विधी समेतको अनिवार्य अवाश्यकता पर्दछ (पोखरेल, २०१५) । अहिले ४ लाईन हाईब्रिड बडि प्रयोजनमा रहेको छ । यसको विधी चित्र २ मा दिईएको छ ।

वर्ण सखर बिधीबाट तयार पारिएको सबै रानी मौरीहरु देख्नमा एकनासका हृष्ट पुष्ट, सक्षम हुन्छन् । तथापी कर्मीहरु भने देख्नमा फरक फरक हुन सक्दछन् । यस्ता गोलाहरुमा हरेक वर्ष माथी भनिए झै तयार पारिएका रानीको प्रतिस्थापन (re-queening) गर्नु पर्ने हुन्छ ।




चित्र नं. २: ४ लाईन हाईब्रिड ब्रिडिङ्ग विधी (पोखरेल, २०१५)

यस विधीमा सबै भन्दा झन्झटिलो काम भनेको कृत्रिम गर्भाधान हो । यसको लागी २२-२४ दिन उमेर पुगेका भालेहरु (भाले पालन घारबाट) लाई समाउनु पर्दछ । टाउकोमा हल्का मालिस गरे पछी पेटको माथिल्लो भागबाट हल्का थिचि विर्य थैली बाहिर निकाली सिरिन्जको साहयताले विर्य संकलन गर्नु पर्दछ । करिब ४५-५० भालेहरुको विर्य संकलन गरि सकेपछी रानी मौरीलाई कार्वनडाई अक्साईडको साहायताले लठ्याउनु (anesthesia) पर्दछ र ह्यान्डलेन्स जडित यन्त्रको सहायता लिई एउटा फोरसेपले जनेन्द्रिय (vagina) खुलाई सिरिन्जको मद्दतले विर्य पठाउनु पर्दछ । कृत्रिम गर्भाधान भएको रानीलाई समागम नभएको प्रत्याभूती हुने भएकोले २५ दिनसम्म केही सुसारे मौरी सहित रानी पिजडामा घार भित्रै बन्दि बनाउनु पर्दछ । त्यसपछी उक्त रानीलाई मौरी गोलामा प्रतिस्थापन गर्न सकिन्छ । नेपालमा तत्काल पाल्नु मौरीहरुको हाईब्रिड ब्रिडिङ्गको थालनी गर्नु पर्ने देखिन्छ (पोखरेल, २०१५)।

### ५. उत्परिवर्तन (mutations)

संसार भरीमा ३० भन्दा बढि किसिमका उत्परिवर्तनहरु विकास गरिएको छ । जसबाट मौरीको नयाँ प्रजातीको विकास गरिएको छ । जापानमा यस विधीबाट नटोक्ने मौरीको विकास गरिएको छ । तर यस्ता उत्परिवर्तित वानी सबै जसो recessive छन् । यस्ता उत्परिवर्तनहरु भविष्यमा शत्रु जीवसँगको प्रतिरोधात्मक क्षमता विकास र खराव वानी व्यहोरा परिवर्तनको लागी सहायक हुन सक्दछन् (जोन र साथीहरु, २०१५) । नेपालमा यो कार्य गर्न नसकिए पनि भविष्यमा यसको खोज र अनुसन्धान गर्न सकिन्छ (पोखरेल, २०१५) ।

### ६. रानी बैंक, रानी प्रतिस्थापन र गोला विभाजन (Queen banking, Requeeing and colony divison)

भाले लागेका वा कृत्रिम गर्भाधान गरिएका रानीहरुलाई न्युक्लियस गोलाबाट झिकी, रानी पिजडामा खाना, सुसार मौरीहरु सहित राखेर एउटै घारमा धेरै संख्यामा (१००-२००) रानी संरक्षण गरी लामो समयसम्म राख्न सकिन्छ जसलाई रानी बैंक भनिन्छ । आवश्यकता परेको बखत रानी बैंकबाट रानी (पिजड सहित) निकाली अन्य गोलाहरुमा प्रतिस्थापन (Requeening) गर्न वा बिक्री वितरण गर्न सकिन्छ अथवा यि रानीहरुको प्रयोग गरी गोला विभाजन गर्न सकिन्छ ।

## घ. उपसंहार

नेपालमा भएका ए. सेराना र ए. मेलिफेरा मौरीका विभिन्न उपजातहरुको पहिचान गरी तिनको असल र खराब बानीको मापन गर्नु पर्ने देखिन्छ । राम्रो उत्पादन क्षमता, शत्रु जीवहरुसँगको प्रतिरोधात्मक क्षमता (defence/ resistancy), न्युनतम लुटलडाई, न्यूनतम हुल निर्यात गृह त्याग नहुने, उच्चतम गोलाको पुनर्विकास (quick recovery), कम चिल्ने र वातावरण अनुकुलता (adoptation) क्षमताका आधारमा नियमित रुपमा गोला छनोट गर्दै जानु पर्ने र छनोट भएका मातृ गोलाहरुको प्रयोग गरी लाईन ब्रिडिङ्ग र हाइब्रिड ब्रिडिङ्ग विधीबाट बंश सुधार गर्दै खराब बानी व्यहोरा न्युनिकरण गराई मौरी जन्य उपजको उत्पादन र उत्पादकत्व वृद्धि गर्नु पर्ने देखिन्छ । यसको लागी नकारात्मक गोला छनोट (negetive colony selection) र वितरण व्यवस्थालाई तत्काल बन्द गर्नु पर्ने, गोला विभाजन विधीमा सुधार ल्याउनुपर्ने, मातृ गोलाको व्यवस्थापनमा ध्यान दिनुपर्ने, भाले र रानी उत्पादन विधीको अनुसरण गर्नु पर्ने र लाईन ब्रिडिङ्ग र हाईब्रिड ब्रिडिङ्गको तत्काल सुरु गर्नुपर्ने देखिन्छ ।

## ङ. सन्दर्भ सामाग्रिहरु


१. जोन, आर.एच. र ई.आर. थोमस । २०१५ । ब्रिडिङ्ग एण्ड जेनेटिक्स अफ हनीवि । विकिपिङ्ग इन युनाईटेड स्टेडस् ।

२. पोखरेल, सुरोज । २००५ । नेपालको चितवनमा पाईने पाल्तु र जङ्गली मौरीहरुको वानी व्यहोरा र तिनको व्यवस्थापन । विद्यावारीधी सोधपत्र । त्रिभूवन विश्वविद्यालय, २४० पेजहरु ।

३. पोखरेल, सुरोज । २०१३ । हनीविज । वायोलोजिकल डाइभर्सिटी एण्ड कन्जरभेसन । उध्रित : झा, पि.के., एफ.पी. न्यौपाने, एम एल श्रेष्ठ र आई.पि. खनाल (ईडि) । नेपाल पिडिया । नेपाल एकेडेमी अफ साईन्स एण्ड टेक्नोलोजी । २:३७३-३८१ ।

४. पोखरेल सुरोज र आर.वि. थापा । २००८ । बिकिपिङ्ग ईन चितवन:प्रोल्वेमस् एण्ड पोसिवल सोलुसनस् । जर्नल अफ प्लान्ट प्रोटेक्सन सोसाईटी: १:१२२-१३६ ।

५. वर्मा, एल.आर. । १९९० । विकिपिङ्ग ईन ईन्टेग्रेटेड माउन्टेन डेलेलोपमेन्ट: ईकोनोमिक एण्ड साईन्टिफिक रेस्पेक्टिभ:, अक्सफोर्ड एण्ड आई. वि. एच. पब्लिसिङ्ग क. ईन्डिया । पेज ३६४१० ।

६. पोखरेल, सुरोज । २०१५ । निड अफ जेनेटिक इम्भ्रुभमेन्ट अफ हनि बि कोलोनिज ईन नेपाल । जर्नल अफ ईन्भायोरोमेन्ट साईन्सेस् । १:१७३-१८३ ।

# महं उत्पादन, संकलन, प्रशोधन र भण्डारन



ध्रुवतारा लामिछाने

## मह उत्पादन

“मह” उत्पादन भन्नाले मौरीद्वारा फूल वा रुख बिरुवाको कुनै भागको रस,चोप तथा हनीडूयु जम्मा पारी मौरीद्वारा नै घारमा विशेष प्रकारले तयार पारेको गुलियो र बाक्लो तरल खाद्यपदार्थलाई मह भनिन्छ । यो कुनै बाह्य खाद्य वा अखाद्य पदार्थ रहित शुद्ध र स्वच्छ हुनु पर्दछ र देहाय बमोजिमको गुणस्तर परिधि अनुरुपको हुनुपर्नेछ :–

| क.स.<br>SN | तत्वहरु<br>Parameters | सिमाङकन<br>Limit |
|---|---|---|
| १ | पानी<br>Moisture | २३ % भन्दा नवडेको<br>NMT 23 % |
| २ | भस्म<br>Ash | ०.५ % भन्दा नवडेको<br>NMT 0.5% |
| ३ | सुक्रोज<br>Sucrose | ५% भन्दा नवडेको (पुष्प रसको श्रोतमा)<br>१०% भन्दा नवडेको (हनिडूयु हनि तथा अन्य)<br>NMT 5% (Pure flower nectar)<br>NMT 10% (Others) |
| ४ | रिडयुसिङ सुगर<br>Reducing Sugar | ६५% भन्दा नघटेको (पुष्प रसको श्रोतमा)<br>६०% भन्दा नघटेको (हनिडढ् हनि तथा अन्य)<br>NLT 65% (Pure flower nectar)<br>NLT 60% (Others) |
| ५ | फ्रुक्टोज/गुल्कोजको अनुपात<br>Fructose / Glucose ratio | ०.९५ नघटेको<br>NLT 0.95 |
| ६ | अम्ल एव फर्मिक अम्ल<br>Acidity as formic acid | ०.२% भन्दा नवडेको<br>NMT 0.2% |
| ७ | पानीमा नघुल्ने ठोस पदार्थ<br>Water insoluble solid | ०.५% भन्दा नवढेको<br>NMT 0.5% |
| ८ | ह्राडोक्सी मिथाइल फरफ्रल<br>Hydroxymethy furfural | ४० मिलि ग्राम/किलोग्राममा नवडेको<br>NMT 40 mg/kg |

*स्रोत : नेपाल सरकार, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग*

माथि उल्लेखित मापदण अनुसार मह उत्पादन गर्न समयमै सहि तरिकाले मौरी गोला व्यवस्थापन गर्नु पर्दछ । यदि समयमा नै गोलाको व्यवस्थापन ठिक तरिकाले गरिएन भने मौरी गोलामा कर्मिमौरीको संख्या कम हुन गई मह उत्पादनमा कमि हुन सक्छ । गुणस्तरिय एवम् वडिमह उत्पादनका लागि निम्नअनुसारको तयारी गरिनु पर्दछ ।

- चरन सुरु हुनु अगाबै गोलामा गुणस्तरिय रानी फेरि उचित कृत्रिव आहारको व्यवस्थापन गरि गोला दरिलो वनाउनु पर्दछ ।
- चरनको छनौट, चरनको क्षमता एवम् स्वस्च वातावरण पहिचान गरि मौरी खर्क स्थानान्तरण गरि राख्नु पर्दछ
- गुणस्तरिय मह उत्पादनका लागि पुराना काला चाका हटाइ नयाँ आधार चाका जडान गरी मह खण्ड तथा रानी छेक्ने पाता प्रयोग गर्नु पर्दछ ।

- महकक्षमा ८०% भन्दा बडि मह टालिसके पछि उपयुक्त वातावरणमा स्वस्च सामाग्री फुड ग्रेड स्टील वा सिसा प्रयोग गरि मह काड्नु पर्दछ ।
- यसरी काडीएको महलाई सफा स्टीलको जालिले छानि स्वस्छ सफा भाँडामा संकलन गरि उपयुक्त तापक्रम तथा कम आद्रता भएको कोठामा भण्डारन गरिनु पर्दछ यदि लामो समय सम्म भण्डारन गर्ने हो भने तैराउने र थेग्राउने विधि अपनाई हावा नछिर्ने गरि ठुलो भाँडा (कन्टेनर) मा भण्डारन गर्नु पर्दछ । यसरी भण्डारन गरिएको महको गुणस्तर माथि उल्लेखित परिधी अनुरुप हुनु पर्दछ ।

### मह प्रशोधन :

मौरीले फुलहरुवाट संकलन गरि ल्याएको पुष्प रसलाई मौरीले मधु थैलिसम्म लैजाने र उकेल्ने प्रकृया गरि पुष्प रसमा विभिन्न किसिमका तत्वहरु मौरीको शरिरबाट मिसाई पानीको मात्रा घटाएर मौरीले नै प्रशोधन गरि चाकामा ८०% भन्दा धेरै कोष टालि भण्डारन भएको मह आफैमा प्रशोधित हुन्छ । यसरी काड्यिको गुणस्तरीयमह जस्ताको तस्तै उपभोक्तसम्म पुऱ्याउन सके महलाई प्रशोधन गर्नु पर्दैन तर मह काड्दा महमा मैन, पराग, बच्चा तथा अन्य बाहिरि वस्तु विसिन गई मह दुषित हुन सक्छ यसरी अन्य तत्व मिसिएको महबाट अनावश्यक मिसिएको तत्व हटाई २०% भन्दा कम पानीको मात्रा कायम गरि छान्ने प्रकृयालाई मह प्रशोधन भनिन्छ ।

### प्रशोधन गर्दा ध्यान दिनुपर्ने कुराहरु

- मह प्रशोधन कक्षमा २०% भन्दा कम आद्रता भएको वातावरणमा मह प्रसोधन गर्दा महको गुणस्तर राम्रो हुन्छ ।
- मह प्रशोधन गर्दा फुडग्रेड स्टील, सिसा एवम् खाद्य वस्तुराख्न उपयोगि भाडा तथा मेसिनहरुको प्रयोग गर्नु पर्दछ ।
- मह प्रशोधन गर्दा चरनको विविधतालाई ध्यानमा राखि एकलश्रोत, बहुश्रोत तथा भोलमह, दानेदारमह (जमेको मह), कृममह एवम् चाका मह उत्पादन गर्ने हो भने सोहि अनुरुप भिन्दा भिन्दै प्रशोधनको विधि अपनाउनु पर्दछ ।

### मह तैराउने तथा थेग्राउने विधी

#### १. मह प्रशोधन गर्ने घरेलु विधि :-

यस घरेलु विधिबाट मह प्रशोधन गर्दा सवैभन्दा पहिला महलाई मलमलको दुई पत्र कपडा (सम्भव भएसम्म फिल्टर कोल्थ अथवा स्टीको जाली) प्रयोग गरि छान्नु पर्दछ । यसरी छानिएको महलाई १०० किलोग्राम भन्दा धेरै महजाने भाँडामा राखि तैराउने /थेग्राउने विधी अपनाई उक्त भाँडामा ७२ घण्टा भन्दा वडि मह राखेर विचको राम्रो मह निकालि लामो समयका लागि भण्डारन गर्ने वा वोटलमा प्याकिङ गरि विक्रिका लागि मह तयार गर्न सकिन्छ । यो प्रकृया मह काड्ने बित्तिकै अपनाउनु सबैभन्दा उत्तम हुन्छ ।



२. आधुनिक तरिकावाट महलाई प्रशोधन गर्दा ४५ देखि ६० डिग्री सेन्टीग्रेड सम्म अप्रतेक्ष महलाई तताई छान्ने कपडा तथा स्टीलको जालिबाट महलाई फिल्टर गरि महमा २०% भन्दा कम पानीमो मात्रा कायम गरी तुरुन्तै तातो महलाई चिस्याई ७२ घण्टा भन्दा वढि समय सम्म टङ्कीमा थिग्राई महलाई वोटलिङ वा भण्डारन गर्ने भाडामा हावा नछिर्ने गरि विर्को बन्द गरि सम्भव भएसम्म १८ डिग्री सेन्टीग्रेड तापकम भन्दा कम भएको गोदाममा भण्डारन गर्दा महको गुणस्तर लामो समय सम्म पनि यथापतै राख्न सकिन्छ ।




**क. सामान्य घरेलु प्रशोधन विधि :-** यो विधिवाट मह प्रशोधन गर्दा गाउँघरमा उपलब्ध स्टीलका भाँडा तथा जालि प्रयोग गरि महलाई अप्रतेक्ष रुपमा तताई मह पग्लिन्जेलसम्म राम्रोसंग चलाई निस्किएको फिजलाई हटाई स्टीलको जालिबाट महलाई छानि पुन अर्को स्टीलकै भाँडामा ७२ घण्टा भन्दा वडि महलाई थिग्राई फेरी माथिलागेको तरलाई हल्कासंग निकालि महलाई आवश्यकता अनुसार भण्डारन गर्न वा वोटलिङगर्नका लागि मह तयार गरिन्छ ।

**ख. बैज्ञानीक / व्यवसायिक प्रशोधन गर्ने तरिका :-**

आधुनिक तरिकावाट मह प्रशोधन गर्दा महलाई व्याच पास्चुराईजरमा ४५ देखि ६० डिग्री सेन्टीग्रेड सम्म पास्चुराईजेसन गरी महलाई प्रेशर फिल्टर, माक्रो फिल्टरवाट फिल्टर गरि महमा पानीको मात्रा वडि भए पानीको मात्रा घटाउने मेशिनमा महलाई पठाई सकेपछि चिस्याउने मेसिनवाट महलाई सामान्य तापक्रममा भारी मह भण्डारन गर्ने भाँडामा ७२ घण्टा भन्दा वडि राखि उक्त महलाई आवश्यकता अनुसार वोटलिङ तथा भण्डारन गर्न सकिन्छ ।



## मह प्रशोधन गर्ने तरिका

**प्रि इष्टोरेज ट्याक** ← मौरीबाट मह निकालेको झोल अवस्थाको महलाई सर्वप्रथम थिग्रराउने तैराउने विधि अपनाई महमा भएको अन्य वस्तुलाई तैराएर वा थिग्ररायर सफा महलाई पाष्चराइजरमा पठाउने

**हट रुम** ← जम्ने किसिमका महलाई हट रुममा राखी पगालिन्छ । यसरी पग्लीएको मह ट्रेमा खस्दछ, सो महलाई हनी पम्पले पाश्चराइजर सम्म पठाइन्छ ।

**पाष्चराइजर** ← महलाई आवश्यकता अनुसार पाष्चराइजरमा ४५°C देखि ६०°C सम्म तताई महलाई पगालिन्छ ।

**प्रि फिल्टर** ← महमा थिग्रराउने र तैराउने तरिकाबाट नछानिएका अन्य वस्तुलाई फिल्टर गरिन्छ ।

**मोक्चर रिड्क्सन युनिट** ← यदि महमा २० प्रतिशत भन्दा वढी पानीको मात्रा भएमा यस युनिटबाट पानीको मात्रालाई वास्वीककरण गरी महमा पानीको मात्रा २० प्रतिशत भन्दा कम गरिन्छ ।

**हनि पम्प** ← प्रि फिल्टरबाट सफा गरिएको महलाई पुन: थप फिल्टरका लागि प्रेसर फिल्टरमा पठाउने काम गर्दछ ।

**हिट एक्सचेन्जर** ← प्रि फिल्टरबाट फिल्टर भएको महलाई आवश्यकता अनुसार ६५°C मा कायम गरि प्रेसर फिल्टरमा सफासँग फिल्टर गर्नका लागि तयार गरिन्छ ।

**प्रेसर फिल्टर** ← महमा भएका स-साना आँखाले समेत देखाउन नसकिने वस्तुलाई फिल्टर गरि महलाई शुद्ध सफा गरिन्छ ।

**कुल्लीन कण्डेन्सर** ← यसरी ६०°C को मह फिल्टर भएर आएपछि महमा पि.एच. नवढोस भन्नका लागि तुरुन्तै महलाई करिव ४०°C भन्दा कम चिसो पारिन्छ र सो महलाई स्टोरेज ट्यकी तर्फ पठाइन्छ ।

**स्टोरेज/व्यलेण्ड ट्याकी** ← पूर्ण रुपमा सफा भई आएको महलाई २४ घण्टा देखि ४८ घण्टा सम्म थिग्राएर राखिन्छ वा सेमि प्रशोधन गरिएको महलाई स्टोरेज तथा ब्लेण्डेड ट्याकीमा राखी अलग अलग स्रोत र अलग अलग स्थानको महलाई मिसाई एकै किसिमको स्वाद र रंगमा महलाई तयार गरीन्छ ।

**हिट एक्सचेन्जर** ← २४ घण्टा देखि ४८ घण्टा सम्म थिग्रीएको चिसो सफा महलाई फिल्लर मेसिन सम्म पठाउँदा पुन: ४५°C को तापक्रममा महलाई परिवर्तन गर्दछ ।

↓

**फिल्टर** ← महमा थप अन्य केहि चिज भए पुन: ५५° C तापक्रममा फिल्टर गरि फिलर मेसिन तिर पठाईन्छ ।

↓

**फिल्लर मेसिन** ← ५५°C तापक्रमको महलाई आवश्यकता अनुसार ५० ग्राम देखि १ के.जि. सम्मको स्टलाइज गरिएको बोतलमा भर्ने काम गर्दछ ।

↓

**एल्मुनियम फाइल सिलिङ मेसिन** ← फिल्लर मेसिनबाट भरिएको महलाई तुरुन्तै एल्मुनियम फाइल टाँसी विर्को लगाउने कार्य गरिन्छ ।

↓

यसरी तयार गरिएको महलाई वोतलको साइज अनुसार लेवल लगाई विर्कोमा पुन: स्रिङ्क प्लास्टीकले सिल गरि कार्टुनमा राखि विक्रीका लागि तयार गरिन्छ ।

**नोट :** प्रशोधन कार्य सुरु गर्न थाले देखि नै प्रशोधन गरि सकेपछि राखिने जारलाई वासिङ्ग मेसिनले बोतललाई सफा सँग धोई उमालेको पानीले पखाली सुख्खा गरि मह भर्न का लागि बोतल तयार गरिन्छ ।

– महमा कुनै पनि वाहिरबाट अन्य तत्व तथा परिरक्षी राख्नु पर्दै ।

## ध्यान दिनुपर्ने कुराहरु:-

### क) भण्डारणको लागि अनुकुल वातावरण

- आद्रता २० % भन्दाकम नभएमा ओस तान्छ ।
- Air tight नभएमा Formentation हुन्छ ।
- Temperature १४ से. भन्दाकम भए मह छिटो जम्छ वा दाना दार हुन्छ ।
- महमा सिधाघाम परेमा मह विग्रन गई महको रगं परिवर्तन हुन्छ ।
- मह राख्न प्रयोग हुने भाडा वर्तन फुडग्रेड शिसा पलाष्टिक माटोको भाडो आदि मा विर्को Air tight गर्न सक्ने खालको हुनुपर्दछ ।
- मह भण्डारण गर्दा उत्पादन मिति भण्डारन गर्न सकिने अवधी लेखिनु पर्दछ ।

### ख. गुणस्तर कायम राख्र्न ध्यान दिनुपर्ने कुराहरु

- बजारको माग अनुसारका श्रोतहरुको सदुपयोग गर्ने र सोही अनुरुप चरन श्रोतको विकास गर्ने .
- अर्गानिक मह उत्पादन गर्न मौरी गोलामा एन्टीवायोटिक विषदी प्रयोगको सट्टा जैविक तरिकावाट मौरीको शत्रुहरुको व्यवस्थापन गर्ने र अर्गानीक महको प्रमाणिकरण अपनाउने ।
- मह काट्दा, प्रशोधन गर्दा र मह भण्डारण गर्दा तावा, फलाम, पित्तल जस्ता धातुवाट वनेका मह मदानी र भाडा वर्तनहरुको प्रयोग नगर्ने ।
- सुपरवाट मात्र मह काड्ने र महमा वच्चा मैन कुट आदी मिसिनवाट जोगाउने । रानीपाताको प्रयोग गर्ने ।
- महको भौतिक गुण विग्रन नदिन महलाई प्रशोधन गर्ने र उचित तरिकाले प्याकिङ्ग गर्ने, तथा भण्डारण गर्ने ।
- महले ओस, वास्ना, गन्ध आदी तान्न सक्ने भएकोले सोवाट जोगाउने ।
- महको रसायनिक संरचना विग्रन नदिन टालेको पाकेको मह काड्ने मिसावट नगर्ने ।
- श्वस्थ, अर्गानिक मह उत्पादन गर्न नितिगत व्यवस्था मिलाउने र सो को वजार सरलिकर गर्ने ।
- कीटनाशक विषादीवाट मौरीलाई वचाउने उपायहरु
- रोगकीरा नियन्त्रण गर्दा रासायनिक विषादीहरुको सट्टामा जैविक विषादी वा वनस्पति जन्य विषादीहरुको प्रयोग गर्ने ।
- फुल फुलेको वेलामा रासायनिक विषादीहरुको प्रयोग नगर्ने, गर्ने परेमा फुल फुल्नु अगावै वा फुल फुलीसकेपछी मात्र प्रयोग गर्ने ।
- छिमेकीहरुलाई विषादीको प्रयोग गर्नु पहिल्यै मौरीपालकलाई विषादीको प्रयोग वारे खवर गर्न पर्दछ भन्ने कुराको जनचेतना फैलाउने ।
- अन्य किसानले विषादीको प्रयोग गरेको थाहा भएमा मौरीगोलालाई चीनी चास्नी दिई २=३ दिनसम्म घार भित्र वन्द गर्ने ।
- विषादी प्रयोग गरिने क्षेत्रमा मौरी गोलालाई स्थानान्तरण नगर्ने यदि विषादि प्रयोग गरिएको देखिएमा मौरीगोला प्याकिङ्ग गरेर ५ किलो मिटर टाढा अर्के चरन क्षेत्रमा स्थान्तरण गर्ने ।
- मौरीपालन क्षेत्रमा विषादीको प्रयोग नगर्ने

# महासंघको प्रस्तावित आचारसंहिता, २०६३

**पृष्ठभूमि :**

नेपाल मौरीपालक महासंघको विधान २०५५ (प्रथम संशोधन २०६१) को दफा १० (क) ले दिएको अधिकार प्रयोग गरी नेपाल मौरीपालक महासंघमा उक्त विधान अनुसार आवद्ध मौरीपालक व्यवशायीहरु, श्रोत केन्द्रहरु, सहकारीहरु, जिल्ला एवम् केन्द्रका सदस्यहरु एवम् पदाधिकारीहरु आचरण सम्वन्धमा मिति २०६३/०६/०५ मा सम्मन्न आठौं साधरण सभा द्वारा पारित गरी यो आचार सहिता लागु गरिएको मा प्रस्तावित संशोधन २०६५

## १. गुणस्तरीय मह सम्बन्धि आचरण

१.१ उत्पादन गरिने महको गुणस्तर निम्न मापदण्ड बमोजिम हुनुपर्ने छ ।

| | | |
|---|---|---|
| ✔ | पानीको मात्रा | २०% अधिकतम |
| ✔ | भष्म | ०.१०%देखि ०.१५% |
| ✔ | चिनी मात्रा कम | ७२% न्युनतम |
| ✔ | सुक्रोज | १% अधिकतम |
| ✔ | ग्लुकोज फुटोज अनुपात | १ न्युनतम |
| ✔ | Fiech's परीक्षण | नेगेटिभ |
| ✔ | अम्लिय पना (फर्मिक एसिड) | ०.१०% |
| ✔ | पि.एच. | ३.५२% अधिकतम |
| ✔ | एच.एम.एफ.मितिग्राम प्रतिकेजी | ४० अधिकतम |

१.२ गुणस्तरको विश्वसनियताका लागि अन्य परीक्षण अन्तरराष्ट्रिय मापदण्ड बमोजिम हुनुपर्नेछ ।

१.३ मह काढनु भन्दा पहिला मह चाकामा भएका कोषहरु कम्तिमा ८०% टालिएको हुनुपर्नेछ ।

१.४ चरनको मौसम सुरु हुनुभन्दा एक महिना अगावै मौरीघारमा औषधी एवम् रसायनहरु प्रयोग गर्न मनाही छ । रसायन प्रयोग गर्दा सकेसम्म जैवीक विधि अपनाउने अन्यथा संघले तोकेको मात्र औषधी एवम् रसायनको प्रयोग गनुपर्नेछ ।

१.५ बच्चा कक्ष बाट मह काढन मनाही छ ।

१.६ महलाई कहिले पनि सिधै नतताउने र ५५ डिग्री से. भन्दा माथी तापक्रम दिइ नतताउने ।

१.७ आधार चाका शुद्ध मौरीको मैन बाट तयार गरिएको हुनुपर्नेछ ।

१.८ फ्रेममा आधार चाका प्रयोग गर्दा अनिवार्य रुपमा माथिल्लो डण्डीमा देखिने गरि मिति लेखिएको हुनुपर्नेछ र उक्त चाका दुइ वर्ष भन्दा बढी प्रयोग गनुहुदैन ।

१.९ स्वस्थ एवम् सफा विश्वसनिय उत्पादन गर्न मह काढने र भण्ढारण गरिने सम्पुर्ण उपकरण एवम् सामाग्रीहरु स्टेनलेस स्टील अथवा फुड ग्रेड प्लाष्टिक वा सिसाको हुनुपर्नेछ ।

१.१० खुल्ला वातावरण र उच्च आद्राता भएका वेलामा मह निकाल्न हुने छैन ।

१.११ विभिन्न स्रोतहरुबाट निकालिएको मह पुरानो र नया स्टक मह कच्चा प्रशोधन गरिएको मह एक आपसमा मिलावट गरिनु हुदैन ।

१.१२ मह भण्डारण गरिने कोठाको तापक्रम २० देखि २२ डिग्री सेन्टिग्रेड विच हुनुपर्नेछ ।

१.१३ मह भण्डारण गरिने कोठा सुख्खा, सफा, धुवारहित र गन्धरहित हुनुपर्नेछ र आद्रतालाई ध्यान दिनुपर्नेछ ।

१.१४ तोकको मापदण्ढ भन्दा कम गुणस्तरको मह स्वीकार्य हुनेछैन र यसको जिम्मा उत्पादक स्वयं हुनुपर्नेछ ।

## २ चरन व्यवस्थापन सम्बन्धी आचरण

२.१ मौरीघारलाई स्थानान्तरण गर्नु भन्दा अगावै चरन क्षेत्रको आकार र चरन क्षमता पहिचान गरी निष्चित गर्नु पर्ने छ । साथै महासंघद्धारा जारी चरन निर्देशिकाको अधिनमा रहि गोला स्थानान्तरण कार्य गर्नु पर्ने छ ।

२.२ मौरीपालकले आफ्नो जिल्लाबाट अर्को जिल्लामा गोला स्थानान्तरण गर्दा सम्बन्धीत जिल्लाशाखाको पूर्व स्विकृती लिनुका साथै आफ्नो जिल्ला स्थित मौरीपालक जिल्ला शाखालाई जानकारी गराउनु पर्ने छ ।

२.३ चरनको मौसममा गोला स्थानान्तरण सम्बन्धि जानकारी

सम्बन्धीत जिल्लाशाखाले जिल्ला स्थित कृषि विकाश कार्यालय र महासंघलाई गराउनु पर्ने छ ।

२.४ प्रत्येक जिल्लाशाखाहरु तथा सदस्यहरुले नेपाल मौरीपालक महासंघको चरन निर्देशिकाका साथै समय-समयमा केन्द्रले परिपत्र गरेका निर्देशनहरु पूर्णतया पालना गर्नुपर्ने छ ।

२.५ आफ्नो व्यक्तिगत फाईदाको लागि मौरी गोला स्थानान्तरण गर्दा अनावश्यक शुल्क, चन्दा वा घुस दिन पाईने छैन ।

२.६ सरुवा रोगबाट संक्रमितगोलाहरु स्थानान्तरण गर्न पाईने छैन ।

२.७ गोला स्थानान्तरण गर्दा एवम् चरनमा रहेका वेलामा हुने कुनैपनि प्रतिकुल परिस्थितीको स्वयम् जिम्मेवार एवम् जावाफदेहि हुनु पर्ने छ । साथै महासंघको निति नियम विपरीत कार्य गरेमा स्वयम् जिम्मेवार हुनेछ । चरनमा रहेको समयमा मौरीपालकलाई परेका अप्ठयारोमा महासंघले नियतगत रुपमा सहयोग गर्ने छ ।

२.८ किटनासक औषधीहरु अत्याधिक प्रयोग गरिने क्षेत्रमा गोला स्थानान्तरण गरिनु हुदैन ।

२.९ जिल्लाशाखा द्वारा अनुमती प्रदान गरीएको चरन क्षेत्र तोकिएको न्युनतम मापदण्ड भित्र नपरेको पाईएमा सम्बन्धित मौरीपालकले महासंघमा उजुरी गर्नसक्नेछ र त्यसको सुनुवाई गरिनु पर्नेछ ।

२.१० जिल्लाका मौरीपालकहरुलाई प्राथमिकतामा राखि चरन क्षेत्र प्रयाप्त भएको ठहर गरेको खण्डमा अन्य जिल्ला स्थित मौरीपालकलाई चरनको लागि सम्बन्धित जिल्ला शाखाले स्विकृति दिन पर्नेछ ।

## ३ बजार सम्बन्धि आचरण

३.१ प्याकिङ्ग र खुद्रा विक्रिका लागि नेपाल सरकारबाट आज्ञापत्र अनिवार्य रुपमा लिनु पर्नेछ ।

३.२ प्रयोगशालामा परीक्षण गरि गुणस्तरीय मापदण्ढ भएको महलाई मात्र वजारमा विक्रि गर्न पाइनेछ ।

३.३ प्याकेज गरिएको उत्पादनको लेवलिङ्गमा उत्पादक अनुज्ञापत्र नं. तौल, श्रोत, व्याच नं. उत्पादन मिति र प्रयोग गर्न सकिने अन्तिम मिति स्पष्टसँग उल्लेख गरिएको हुनुपर्नेछ ।

३.४ न्युन गुणस्तरको महलाई प्रर्वद्धन गरिने छैन ।

३.५ राष्ट्रिय तथा अन्तरराष्ट्रिय बजारको आधारमा महको मुल्यलाई समय अनुसार समायोजन गरिदै लगिने छ ।

३.६ महको मुल्य, गुणस्तर तथा बजारका विषयमा अस्वस्थ प्रतिर्स्पधा गर्न पाइने छैन ।

३.७ महको बजारीकरणकालागि स्वस्थ प्याकेजिङ्ग र बोतलिङ्ग अनिवार्य हुनेछ ।

३.८ बजारको सुनियोजितताको लागि मह र अन्य मौरीजन्य वस्तुको उत्पादन लागत कम गर्नुपर्नेछ ।

३.९ मह प्याकेज गरिएका बोतलहरु सिल्ड गरिएको हुनुपर्नेछ र स्वस्थताका लागि गुणस्तरिय तथा पारदर्शि गिलास वा फुडग्रेड प्लाष्टिकको प्रयोग गर्नुपर्नेछ ।

३.१० महको लेवल टास गर्दा वोतलको ३०% भन्दा बढी भाग छोपीएको हुनुहुदैंन ।

३.११ नक्कली मह उत्पादक तथा बिक्रि गर्नेलाई कारबाही गरिने छ । साथै सो कार्यलाई निरुत्साहित गरिने छ ।

३.१२ मौरीजन्य सामानहरु आयात गर्दा क्वारेन्टाईन पास गरेर मात्र गर्नुपर्नेछ ।

३.१३ स्रोतकेन्द्र, प्राइभेट फर्म वा Input Suppliers ले गुणस्तरीय सामाग्री मात्र बेच्नुपर्नेछ ।

## ४ आर्थिक अनुशासन सम्बन्धि आचरण

४.१ महासंघको कुनैपनि चल अचल सम्पति आफ्नो मनोमानी ढंगले खर्च गर्न वा मास्न पाइने छैन ।

४.२ महासंको आर्थिक कारोबार प्रचलित कानुन सम्बत विधि सम्बत गर्ने अधिकार प्राप्त अधिकारी द्वारा प्रमाणित गरि ठिक दुरुस्त अभिलेख राख्नु पर्दछ ।

४.३ महासंघको निति नियमले तोकेभन्दा बढी या नियम मा उल्लेख नभएको रकम या सुविधा आफु खुशी कसैले प्रयोग गर्न पाउने छैन ।

४.४ महासंघको कुनै पनि पदाधिकारी, सदस्य एवम् कर्मचारीले आफ्नो जिम्मामा तोकेभन्दा बढी रकम, बढी समय राख्नुहुदैन ।

४.५ प्रत्येक पदाधिकारी, सदस्य एवम् कर्मचारी संस्थागत आर्थिक क्रियाकलापमा पारदर्शिता हुनुपर्नेछ ।

४.६ महासंघले प्रत्येक क्रियाकलापहरु र कार्यक्रमहरुको सार्वजनिक लेखा परीक्षण अनिवार्य गर्नुपर्नेछ ।

## ५ पेशागत आचरण

५.१ मौरीपालकहरुले स्व रोजगार र व्यवसायिक विकासलाई उच्च प्राथमिकता दिनुपर्नेछ ।

५.२ पेशागत नैतिकता एवम् मर्यादालाई उच्च प्राथमिकता दिनुपर्नेछ ।

५.३ मौरी उद्यमशिलता विकास एवम् सदस्यता विस्तारमा सदस्यहरुले महिला, दलित, अपाङ्ग तथा विपन्न पछाडी पारीएका वर्गलाई प्रोत्साहन गर्नुपर्दछ ।

५.४ स्रोत केन्द्रहरु, मौरी सामाग्री वितरक, थोक तथा खुद्रा विक्रेताहरु,

निजी फर्महरु, सहकारीहरु र समुहहरु विच आपसमा घनिष्ट सम्बन्ध हुनुपर्नेछ ।

५.५ सेराना तथा मेलिफेरा दुवै जातका मौरी पाल्ने कृषकहरु बिचको आपसी समन्वय राम्रो एवम् विकसित हुनुपर्नेछ ।

५.६ मौरीमा सरुवा भयानक रोगहरु देखा परेमा तुरुन्तै मौरीपालक र सम्बद्ध निकाय बिच उपयुक्त निकासको वातावरण सृजना गर्नका लागि समन्वय तथा सो विरुद्धमा आवाज उठान एवम् आपसमा संगठित हुनुपर्नेछ ।

५.७ मौरीपालन सम्बन्धि ज्ञान, दक्षता एवम् प्रविधिहरु एक आपसमा मौरीपालकहरुले हस्तान्तरण गर्दै जानुपर्नेछ ।

५.८ अत्याधिक विषदीको प्रयोग हुने ठाँउ, मौरीपालकहरु विचमा अस्वस्थ प्रतिस्पर्धाले गर्दा द्वन्द वढेको ठाँउमा मौरीपालक र वाली उत्पादक विच द्वन्द भएको स्थानमा मौरीपालन गतीविधि सञ्चालन गरीने छैन ।

५.९ नेपाल सरकारको अनुमती र मौरीपालक संघको सिफरिस विपरित कुनै पनि मौरी एवम् मौरी जन्य उपजहरुको आयात गर्न पाईने छैन।

५.१० आचार सहिंताको पूर्णरुपमा पालना गरी मापदण्ड अनुसारको गुणस्तरीय मह उत्पादन गर्नलाई प्याकेजिङ्ग वोतलमा लगाउन मह गुणस्तरीय चिन्ह (लोगो) प्रदान गरीने छ ।

५.११ मह गुणस्तरीय चिन्ह (लोगो) को दुरुपयोग गर्न पाईने छैन । यदी दुरुपायेग भएमा प्रचलित कानुन बमोजिम कारवाही गरिने छ ।

५.१२ मौरी व्यवशायीहरुले सहकारीताको भावनालाई कदर गर्नु पर्ने छ ।

५.१३ मौरीपालक कृषकहरुले नेपाल मौरीपालक महासंघको आफ्नो पहिचान झल्किने गरी सम्बन्धीत जिल्लाशाखाको नाम सहितको लोगो प्रत्येक घारमा प्रष्ट देखीने गरी लगाउनु पर्ने छ ।

## ६ सदस्यको अयोग्यता सम्बन्धी आचरण :

देहायका अवस्थामा सदस्यहरु यस महासंघको सदस्यताको लागि आयोग्य मानिनेछन् ।

६.१ सदस्यको अयोग्यता प्रमाण सहित जिल्लाशाखाले गरेको सिफरिस अनुसार केन्द्रिय महासंघले ठहर गरि निर्णय गरेमा ।

६.२ महासंघको विधान, निति नियम र आचार संहिताको उल्लङ्घन एवम् निराधार रुपमा महासंध विरुद्ध सार्वजनिक स्थानमा बहस वा अन्य सदस्यलाई समेत भड्काउने काम गरेको भन्ने स-प्रमाण पुष्टि भई निलम्बीत भएमा ।

६.३ आचार संहिता अनुकुलको आचरण नगर्ने कर्मचारी, सदस्य एवम् पदाधिकारीलाई महासंधको विधान २०५५ दोस्रो संशोधन २०६४ को दफा २४ ले दिएको अधिकार प्रयोग गरी कुनै पनि वेला अवस्था हेरी सचेत गराई आवश्यकता अनुसार निलम्बन एवम् निस्काशन गर्न सकिने छ ।

६.४ कारवाहिमा परेका सदस्यलाई सफाईको मौकाबाट भने वञ्चित गरिने छैन ।

## बैठक सञ्चालन आचार संहिता २०७१

१. बैठक को मिति स्थान र समय तोकिनु पर्ने ।

२. बैठक निधारित समयमा सञ्चालन गर्नेुपर्ने ।

३. बैठकमा उपस्थित सम्पुर्णले मान्यताक्रम अनुसार सवैको आदर गर्नु ।

४. बैठकलाई मर्यादित बनाउनु पर्ने ।

५. बैठकमा अध्यक्ष/महासचिवले एजेण्डाहरु पेश गर्नेुपर्ने ।

६. बैठक छोटो र मिठो रुपमा सन्चालन गर्नेुपर्ने ।

७. आफना कुनै एजेण्डा भएमा अध्यक्षसंग अनुमति लिएर पेश गर्नेुपर्ने ।

८. बैठकमा छलफल गर्दा एकपछि अर्को सदस्यहरुले पालै पालो अनुसार आफनो राय पेश गर्नु पर्ने ।

९. बैठकमा उपस्थित सम्पुर्णले सरल र सम्य भाषा बोल्नु पर्ने ।

१०. केन्द्रिय पदाधिकारीहरु सकभर सबैले प्रष्ट रुपमा चिनिने खालको पोशाक हुनुपर्ने ।

११. बैठक केन्द्रिय सचिवालमा र आवस्यक अनुसार अनेत्र स्थानमा पनि गर्नेुपर्ने ।

१२. दोस्रो मिटिङ स्थल समय मिति पहिलो मिटिङमा निर्णय गर्नुपर्ने ।

१३. अघिल्लो मिटिङको निर्णय अनुसार सम्पुर्ण सदस्यहरु दोस्रो मिटिङ स्थलमा उपस्थित हुनुपर्ने, यदि कुनै कारणले उपस्थित हुन नसके बैठक हुनेदिन भन्दा अगावै अध्यक्ष वा महासचिवलाई जानकारी गराउनु पर्ने ।

१४. यदि मिटिङ सरेमा वा स्थगित गर्नु परेमा समयमा नै सदस्य हरुलाई जानकारी गर्नु पर्ने ।

# मह संकलन निर्देशिका - २०६५

नेपाल मौरीपालक महासंघका सम्पूर्ण सदस्यहरुबाट उत्पादीत महको वजार व्यवस्थापन गर्ने सिलसिलामा निम्न मह संकलन नियमावली अनुसार हुनेछ ।

- नेपाल मौरीपालक महासंघका सम्बन्धीत जिल्लाशाखाबाट मह संकलन गरिनेछ ।
- मौरीपालक कृषकहरुले मौरी चरनमा लैजादा सम्बन्धीत जिल्ला शाखामा मह संकलन गर्नु पर्ने छ । अन्यथा उक्त कृषकले उत्पादन गरेको महको वजार व्यवस्थापन गर्न महासंघ जवाफदेहि हुने छैन ।
- मह संकलन गर्दा सम्बन्धीत जिल्लाशाखाले गोदामको व्यवस्थापन, मह संकलन एवम् केन्द्रसम्म ढुवानी गर्ने व्यवस्था मिलाउनु पर्नेछ । सो वापतको गोदाम भाडा प्राविधिक खर्च, ढुवानी खर्च महासंघले बेहोर्ने छ ।
- मह संकलन गर्दा सम्बन्धीत जिल्ला शाखाले तोकेको स्थान सम्म कृषक स्वमले ढुवानी गर्नु पर्ने छ ।
- उक्त नियम कम्तिमा पनि १० टन भन्दा माथि उत्पादन हुने जिल्लाहरुमा लागु हुने छ । कम उत्पादन हुने जिल्लाले स्वम केन्द्रिय संकलन तथा नजिकको संकलन केन्द्रसम्म ल्याउनु पर्ने छ ।
- मेची देखि महाकाली सम्मका मौरीपालक कृषकहरुले समान मुल्य रु समय सापेक्षित पाउने छन् ।
- मह खरिदकर्ता देखि खालि ड्रम ढुवानी र नेपाल राज्य भरबाट मह संकलन गरि पुन: डेलिभरी दिने सम्मको खर्च व्यवस्थापनको लागि सेवा शुल्क जसबाट सम्बन्धीत जिल्लाशाखालाई व्यवस्थापन वापत छुट्याउन सकिने छ ।
- मौरीपालक कृषकले आफुले उत्पादन गरेको मह फापर वाहेक अन्य स्रोतको मह संकलन गर्नु पर्ने छ ।
- कृषकले जम्मा गरेको महलाई अलग-अलग संकेत नम्बर राखि छुट्टा छुट्टै ड्रममा प्याक गरि पठाईने छ । उक्त महको ल्याव परीक्षण गर्दा कुनै खरावी भेटिएमा कृषक स्वमं जिम्बेवार हुनुपर्ने छ ।
- संकलित मह सम्बन्धीत जिल्लाशाखाले महासंघलाई बुझाएको २ महिना भित्रमा भुक्तानी उपलब्ध गराईने छ ।
- प्रतेक वर्षको चैत्र मसान्त पछि महको मूल्यमा बजारको अवस्था अनुसार थपघट हुनसक्ने छ ।
- महासंघ र मह खरिदकर्ता विच भएको सम्झौता उपर कुनै परिवर्तन भएमा सो को जानकारी सम्बन्धीत जिल्लाशाखालाई गराईने छ ।
- सम्पुर्ण जिल्लाशाखाले संकलन गरेको महको यथार्थ विवरण राख्नु पर्ने छ र सोहि आधारमा महको भुक्तानी तथा सेवा शुल्क सम्बन्धीत जिल्लाशाखाको खातामा जम्मा गरिने छ ।
- अन्य कार्य महसंकलन तथा भण्डारण निर्देशिका अनुसार गर्न तथा गराउनु पर्ने छ ।

# मौरी स्थानान्तरण एवम् चरन निर्देशिका

नेपालमा परम्परागत मौरीपालन कार्य अनाधि काल देखि नै भएको पाइन्छ । मौरीपालन कार्यलाई आधुनिक तथा व्यवस्थित रुपमा अगाडि बढाउने कार्य विगत १४ वर्ष अगाडिबाट भएको देखिन्छ । वर्तमान देशको असहज परिस्थितीका बाबजुत किसानहरुले आफ्नै श्रोत, साधन, ज्ञान, सीप र कठिन मेहनतको उच्चतम प्रयोग गरी यस व्यवसायलाई दुर्त गतिमा अगाडि बढाई रहेका छन् । यसरी किसानहरुको विचमा प्रतिस्पर्धाको भावनाले मौरी चरन क्षेत्रमा स्थानान्तरणको समस्या उत्पन्न भएको हुदा उक्त समस्यालाई किसानहरुको विचमा समझदारी कायम गरी चरण सरलीकरण गर्न तपशिल बमोजिमको मौरी स्थानान्तरण एवम् चरन निर्देशिका लागु गरिएको छ ।

## नियमहरु

१) मौरी स्थानान्तरण गर्दा स्थानको दुरी, चरनको क्षेत्रफल र श्रोत क्षमता लाई मध्यनजर राख्नुपर्ने छ ।

२) तपशिल अनुसार चरणको क्षेत्रफल र श्रोत क्षमताको आधारमा मौरी स्थानान्तरण गर्नुपर्नेछ ।

| चरन श्रोत | चरन क्षेत्रफल | चरन खर्क दुरी | मौरी गोला (मेलिफेरा) | मौरी गोला (सेराना) | मौरी खर्कमा गोला संख्या |
|---|---|---|---|---|---|
| **खाद्य तथा तेल वाली** | | | **प्रतिहेक्टर** | **प्रतिहेक्टर** | |
| १) तोरी | | १५००मी. कम्तिमा | ६-८ गोला | १०-१५ गोला | ६०-८० |
| २) सुर्यमुखी | | १५००मी. कम्तिमा | ६-८ गोला | १०-१५ गोला | ६०-८० |
| ३) झुसे तिल | | १५००मी. कम्तिमा | ८-१० गोला | १०-१५ गोला | ६०-८० |
| ४) फापर | | १५००मी. कम्तिमा | ८-१० गोला | १०-१५ गोला | ६०-८० |
| ५) धनिया | | १५००मी. कम्तिमा | ८-१० गोला | १०-१५ गोला | ६०-८० |
| **फलफुल वाली** | | | | | |
| १) लिचि | | १०००मी. कम्तिमा | ८-१० गोला | २०-२५ गोला | ५०-७० |
| २) कागती | | १०००मी. कम्तिमा | ८-१० गोला | २०-२५ गोला | ५०-७० |
| ३) सुन्तला | | १०००मी. कम्तिमा | ८-१० गोला | २०-२५ गोला | ५०-७० |
| ४) स्याउ | | १०००मी. कम्तिमा | ८-१० गोला | २०-२५ गोला | ५०-७० |
| **जङ्गली चरन** | | | | | |
| १) रुदिलो | | १००० मी. | ६०-८० गोला | १०० गोला | |
| २) सिसौं | | १००० मी. | ६०-८० गोला | १०० गोला | |
| ३) मसला | | १००० मी. | ६०-८० गोला | १०० गोला | |
| ४) चिउरी | | १००० मी. | ६०-८० गोला | १०० गोला | |
| ५) पड्के | | १००० मी. | ६०-८० गोला | १०० गोला | |
| ६) जामुना/क्यामुना | | १००० मी. | ६०-८० गोला | १०० गोला | |

३. माथि उल्लेखित नियम अनुसार मौरी स्थानान्तरण गर्दा सर्वप्रथम चरन क्षेत्रको मौरीपालक कृषकहरुको मौरी गोला कटाएर वाँकी गोला वाहिरबाट स्थानान्तरण गर्नका लागि सम्बन्धीत जिल्लाशाखाले चरन व्यवस्थापन उपसमितिलाई जानकारी गराउनु पर्नेछ ।

४. दफा ३ अनुसार कार्य भई चरन व्यवस्थापन उपसमितिले वा केन्द्रिय समितिले उक्त क्षेत्रमा अन्य जिल्लाबाट मौरी गोला स्थानान्तरणकोलागि सिफरिस गर्नेछ ।

५. जिल्लाशाखाले सिफारिस गरे अनुसार चरन क्षेत्र वढि देखिएमा चरन व्यवस्थापन उपसमितिले थप मौरी गोला स्थानान्तरणका लागि सिफारिस गर्न सक्नेछ साथै उक्त गोला चरन व्यवस्थापन गर्नकालागि जिल्ला संघले सहकार्य गर्नुपर्नेछ ।

६. महासंघमा आवद्ध नभएका व्यक्ति ( मौरीपालक ) लाई स्थानान्तरण सिफारिस गरिने छैन ।

७. चरन क्षेत्रमा व्यवस्थापन गरि राखिएका मौरीपालकहरुले महासंघको (केन्द्रीय समिति, चरन व्यवस्थापन उपसमिति, जिल्ला शाखाको) निर्देशन विपरीत कार्य गरेमा सो कार्यको जवाफदेही स्वयं मौरीपालक हुनुपर्नेछ । साथै सो कार्यबाट अन्य सदस्यलाई हुने असर अनुसार चरन व्यवस्थापन उपसमितिले सो क्षेत्रको अनुगमन गरि कारवाही गर्नेछ । निम्न कार्यको जवाफदेही महासंघ हुने छैन ।

क) मौरी स्थानान्तरण क्षेत्रमा मौरीपालक वा सिफारिस अनुसार व्यक्ति हुनुपर्नेछ ।

ख) मौरीपालक वा कर्मचारी कोहीले असामाजिक कार्य गर्न पाइने छैन ।

ग) मौरीपालकले आफू खुसी संघसस्था व्यक्ति विशेष जो कोहीलाई चन्दा वा आर्थिक मौरी सामान असान्र्दभिक रुपमा सहयोग गर्न पाइने छैन । सहयोग गर्नपर्ने अवस्थामा कारण सहित चरन व्यवस्थापन उपसमितिलाई जानकारी गराउनु पर्नेछ ।

घ) चरन व्यवस्थापन उपसमितिले सिफारस गरेको ठाउ भन्दा सोही जिल्लाको अर्को ठाउँमा मौरी राख्न पाइने छैन । सार्न परेमा उपसमितिको सिफारीसमा अन्य जिल्लामा स्थानान्तरण गर्न सक्नेछ ।

८. महासंघमा आवद्ध सदस्यलाई चरन व्यवस्थापन गरी बाँकी क्षेत्र भएमा गैर सदस्यहरुलाई चरन व्यवस्थापन गर्न सकिने छ तर अतिरिक्त शुल्क तिर्नुपर्नेछ ।

९. स्थानान्तरण गर्ने मौरीपालकले मौरी छोडी जिल्ला वाहिर वा सोही जिल्लाको अन्य ठाउमा जाँदा सो जिल्ला शाखा वा केन्द्रीय समितिमा पूर्व जानकारी गर्नुपर्ने छ । मौरी छोड्दा मौरीमा जिम्मेवार व्यक्ति अनिवार्य हुनुपर्नेछ । साथै विशेष परिस्थितमा जिल्ला शाखालाई जिम्मेवार व्यक्तिको सम्पर्क ठेगाना छोडी जानुपर्नेछ ।

१०. जिल्ला शाखाहरुले मौरी चरन व्यवस्थापन स्थानान्तरण शुल्क केन्द्रीय समितिले तोकेको भन्दा वाहिर गएर शुल्क लिन पाउने छैन ।

११. मौरी स्थानान्तरण गर्दा मौरीमा रहने व्यक्तिको ३ प्रति फोटो चरन व्यवस्थापन समितिमा बुझाउनु पर्ने छ ।

१२. मौरी स्थानान्तरण समयमा जिल्ला वाहिर स्थानान्तरण गर्न सो जिल्लामा पनि चरन समान हुने अवस्था हुदा जिल्लाशाखाले थोरै कृषकलाई प्राथमिकता दिई चरन नपुग भएमा मात्र चरन स्थानान्तरण व्यवस्थापन गर्न चरन व्यवस्थापन उपसमितिलाई सिफारीस गर्न सक्नेछ ।

१३. कम्तिमा २५ गोला भन्दा वढि मौरीलाई मात्र चरन व्यवस्थापन उपसमितिले जिल्लाशाखाको सिफारिसमा चरन व्यवस्थापनकोलागि चरन खोज्ने छ । साथै सो भन्दा कम गोलालाई जिल्लाशाखाले सोहि जिल्लामा व्यवस्थापन गर्नु पर्ने छ ।

१४. मौरी स्थानान्तरणकोलागि निवेदन चरन निर्देशिका अनुसार जिल्लाशाखाले दिनु पर्ने छ । जिल्लाशाखाको जानकारी आए अनुसार चरन व्यवस्थापन समितिले स्थानान्तरण सिफरिस गर्ने छ ।

१५. मौरी स्थानान्तरणका लागि सदस्यहरुले एक महिना आगाडी निवेदन जिल्लाशाखामा दर्ता गर्नु पर्ने छ ।

१६. रोगले ग्रस्त मौरीगोलाहरु स्थानान्तरण गर्न पाईने छैन । त्यस्ता गोला स्थानान्तरण भएको थाहाहुन आएमा आवश्यक कार्वाही गरीने छ ।

१७. कमजोर गोलाहरु सकेसम्म स्थानान्तरण नगर्ने ।

१८. महासंघको चरन व्यवस्थापन उपसमितिको सिफरीसमा स्थानान्तरण गरीने मौरीघारमा महासंघले निर्धारण गरेअनुसारको लोगो अनिवार्य रुपमा प्रयोग गर्नुपर्ने छ ।

# प्रस्तावित मौरीजन्य उत्पादन विकास नीति - २०६९

## १ पृष्ठभूमि

मौरी पालन नेपालको परम्परागत पेशाहरु मध्ये एक हो । यो स्थानीय मौरीहरु र प्राकृतिक तथा बाली बनस्पतिहरुमा आधारित पेशा हो । परन्तु पुरातन काल देखि चल्दै आएको कमजोर र त्रुटीयुक्त प्रबिधिको कारण मौरीका स्वभाबिक उपयोगीता र उपादेयताको पुर्ण सदुपयोग हुन सकिराखेको छैन । कमजोर व्यवस्थापन र उचित निर्वाहनको अभावमा स्थानीय रैथाने मौरी एपिस सेरानाको उत्पादकत्व न्युन रहेको छ । मौरीजन्य उत्पादनको रुपमा मह मात्र लिने परम्परा रहेको थियो । मौरी र मोरीपालनका अन्य उपादयता प्रति नेपाली मौरीपालकहरु अनभिज्ञ नै थिए । यसै परिप्रेक्षमा मैरीपालनमा पनि एकिकृत रणनीति कार्यनीति निर्माण गर्न वान्छनिय भएको र मौरी पालन व्यवशाय फस्टाउन स्पष्ट नीति र पर्याप्त आर्थिक, प्राविधिक एवम् नैतिक समर्थन सहितको उच्च प्राथमिकताको आवश्यकता परेको हो ।

## २ विगतका प्रयासहरु

नेपालमा आर्थिक बर्ष २०२२।२३ देखि कृषि बिभागबाट सामान्य प्राविधिक सेवा टेवा प्रदान गर्दै २०२९ साल देखि आयोजनास्तरमा मौरीपालनको आधुनिकिकरण प्रारम्भ भएको हो । तत्पश्चात प्रत्येक बर्षको बार्षिक कार्यक्रम बजेटमा बिशेष कार्यनीति निर्धारण गरी कार्यक्रम बिस्तार गरिँदै आएको छ । आर्थिक बर्ष २०४१।४२ मा राजनिकुञ्ज मौरी पालन कार्यालय, गोकर्णमा ए.सेराना को नमुना एपियरी संचालन गरियो । २०४३।४४ देखि ललितपुरको गोदावरीमा मौरीपालनको लागि छुट्टै केन्द्रिय कार्यालय स्थापना भयो । क्रमश: उत्साहि मौरीपालकहरु युरोपेली मौरी प्रति आकर्षित हुंदै गए । अन्ततोगत्वा २०५०।५१ मा ए. मेलिफेरा भित्रीयो र नेपालको मौरीपालनले व्यावसायिक मोड लिन तर्फ शुरुवात भयो ।

नेपालमा मौरीपाल सम्बन्धि राष्ट्रिय नीतिको अभाव रहेकोले एपी-नेट नेपाल/नेपाल मौरीपालक महासंघ PSP/GTZ र MEDEP/UNDP समेतको संयुक्त सहयोगमा मौरीपालन नीतिको प्रारुप-२०६३ तयार भै व्यावसायिक कीट बिकास निर्देशनालयबाट मौरीजन्य उत्पादन बिकास नीतिको खाका - २०६४ निर्माण भएको थियो । सोहि खाका बमोजिम पेश गरीएको मौरीजन्य उत्पादन बिकास नीति २०६४ लाई पुन: परीमार्जन र परीस्कृत गरी पुन: पेस गर्ने निर्देशनानुसार मौरीजन्य उत्पादन बिकास नीति २०६६ पेस गरीएकोमा विबिध कारण अगाडि नवढेकोले पुन २०६९ सालमा नेपाल मौरीपालक महासंघ अगुवाईमा पुन पेश गरिएको छ ।

## ३ वर्तमान स्थिति

नेपालको मौरीपालनले ए. मेलिफेरा भित्र्याएपछि तराई तथा भित्रि तराई क्षेत्रमा ए. मेलिफेरा ले प्रभुत्व जमाउंन सफल भएको छ र मह उत्पादनमा उल्लेख्य बृद्धि भएको छ । तराई क्षेत्रमा भएको जन घनत्व बृद्धि चरन क्षेत्र विनास र अत्याधिक विषाधि प्रयोगको कारण यो मौरीले सोचे जस्ता प्रगति गर्न सकेको छैन । यस मौरीले देशको मैदानि क्षेत्रमा ए.सेराना लाई बिस्थापन गर्दै गई रहेको छ । यस्को बिपरित पहाडि तथा पर्वतिय क्षेत्रमा भने ए. मेलिफेरा जम्न सकेन र ए.सेराना नै त्यस क्षेत्रको लागि उपयुक्त देखिएको छ । ए. मेलिफेरा को व्यवस्थापन प्रकृया र प्रबिधिको देखासीकी बाटै मात्र पनि ए.सेराना मा समेत उत्पादकत्व बढाउन सम्भव भएको छ ।

नेपालको पछिल्लो आङ्कलन अनुसार नेपालमा १५५००० को हाराहारीमा मौरीगोला रहेका र यी मध्ये करीव ३०००० ए. मेलिफेरा र १२५००० ए.सेराना रहेको अनुमान छ । हाल नेपालमा मह उत्पादन बृद्धि भई निर्यात गर्न सकिने सम्भावना समेत बिकास भएको छ ।

नेपालमा हाल संसारका बहुचर्चित पाँचवटै प्रजातिका मौरीहरु एकत्रित हुन पुगेका छन् । यि मध्ये ए. मेलिफेरा र ए. सेराना मात्र व्यावसायिक मौरीपालनका महत्वपूर्ण पात्र बन्दछन । यि दुईमध्ये ए. मेलिफेरा तराई तथा भित्री तराईमा र ए. सेराना नै पहाडि तथा पर्वतिय क्षेत्रका लागि उपयुक्त देखिएको छ ।

## ४. समस्या र चुनौति

नेपालमा मौरीजन्य उपजहरुको उत्पादन व्यवस्थापनमा देहाय बमोजिमका बिबिध समस्या तथा चुनौतिहरुको सामना गर्नु परि राखेको छ ।

- नेपालका मौरीपालकहरुमा मह र मैन बाहेक अन्य मौरीजन्य उपजहरुबारे सामान्य जानकारीको समेत अभाव छ।
- नेपालको मौरीपालनमा ऐन, नियम र नीतिगत अभावमां प्रशासनिक जटिलताहरुको सामना गर्नु परि राखेको छ ।
- परम्परागत प्रविधी र बसी वियांलो धन्दको रुपमा मौरी विकास कार्यक्रम सञ्चालन भएकोले एपिस सेराना अत्यधिक हुल निर्यास, घार परित्याग, बितपाते कर्मीको उत्पत्ति जस्ता अवान्छित लक्षणहरुले चरितार्थ भैराखेको नेपालले महको निर्यात व्यापार बिस्तार गर्न WTO, SAFTA, BIMSTEC जस्ता संगठनहरु र खासगरी युरोपियन युनियनका सम्बद्ध राष्ट्रहरुका मह सम्बन्धि गुणस्तर मापदण्ड र बिषादि तथा अवशेष मोनिटरिंग योजना र राष्ट्रिय नीति तथा आचार संहिताको स्पष्ट एवम् किटानी व्यवस्था रहेको प्रत्याभूति दिलाउनु प्रयोगशालाको नर्या बैज्ञानिक आधारको कमी ।
- ठाउँ विशेषको उत्पादन प्रविधि विकास निर्माण गर्ने कार्यक्रमलाई विशेष प्राथमिकताको अभाव ।
- सहज वजारीकरणको लागि सरकारी तर्फवाट गर्नुपर्ने पहलको नितान्त अभाव ।

## ५. मौरीजन्य उत्पादन बिकास नीतिको आवश्यकता

- कृषि व्यवसाय सम्बन्धि बिभिन्न मितिमा जारी भएका बिभिन्न ऐन नियम तथा नीतिहरुले मौरी पालनका पक्ष हरुलाइ सामान्यिकरण गरेर मात्र सम्बोधन गरेको,
- किटानी सहितका राष्ट्रिय नीतिको अभावमा मौरीपालन जस्तो फष्टाउंदो लघु-उद्यमको उत्थानमा समस्या र जटीलता भेल्नु परिराखेको, र
- आन्तरिक उपभोक्ताहरुको रुची एवम् अन्तरराष्ट्रिय समुदायहरुको महको गुणस्तर मापदण्ड सम्बन्धि शर्तहरु पुरा गरी महको बजार बिस्तार गर्न समेत नेपालमा मौरीजन्य उत्पादनहरुको बिकासको लागि एकिकृत राष्ट्रिय नीतिको आवश्यकता परेको छ ।

तसर्थ नेपालको मौरीपालनलाई प्रतिस्पर्धात्मक ग्रामिण व्यवसायको रुपमा रुपान्तरण गरी स्वरोजगारको सृजना मार्फत अतिरिक्त आय आर्जनको माध्यम बनाएर ग्रामिण क्षेत्रको गरीवि न्युनिकरणमा टेवा पुऱ्याउने दृष्टिकोण (Vision) र मौरीजन्य उत्पादन बिकासमा मौरीपालक स्वयं नै निर्णायक हुने भएकोले उनिहरुको संलग्नता र सहभागितालाई नै अग्रता दिई परिचालन गर्ने र तुलनात्मक लाभ एवम् औचित्यका आधारमा तराई तथा भित्रि तराईका सुगम क्षेत्रमा ए. मेलिफेरा मा आधारित व्यावसायिक मौरीपालन र पहाडि तथा पर्बतिय क्षेत्रमा स्थानिय मौरीका जाति प्रजातिहरुमा आधारित संरक्षण मौरीपालनको सम्बर्द्धन प्रवर्द्धन गर्ने परिदृश्य लिएर यो राष्ट्रिय मौरीजन्य उत्पादन बिकास नीति - २०६६ निर्माण गरिएको छ ।

## ६. लक्ष्य

नेपालमा मौरीपालनलाई एउटा भरपर्दो व्यवशायिक एवम् प्रतिस्पर्धात्मक र उपयोगि ग्रामिण व्यवसायको रुपमा विकास गर्ने यस नीतिको मूख्य लक्ष रहेको छ ।

## ७. उद्देश्य

व्यवशायीक एवम् प्रतिस्पर्धात्मक मौरी विकास गरि गरिबी निवारण र खाद्य पोषण सुरक्षा दिन देहाय बमोजिमका उदैश्यहरु लिइएका छन् :

- मौरीपालन व्यवशायको तुलानात्मक र औचित्यको आधारमा विकास सम्बर्धन गरि मौरीजन्य उत्पादन र उत्पादकत्व बृद्धि गर्ने,
- मौरीपालन चरनको तुलानात्मक सुधार सुदृढिकरण र समुचित व्यवस्थापन गर्ने ।
- मौरीजन्य उत्पादनको बजार व्यवस्थापन सुदृढिकरण तथा निर्यात व्यापार सहज र सरल गरि निर्यात बृद्धि गर्ने
- जैविक विविधता एवम् पर्यावरण र खेतीवालीको परागसेचन सुनिश्चित गर्न उपयोगी र स्थानिय मौरीहरुको संरक्षण गर्नुका साथै मौरी चरण र हावापानी उपयुक्त,ता अनुरुप मौरी जात विस्तार गर्ने ।
- ग्रामिण स्तरमा मोरीजव्य ससाना उद्योग स्थापना गरि थप रोजगारीको अवसर श्रृजना गर्ने ।
- प्राकृतिक शुद्ध मह उत्पादन गरी निर्यात मार्फत विदेशी मुद्रा आर्जन गर्ने ।

## ८. परिभाषा:

### बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नीतिमा

(क) मौरीजन्य उत्पादन भन्नाले मह, मैन, मौरी गोला, शाही खुराक, कुट, लगायत चोप समेतलाई मौरीजन्य उत्पादन जनाउंछ । ति मध्ये महले प्रमुख स्थान ओगटेको छ।

(ख) असल मौरीपालन प्रकृया (GAP/GBP) भन्नाले मौरीपालन प्रकृयामा मौरी र मानब स्वस्थ्य अनुकुलका पदार्थको प्रयोग र

शैली अपनाउनुलाई जनाउँछ ।

(ग) प्रतिजैविकी भन्नाले मौरीपालन प्रकृयामा मौरीलाई लाग्ने संक्रमणजन्य रोग निवारण गर्न प्रयोग गरिने मानब वा पशु स्वस्थ्यका क्षेत्रमा प्रयोग हुने गरेका प्रतिजैविकी (Antibiotic) लाई जनाउँछ ।

(घ) मह शिकार भन्नाले जङ्गलमा पाईने मौरीले जम्मा गरेको महलाई मानिसले हस्तक्षेप गरी मौरीको न्यूनतम जगेर्ना नगरी मह काढ्ने प्रकृयालाई जनाउँछ ।

## ९. नीतिहरु

बिद्यमान समस्या र चुनौतिहरुको समुचित समाधान गरी तुलनात्मक लाभ र औचित्यका आधारमा तराई तथा भित्रि तराईका सुगम पकेटहरुकमा ए.मेलिफेरा र पहाडी तथा पर्वतिय भेकमा ए. सेराना मा आधारित व्यावसायिक मौरीपालन अवलम्बन गर्न देहाय बमोजिम एकिकृत नीति निर्माण गरिएको छ । आगामी दिनहरुमा मौरी विकास सम्बन्धी सम्पूर्ण कार्य यस नितिबाट निर्देशीत हुने छ । प्रस्तुत उदेश्य प्राप्तीका लागि मौरीजन्य बस्तुहरुको उत्पादन, प्रशोधन प्याकेजीङ लगायतका व्यापार कारोबारलाई समाबेशी र समातामूलक तुल्याउने व्यवस्था गर्न देहाय बमोजिमको निति अवलम्बन गरिने छन् ।

### ९.१. मौरीपालन व्यवशायको तुलानात्मक र ओचित्य को आधारमा विकास गरि मौरीजन्य उत्पादन र उत्पादकत्व बृद्धि गर्ने

- मह उत्पादन, बिकासमा नेपालको ग्रामिण हावापानी अनुकुल असल मौरीपालन प्रक्रिया (GAP\GBP) अवलम्बन गराईने छ ।
- प्रमुख उत्पादन क्षेत्रको सरल पहुँचभित्र नीजि क्षेत्रका संकलकहरुलाई कम से कम महको प्रारम्भिक भौतिक
- अवस्था र चिसान परीक्षण गर्ने सुविधा उपलब्ध गराउने छ।
- मह उत्पादन, संकलन, प्रशोधन, वसार पसार एवम् भण्डारण गर्ने उद्यमिहरुले प्रत्येक चरणमा स्रोत सुचक विवरणहरु सुरक्षित राख्ने र खाद्य स्तरका औजार, उपकरण, भाँडा, वर्तन, को प्रयोग गरी उपभोक्ताहरुलाई पूर्ण विश्वसनिय दिलाउने छ।
- महको व्यापारका लागि गरिने थोक एवम् खुद्रा प्याकिंगलाई अन्तर्राष्टिय स्तरको तुल्याउन उपयुक्त ड्रम व्यारेल अन्य भाँडाहरु तथा अन्य उपकरणहरुको आयातमा भन्सार महशुलमा सुविधा उपलव्ध गराइने छ ।
- पम्परागत उत्पादनका अतिरिक्त पर्याप्तं पूर्वाधार सम्पन्न उद्यमी व्यवसायीहरुलाई मौरी मैन, प्रोपोलिस, खोटो, शाहीखुराक आदि विशिष्ट सामग्री उत्पादनको लागि प्रोत्साहित गर्न तालिमका अवशरहरु प्रदान गरीने छ ।
- नेपालमा उत्पादित महको गुणस्तर र विषादि नियन्त्रण गर्न बिशिष्ट गुंणको बिश्लेषण परीक्षण र प्रमाणिकरण सुविधा विकास गर्ने र राष्ट्रिय अन्तर्राष्ट्रिय बजारमा प्रमाणित मान्यता र विश्वसनियता कायम राखिने छ ।
- नेपाली प्राकृतिक महका, प्रांगारिक विशेषताहरु परिभाषित र प्रमाणित गरी तिनको संरक्षणको व्यवस्था गरिने छ ।
- महमा विषादि अवशेष, अनावस्यक पदार्थ, भारी धातुहरु आदिको नियन्त्रण व्यवस्था गरिने छ ।
- अवशेष परीक्षण र प्रमाणीकरणका लागि मान्यता प्राप्त प्रयोगशाला सेवाको लिन सम्वद्ध निकायहरुसँग समन्वय गरिने छ ।
- मौरीपालक तथा मह व्यवसायि अन्तर्राष्ट्रिय समुदाय र बजारका गुणस्तर मापदण्ड, असल मौरीपालन
- प्रक्रिया एवम् शर्तहरुका सम्बन्धमा समुचित प्रशिक्षण व्यवस्था गरिने छ।
- नेपाली महको वर्तमान स्तरमान (स्टाण्डर्ड) को समिक्षा गरी व्यवहारिक र यथार्थ परक तुल्याईने छ ।
- मौरी रोगव्याध व्यवस्थापन गर्न रोग संक्रमित मौरीको आयात एवम् आन्तरिक वसार पसार गर्न समेत रोक लगाईने छ ।
- मौरीको गोलामा गन्धक र सूर्तिजन्य पदार्थ जस्ता अवशेष रहने जोखिमी रसायनको प्रयोग निषेध गरिने छ ।
- प्रमुख उत्पादन क्षेत्रका मौरीपालकहरुको सरल पहुँचभित्र मौरी रोग निदान सुविधा विकास गरिने छ ।
- रोगको रोकथाम तथा नियन्त्रणमा प्रतिजैविकी कम भन्दा कम प्रयोग गराउने र प्रतिजैविकी प्रयोग गरेको ६ सप्ताहसम्म मह काढ्न नहुने सचेतना बिकास गरिने छ ।
- मौरीका रोगव्याध व्यवस्थापनमा प्रयोग हुने कम जोखिमी औषधिको आयातमा भन्सार महशुल छुट गरिने छ ।

### ९.२. मौरीपालन चरनको सुधार तुलानात्मक सुधार सुदृढिकरण र समुचित व्यवस्थापन गर्ने

मौरीपालनको वृद्धि र विस्तारको लागि मौरी चरनको अहम भूमिका हुने वास्तविकतालाई मनन गरि यस्को खोजी सम्भार र सम्वर्द्धन गर्दै लग्नु पर्ने छ । अत:

- मौरीपालन कार्यक्रम, आयोजना, परियोजनाहरुमा मौरी चरन विकासलाई प्राथमिकता सहित प्रमुख अंगको रुपमा विकास गरिने छ ।
- कृषि-वन खेती, वन वृक्षारोपण, पार्क र राष्ट्रिय प्राकृतिक संरक्षण क्षेत्रहरुमा गरिने वृक्षारोपण कार्यक्रमहरुमा कम्तिमा २० प्रतिशत मौरी चरन वनस्पति समावेश गर्ने व्यवस्था मिलाउने छ ।
- मौरी चरन मौरीपालनको आधार भएकोले सबै मौरीपालकहरुले आफ्नो सेरोफेरोमा उत्कृष्ट मौरी वनस्पति
- लगाउनु पर्नेछ । यसैगरी मौरी स्थानान्तरण क्षेत्रमा स्थानीय मौरी

वनस्पतिहरुको संरक्षण, सम्बर्द्धन र विस्तार गर्न
- सबै मौरीपालकहरुलाई नै जिम्मेवार गराइने छ ।
- बनजन्य बोट बिरुवाहरुको फूल फुल्न लागेका तथा फुलिरहेको अवस्थामा छँटनी कटानी नगर्नको लागि
- सम्वद्ध सरकारी गैरसरकारी एवम् स्थानीय सामुदायिक संस्थाहरुलाई सजग गराईने छ ।
- मौरी चरन क्षेत्रमा कम से कम फूल फुलेका अवस्थामा मौरीलाई कम असर गर्ने औषधि मात्र प्रयोग गर्ने व्यवस्था मिलाईने छ ।
- चरण उपलब्धतामा स्थिती अनुरुप मौरी स्थानात्तरण व्यवस्था गराईने छ ।
- मौरी स्थानान्तरणलाई सम्बन्धित जिल्ला कृषि विकास कार्यालय, स्थानीय मौरीपालक संघ र उद्यमीहरुको संयुक्त समितिबाट संयोजन गर्न गराइने छ ।
- मौरीपालन सञ्जाल, संघ तथा ठूला मौरीपालकहरुलाई नयाँ नयाँ स्थानान्तरण स्थलको खोजी गर्न उत्प्रेरित गरिने छ ।
- औलिय पहाडी भेकको चिउरी क्षेत्रमा स्थानान्तरण पहुँच विकास गर्न सम्वद्ध निकायहरुमा पहल गरिने छ।
- मौरी स्थानान्तरण स्थलमा मौरी धारण क्षमता बृद्धि गर्न गराउन सम्बन्धितलाई प्रोत्साहित गरिने छ कहाँ कुन
- वनस्पति लगाउने बढाउने भन्ने निर्णय स्थानिय मौरीपालक संघ र सम्बन्धित जि.कृ.वि.का. बाट गराईने छ ।
- स्थानान्तरणमा रहेका मौरीलाई छिटो र विना रोकतोक अगाडि लैजान सक्ने व्यवस्था गराईने छ
- स्थानान्तरण क्रममा रहेका मौरीमा स्थानीय कर र महशुल छुट गरिने छ ।

### ९.३. मौरीजन्य उत्पदनको बजार व्यवस्थापन सुदृढीकरण गरि निर्यात व्यापार सहज र सरल गरी निर्यात बृद्धि गर्ने ।

नेपाली महको आन्तरिक र निर्यात बजार विस्तार गर्न कर न्युनिकरण र सरलिकरणका लागि निम्न अनुसार पहल गरिने छ ।
- भन्सार महशुल वृद्धि गरी विदेशी मह आयातलाई निरुत्साहित गरिने छ।
- उत्पादकत्व वृद्धि र उत्पादन लागत कम गराई नेपाली महको व्यापारिक प्रतिस्पर्धि क्षमता बढाईने छ
- नेपाली परिप्रेक्ष्यलाई ध्यान दिदै अन्तर्राष्ट्रिय समुदाय (WTO, SAFTA, BIMSTEC, EU, ODEX आदि) को आवश्यकता र माग अनुसारका ऐन नियम विनियम एवम् आचार संहिताहरु निर्माण गरीने छ ।
- राष्ट्रिय अन्तर्राष्ट्रिय मेला, प्रदर्शनीहरुमा नेपाली-हिमाली महको प्रदर्शन गर्न तर्फ प्रोत्साहित गरिने छ ।
- नेपालमा धेरै संघ संस्था व्यवसायिहरु मैरीपालन तथा मह कारोवारमा सेवा प्रदायि बनेका एजेन्सीहरुले आ-आफ्नै सामग्री र प्रविधि प्याकेज निर्माण गरेकाले यी समस्याहरुको निराकरण गरी प्रविधि प्याकेज र पाठ्यक्रममा एकरुपता ल्याउन आवश्यक भएकोले देहाय बमोजिम स्तरियकरण अनुगमन र नियमg(Standardization, Monitoring and Regulation) व्यवस्था सुदृढिकरण गरिने छ ।
- मौरीपालनका विभिन्न स्तर र क्षमता परिभाषित गर्ने ।
- अप्रशोधित र प्रशोधित महको परिभाषा र गुणस्तर (Standard) को समिक्षा र परिमार्जन गर्ने ।
- यसरी निर्धारण गरिएका आधार तथ्यांक, स्तर तथा मापदण्डहरु (Standards & Specifications)
- सरकारी प्रसार सेवा र एपी-नेट, नेपाल तथा मौरीपालक महासंघका संजालहरु मार्फत सबै सम्वद्ध
- सरोकारवालाहरु समक्ष प्रसार र अनुगमन गर्ने ।
- राष्ट्रिय लोगो ।

### ९.४. जैविक विविधता एवम्, पर्यावरण र खेतीवालीको परागसेचन सुनिश्चित गर्न उपयोगी र स्थानिय मौरीहरुको संरक्षण का साथै मौरी चरन र हावापानी उपयुक्तता अनुरुप मेलिफेरा जात विस्तार गर्ने ।

- प्रजातिगत सुदृढिकरण, सम्बर्धन र व्यवस्थापन गर्ने
- व्यावसायिक मौरीपालनको प्रवर्द्धन र स्थानिय मौरीका आनुवंशिक विविधता र मौरी सम्बन्धी परम्परागत प्रचलनहरुको संरक्षण र प्रवर्द्धन गर्ने ।
- क्षेत्रियकरण (Zoning) बिकास गरी तराई र भित्री तराइ क्षेत्रमा ए. मेलिफेरा मा आधारित व्यावसायिक र पहाडि तथा पर्वतिय क्षेत्रमा परम्परा देखि चली आएको ए. सेराना मा आधारित परम्परागत मौरीपालनको सुधार र परिमार्जन सहित संरक्षण र सम्बद्धन गर्दै लैजाने ।
- पहाडि तथा पर्वतिय क्षेत्रमा ए. सेराना का बढी उत्पादनशील उपप्रजाती तथा पारी-प्रजाती (Exotic Species) एवम् नश्लहरुको पहिचान गरी तिनको वृद्धि र विस्तार कार्यक्रमलाई विशेष प्रोत्साहन दिने ।
- खेती तथा वन्य वनस्पतिहरु प्राय: सबैको वीज विकास र उत्पादन सुनिश्चितिमा आ आफ्ना प्रभाव क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउने ए. लेवोरियोसा, ए. डोर्साटा, ए. फोलोरीया जस्ता अन्य स्वदेशी मौरीहरुको समेत बचाउ, संरक्षण र सम्बद्धन गर्न प्रोत्साहित गर्ने ।
- नयाँ प्रजाती आयात गर्नु अघि प्राविधिक, आर्थिक तथा पारिस्थिति

प्रभाव र परिणामहरुको अध्ययन विश्लेषण गर्न अनिवार्य हुने छ ।

- मह शिकार व्यवस्थापन गरि भीरमौरी (ए. लेवोरियोशा), र खागमौरी (ए. डोर्स्याटा) को अत्यधिक शिकार हुन गई लोपोन्मुख हुने स्थितीमा पुग्न लागेको छ । सो हुनबाट बचाउन तिनको आवश्यक चरण व्यवस्थापन र अत्यधिक शिकार हुनबाट बचाउन आवश्यक कार्यक्रम सञ्चालन गर्ने।
- जोखिमपूर्ण परम्पराको रुपमा बचाउन वासस्थलको विनास चरन प्रदूषण, अधिक शिकार जस्ता कारणहरुबाट परम्परा र प्रचलनको जगेर्ना, संरक्षण र सम्वर्द्धन समेत गर्न जरुरी भएको ले देहाय बमोजिम नीति निर्माण गरिएको छ
- मह शिकारीहरुलाई भीरमौरी बस्ने भीर पहरा, खाग मौरी बस्ने शिमल जस्ता अग्ला अघचिला रुख, पानी टयांकि, कठ्यौरीले आश्रय लिने होचा झाडीहरु नहर कुलोका डिल भित्ता र यस्तै गरी घार मौरी बस्ने जङ्गली रुखका टोडका ध्वान्द्म जस्ता मौरीका आश्रय स्थलहरुको संरक्षण गर्न प्रोत्साहित गने कार्यक्रमहरु सञ्चालन गर्ने ।
- ठूलठूला पूर्वाधार विकासको क्रममा गरिने वातावरणीय प्रभाव मूल्यांकन अध्ययनमा मौरीको आश्रयस्थल एवम् सामग्रीहरुको बचावटको समेत सम्बोधन गर्नपर्ने व्यवस्था गरिने छ ।
- मह शिकारी वर्गलाई पारिस्थितिक शिकार अपनाउन बिशेष तवरले प्रोत्साहित गरिने छ ।
- परागसेंचनमा मौरी परिचालन व्यवस्थित गर्न गराउन कृषकहरुमा परागसेचनको महत्व र मौरीको उपादेयता बोध गराउन बिशेष प्राथमिकता दिने ।
- वालीनालीमा फूल फुलेको बेला कीटनाशक विषादि छर्नु कृषक मौरीपालक दुवैलाई हानिकारक हुन्छ भन्ने चेतना बिकास गराउने ।
- वागवानी फार्म तथा फलफूल खेती कृषकहरु सबैलाई मौरी प्रयोगमा ल्याउन प्रोत्साहित गर्ने ।
- मौरी मित्र जीव भएकोले यसको बचावट र संरक्षण गर्न कृषकहरुलाई जागरुक गराउने ।

### ९.५. ग्रामिण स्तरमा मौरीजन्य ससाना उद्योग स्थापना गरी थप रोजगारीको अवसर सृजना गर्ने

- ग्रामिणस्तरमा ससाना मह संकलन प्रोसेसीङ र प्याकेजिङ सम्बन्धी ससाना उद्योगहरु स्थापना गर्ने
- मह संकलन प्रोसेसीङ र विक्रीमा सहकारी संस्थाहरुलाई प्राथमिकता दिईने छ। यस्ता सहकारीलाई मह संकलन र प्रशोधन मेशिन खरिदका लागि आयोजना नै धितो राखी ३ बर्ष सम्म विना व्याजमा ऋण उपलब्ध गराउने। ५ बर्ष भित्र उक्त ऋण चुक्ता गर्नुपर्ने छ ।
- यस्ता उद्योग स्थापनामा शिक्षित युवा समुहलाई प्रोत्साहन गर्न विना धितो समुहगत रुपमा चक्रकोषको व्यवस्था गर्न लगाई सिड मनी (Seed Money)को रुपमा समुहले पेश गरेको प्रस्ताव केलाई केही रकम अनुदान दिने ।
- मह खरिद र संकलनका लागि चक्रकोष स्थापना गर्ने ।

### ९.६.ऋण व्यवस्थापन :

मौरीपालन बिस्तार गराउनका लागि कर्जा सुलभ गराउन देहाय बमोजिम कर्जा नीतिको अवलम्बन गरीने छ ।

- कृषि विकास बैंक, सहकारी बैंक तथा अन्य वाणिज्य बैंकहरुमार्फत मौरीपालनमा लगानी गर्न विशेष व्यवस्था गर्ने
- महिला, दलित एवम् पिछडिएका वन्चित समुदायलाई समूह जमानी तथा धितोमा ऋण प्रदान गर्न पहल गरिने छ ।
- प्रमुख उत्पादन क्षेत्रहरु (Growth Centers) मा नीजि मह कारोवारी, गै.स.स. एवम् स्रोत केन्द्रहरुलाई अन्तरिम मह भण्डारण संचालन गर्न लिएको ऋणको व्याजमा ५० प्रतिशत अनुदान दिईने छ ।
- समूह बचत र लघु कर्जा कार्यक्रम विकास र कार्यान्वयनमा विशेष जोड दिईने छ ।

### ९.७. प्रोत्साहन अनुदान र कर छुट

मौरी पालन ब्यबसायमा पिछडिइका बन्चित सबैबर्गलाई स्रोत साधन र सुबिधामा सरल पंहुच तल्याउन देहाय बमोजिमको नीति अवलम्वन गरिनेछ ।

- तुलनात्मक लाभका आधारमा मौरीपालनको विकास र विस्तारमा सघनता र तिव्रता ल्याउन विद्यमान अनुदानको स्तर वृद्धि गरिने छ ।
- रानु र आपूर्ति एवम् गैर परम्परागत उत्पादन संभाल्न चाहने क्षमतावान उत्साहि उद्यमीहरुलाई सामग्री आयात गर्न र व्यवसाय स्थापना गर्न लाग्ने कुल खर्चमा ५० प्रतिशत अनुदान दिने ।
- नीजि क्षेत्र तथा गै.स.स. हरुलाई मह संकलन भण्डारण, मह प्रशोधन इकाइ, प्राथमिक रोग निदान सुविधाको विकास एवम् ए. सेराना को नश्ल छनौट तथा सुधारमा सहभागि हुन विशेष तवरले प्रोत्साहित गरिने छ ।
- स्थानान्तरण र वसार पसारमा रहने मौरी, मह एवम् मौरीपालन सम्बन्धि औजार उपकरण एवम् भांडा वर्तनहरुमा सबै प्रकारका आन्तरिक कर, कवाडी कर आदि छुट गर्ने ।
- नेपालको स्वदेशी महको व्यापार प्रवर्द्धन गर्न आयात कर वृद्धि गरी बिदेशी मह आयातलाई निरुत्साहित गर्ने
- मौरीपालन सम्बन्धी औजार उपकरण आयातमा भन्सार महशुल सुबिधा दिने ।

### ९.८ महिला तथा पिछडिएका र वन्चित वर्गको मूल प्रवाहिकरण

मौरीपालन महिला, एवम् अन्य पिछडिएका सबै वर्गका लागि स्रोत साधन र सेवा सुविधामा पहुँच पुऱ्याई यिनको लगावलाई उत्पादनशील तुल्याउन देहाय बमोजिमको नीति निर्माण अवलम्बन गर्ने:

- महिला, दलित एवम् अन्य पिछडिएका र वन्चित वर्गहरुलाई समूहगत रुपमा मौरीपालन अपनाउन बिशेष तवरले प्रोत्साहित गरिने छ ।
- मौरीपालन सम्बन्धी तालिम, शैक्षिक भ्रमण एवम् अन्य प्रसार र संगठनात्मक कार्यक्रमहरुमा पिछडिएका वर्गको सहभागिता सुनिश्चित गरिने छ ।
- महिला तथा पिछडिएका वन्चित वर्गका लागि विशेष कार्यक्रम प्याकेज ल्याईने छ जसमा थप सहुलियत र प्रोत्साहन हुने छन् ।

### ९.९. बीमा नीति

मौरीपालन धन्दा र मह कारोवार एवम् स्थानान्तरण र वसार पसारमा रहेका मौरी तथा मह समेतमा जोखिमहरुबाट उभार्न बीमा नीति विकास, विस्तार र अवलम्बन गर्नेतर्फ कार्यदल गठन गरी बिमा नीति तयार गरिने छ ।

### ९.१०. संस्थागत विकास

मौरीपालनको विकास र विस्तारमा छुट्टै संस्थागत संरचनाको आवश्यकता छ जुन कृषिका अन्य पक्षबाट पूर्ति हुने सम्भावना छैन । तसर्थ महिला एवम् पिछडिएका वन्चित बर्गलाई संस्थागतरुपमा संगठित गर्न, मौरीपालन स्रोत केन्द्रहरुको स्तर वृद्धि गर्न र उनिहरुको सेवा तथा आपूर्तिलाई सुदृढ गर्न जरुरी भएकोले देहाय बमोजिम संस्थागत विकास नीतिको प्रावधान गरिएको छ ।

- मौरीपालनको सर्वोपरी विकासका निमित्त प्रमुख उत्पादन क्षेत्रहरुको सहज पहुंचमा मौरी रोग निदान र व्यवस्थापन सहितका सेवा केन्द्रहरु बिस्तार गरिने छ ।
- कार्यरत मौरीपालन स्रोत केन्द्रहरुको मूल्यांकन गरी आवश्यकता अनुकुल स्तर वृद्धि गरिने छ ।
- पिछडिएका वर्गका मौरीपालकहरुलाई समूह/सहकारी/राष्ट्रिय स्तरकासंघमा संगठित गरी विशेष कार्यक्रम प्याकेज एवम् अनुदान दिईने छ ।

### ९.११ मौरीपालन अनुसन्धान

- स्थानीय मौरीमा अनुकूल लक्षण भएका, उन्नत र उत्पादनशील नश्लको खोजी संकलन र बिस्तार एवम् तिनको सदुपयोग, बाह्य मौरीबाट संक्रमण भएका समस्याहरुको समाधान, उपयुक्त घारहरुको विकास र यस्तै गरी बाह्य मौरीमा Adaptability परीक्षण, रैथाने मौरीबाट सल्केका परजीवीहरुको व्यवस्थापन, उत्पादकत्व सुदृढिकरण, दुवै मौरीका परागसेंचन उपयोगिता विश्लेषण जस्ता विविध पक्षमा प्रायोगित अनुसन्धान गर्न जरुरी भएकोले देहाय बमोजिम मौरीपालन अनुसन्धान नीतिको अवलम्बन गरिने छ ।
- मौरीपालनका विभिन्न पक्षहरुमा एप्लाईड अनुसन्धानको लागि नेपाल कृषि अनुसन्धान परिषद, कृषि तथा पशु विज्ञान अध्ययन संस्थान, कृषि विभाग र सम्वद्ध कार्यक्रमहरु तथा कार्यालयहरु, सम्वद्ध गैरसरकारी संस्थाहरु आदिलाई क्रियाशील तुल्याईने छ ।
- कृषि तथा पशु विज्ञान अध्ययन संस्थान कृषि अनुसन्धान परिषद एवम् गैर सरकारी संस्थाहरुमा स्वदेशी विदेशी विश्वविद्यालयहरुसँग सम्बन्धन गरी अनुसन्धान र शोध प्रबन्ध तयार गर्न सक्ने व्यवस्था गर्न जोड दिइने छ ।
- मौरीपालन अनुसन्धानको निमित्त प्रस्तावित सबै सरकारी, अर्धसरकारी एवम् गैर सरकारी संस्थाहरुमा आवश्यक साधन र सुविधाको विकास गर्न जोड दिइने छ ।
- नेपाल कृषि अनुसन्धान तथा विकास कोष अन्तरगत मौरीपालनमा प्रायोगित अनुसन्धानको लागि विशेष प्राथमिकता दिन जोड दिइने छ ।

### ९.१२ जनशक्ति विकास

नेपालमा मौरीपालनमा दक्ष जनशक्तिको अभावमा समस्याहरुको निदान गरी र समाधान पल्याउन र सेवा प्रदान गर्न कठिनाई भईराखेका छन् । यस हालतमा सरकारी, अर्धसरकारी, गैरसरकारी एवम् नीजी क्षेत्रमा समेत दक्ष जनशक्तिको विकास गर्न देहाय बमोजिम मौरीपालन जनशक्ति विकास देहाय बमोजिम गरिने छ ।

- मौरी रोग, मौरी प्रजनन, मौरी व्यवस्थापन, मौरीपालन प्रसार तथा तालिम, उत्पादन विकास, बजार व्यवस्थाप आदि विभिन्न पक्षमा कोर जनशक्तिको विकास गरिने छ ।
- कृषि अनुसन्धान परिषद तथा कृषि तथा पशु विज्ञान अध्ययन संस्थानमा दक्ष जनशक्तिको विकास गर्न जरुरी छ
- गैर सरकारी क्षेत्र र निजी क्षेत्रका औद्योगिक प्रतिष्ठानहरुमा मौरीपालनको विभिन्न क्षेत्रमा स्तरीय सेवा प्रदान गर्ने दक्षता विकास गरिने छ ।
- मौरीपालन स्रोत केन्द्रहरुबाट सेवा विस्तार गर्न तालिमका अवसर प्रदान गरी दक्षता बढाउन जरुरी छ ।
- कृषि विभाग, कृषि अनुसन्धान परिषद, कृषि तथा पशु विज्ञान अध्ययन संस्थान तथा गैर सरकारी र नीजी संस्थाहरुका प्राविधिक तथा वैज्ञानिक विशेषज्ञहरुको आवश्यकता अनुसार एक अर्कामा अल्पकालिन आदान प्रदान गराउने व्यवस्था गरिने छ ।

### ९.१३ मौरीपालन शिक्षण प्रशिक्षण

व्यावसायिक र व्यापारिक मौरीपालनको विस्तार को साथसाथै देशमा भएका जैविक विविधताको जगेर्ना र संरक्षणमा सार्वजनिक चेतना बिकास गर्नु जरुरी भएको र नेपालको प्राकृतिक भौगोलिक र पारिस्थितिक बनावटले यहाको मौरीपालनलाई अन्यत्रको भन्दा छुट्टै किसिमको संकुलित र अद्बितीय बनाएका ले नेपालको मौरीपालनको बढोत्तरीका लागि देहाय बमोजिम शिक्षण प्रशिक्षण प्रणाली विकास गर्न आवश्यक देखिएको छ ।

- मौरीपालन शिक्षा तथा अल्पकालिन व्यावसायिक तालिमहरुको लागि पाठ्यक्रम निर्माण समिति गठन गरी स्तरिय पाठ्यक्रमहरुको बिकास गरिने छ ।
- माध्यमिक शिक्षा तहमा, कृषि तथा पशु विज्ञान अध्ययन संस्थान र कृषि शिक्षाका अन्य शिक्षण संस्थाहरुमा डिप्लोमा एवम् डिग्री तहमा मौरीपालन पठन पाठनको व्यवस्था गर्न पहल गरिने छ ।
- कृषि सम्बन्धी व्यावसायिक शिक्षण प्रशिक्षण प्रतिष्ठानहरुमा मौरीपालन बिशेष पाठ्यक्रम निर्माण गरी समावेशगराउन सम्बद्ध निकायहरुसंग पहल गरिने छ ।

## १०. मौरीजन्य उत्पादन विकास रणनीति तथा कार्यनीति :

### रणनीति

नेपालमा निश्चित ऐन नियम तथा नीतिहरुको व्यवस्था गरी मौरी, मौरीपालन तथा मौरीजन्य बिबिध उत्पादनहरुको समुचित र बृहत्तर बिकासको निमित्त देहाय बमोजिम रणनीति अवलम्बन गरिनेछ ।

- प्राकृतिक तथा प्राबिधिक सम्भाव्यता एवम् तुलनात्मक लाभका आधारमा संरक्षण तथा व्यावसायिक मौरीपालन प्रवर्द्धनको व्यवस्था गर्दै लैजाने,
- प्रमुख उत्पादन क्षेत्रका आसपासमा मौरीपालकहरुलाई सरल पहुँच भित्र मौरीका मुख्य मुख्य रोगहरुको निदान तथा समाधान एवम् मह संकलन तथा अन्तरिम भण्डारण सुविधा बिकास गर्न नीजि तथा गै.स.स.हरु समेतलाई संलग्न गराई परिचालन गर्ने,
- मह शिकार गर्ने परम्परागत धन्दाले पर्यटकिय महत्व समेत प्रदर्शन गर्न थालेकोले यस धन्दाको दीगोपनाको लागि सम्भाव्य स्थलहरुमा भीर मौरीका गोला धारण क्षमता सुदृढ गर्दै लैजाने,
- मौरीपालन र मह कारोवारलाई बढि प्रतिस्पर्धि एवम् लाभप्रद तुल्याउन उत्पादन लागत कम गराउनुको साथसाथै उत्पादकत्व बृद्धि गराउन बिशेष कार्यक्रम परिचालन गर्ने,
- हिमाली जैविक बिबिधता भित्र जडि बुटी बनस्पतिहरुको उपलव्ध हुने कारणले नेपालमा उत्पादन हुने बिशिष्ट महको व्यापक प्रचार प्रसार र प्रदर्शन समेत गरी आन्तरिक तथा बाह्य बजार मा महको आकर्षण बढाउने,
- खेति बालीहरुमा परागसेचनका लागि मौरी प्रयोग बढाउने तर्फ बिशेष पहल गर्ने,
- मौरीपालन तालिम तथा प्रसार एवम् अनुगमन सेवालाई स्तरिय र प्रभावकारी तुल्याई असल मौरीपालन प्रकृया (GAP) अवलम्बन गराउने ।
- मौरीपालनमा सम्बद्ध, सरकारी, अर्द्ध सरकारी, गैरसरकारी एवम् नीजि क्षेत्रका जनशक्तिहरुलाई स्वदेशी बिदेशी
- तालिमका अवशरहरु उपलव्ध हुने व्यवस्था गरी कार्य दक्षता बढाउने ।

### कार्य नीति

- माथि प्रस्ताव गरिएका रणनीति नीतिहरुको सफल र प्रभावकारी कार्यान्वयनको लागि देहाय बमोजिम कार्यनीति अवलम्बन गर्ने
- पहाडी तथा पर्वतिय क्षेत्रमा स्वदेशी मौरी ए. सेराना का बढी उत्पादनशील उपप्रजाती तथा पारी प्रजाती एवम् नश्लहरुको सर्वेक्षण, पहिचान र नक्सांकन समेत गरी तिनको वृद्धि र विस्तार गर्ने ।
- देहायका मुद्दाहरुमा स्तरियकरण र विशेष मापदण्ड विकास गर्ने ।
  - बिभिन्न तालिमका पाठ्यक्रम र पूर्वाधार निर्धारण गर्न
  - घार स्पेशिफिकेशनलाई दुरुस्त राख्न,
  - प्रविधि प्याकेजलाई हमेशा प्रभावकारी तुल्याउन
  - रानु फेरबदल, स्टक छनौट र प्रजनन् लाई स्तरीय बनाउन
  - महका गुण स्तर निर्धारण संरक्षण गर्न
- मौरी, मौरीपालन र मौरीजन्य उत्पादन सम्बन्धी औपचारिक तथ्यांक-आधार (Database) निर्माण गरी योजना तर्जुमा तथा स्तरियकरणका लागि भरपर्दो आधार निर्माण गर्ने ।
- मौरी चरनमा असर पार्ने खालका बिषादि छर्ने अबस्थालाई निरुत्साहित गर्न कृषिमा संलग्न ब्यक्तिलाई परागेचनको महत्व बुझाएर र बालीमा विषदि छर्दा मौरी मात्रलाई नभई मानब, पशु, बालीको स्वास्थ्य र गुणस्तरमा पर्ने नकारात्मक प्रभाब बारेमा जनचेतना जगाउने कार्यलाई निरन्तरता दिईने छ ।
- मौरीपालनमा प्रायोगित अनुसन्धानमा टेवा प्रदान गर्नसक्ने सन्दर्भ सूचना केन्द्रको स्थापना गर्ने व्यवस्था गरिनेछ ।
- नेपालका विशिष्ट मौरी वनस्पति एवम् मधुरस स्रोतको रुपमा रहेका चिउरी रुदिलो, झ्यानु ,गाई तिहारे ,पुवाँले आदि वनस्पतिको सम्वर्द्धन र संरक्षण एवम् प्रभावकारी प्रयोगको लागि देहाय बमोजिम कार्यक्रम संचालन गर्ने ।
- यी वनस्पतिहरुको सर्वेक्षण अध्ययन गरी सही नक्सांकन गर्ने ।
- यिनको सघन पकेटहरुमा कृषि सडक विकास गर्न सम्वद्ध

निकायसँग संयोजन गर्ने ।

- नवनिर्मित कृषि सडकका पार्श्व क्षेत्रमा यि वनस्पतिको व्यापक वृक्षारोपण अभियान चलाउने
- सबै मौरीपालक एवम् मौरी स्थानान्तरणकर्ताहरुलाई यि वनस्पतिहरुको जगेर्ना र सम्बर्द्धन गर्न लगाउने ।
- भीरमौरीको आश्रयस्थलमा अभियानकै रुपमा चरण बिकास कार्यक्रम लैजाने
- खाग मौरीले आश्रय लिने शिमलको वृक्षारोपण र सम्भार गर्न विशेष अभियान चलाउने ।
- मह शिकारी वर्गलाई पारिस्थितिक शिकार, चाका कटाई एवम् पारिस्थितिक प्रणाली सुदृढिकरणमा विशेष चेतना अभिबृद्धि एवम् प्रशिक्षण कार्यक्रमको व्यवस्था गर्ने ।
- महिला तथा पिछडिएका वन्चित वर्गका लागि विशेष कार्यक्रम प्याकेज ल्याउने जसमा थप सहुलियत र प्रोत्साहन हुने छन्
- वालीनालीमा फूल फुलेको बेला कीटनाशक विषादि छर्ने कृषक मौरीपालक दुवैलाई हानिकारक हुन्छ भन्ने चेतना वृद्धि गराउने
- मौरीपालनमा प्रायोगित अनुसन्धानमा टेवा प्रदान गर्नसक्ने सन्दर्भ सूचना केन्द्रको स्थापना गर्ने ।
- मौरीचरन, मौरी स्थानान्तरण, मह शिकार र मह कारोवार व्यवस्थापनका लागि छुट्टा छुट्टै आचार संहिता निर्माण गराईने छ ।
- नेपाली महको पहिचान दिने साझा लोगो विकास गराई महको निर्यात बजार व्यापार व्यवस्थित गराईने छ ।

## ११. आर्थिक पक्ष

- मौरीपालन तथा मौरीजन्य उत्पादन बिकास व्यवसायमा उपयोग हुने औजार उपकरण र मौरीजन्य उत्पादनहरुको मूल्यमा मूल्य अभिबृद्धि कर लगायतका करहरु छुट दिन आवश्यक व्यवस्था गर्ने
- मौरीपालन अनुसन्धान बिकास र प्रसार सेवाको लागि बजेटमा बिशेष प्रामिकता दिने ।
- मौरीपालन व्यवशायको विकास गरि १०००० मे.टन सम्म मह उत्पादन हुंदा आजको मूल्यमा पनि १.५ अरब रु बराबरको निर्यात येग्य मह उत्पादन हुन सक्ने हुंदा निर्यात व्यापार बृद्धि गर्न आवश्यक सर सुविधाको व्यवस्था गर्ने ।

## १२. कानुनी व्यवस्था

यस दस्तावेजमा प्रस्ताव गरिएका निश्चित किटानी सहितका मौरीजन्य उत्पादन बिकास नीतिहरुको कार्यान्वयन गर्न स्पष्ट कानुनी व्यवस्था गरिनेछ । यस्तो कानुनहरुले देहायका मुद्दाहरुलाइ सम्बोधन गरीने छ ।

- मौरीका स्थानिय प्रजातिहरुको संरक्षण सम्बर्द्धन र बाह्य (Exotic) मौरीका कुनैपनि प्रजाति आयात तथा आन्तरिक वसारपसारलाई अनुगमन र व्यवस्थित गर्ने,
- मौरी चरन बनस्पतिहरुको बिकास बिस्तार र संरक्षण व्यवस्था गर्ने,
- बातावरणिय प्रभाव मूल्यांकन अध्ययनमा मौरीका वासस्थल, मौरीचरन आदि समेतको सम्बोधन हुने व्यवस्था गर्ने,
- प्रमुख उत्पादन क्षेत्र (Growth Centers) हरुको आसपासमा मौरीका रोग निदान र समाधान तथा मह संकलन र अन्तरिम भण्डारण सुबिधाहरुको व्यवस्था गर्ने,
- नेपाली प्राकृतिक महको गुण स्तर निर्धारण अनुगमन र नियन्त्रण व्यवस्था गर्ने,
- नेपालमा उत्पादित महमा कर न्युनिकरण तथा सरलिकरण व्यवस्था गर्ने ,
- मौरीपालन सामगृ तथा सेवाहरुलाई स्तरियकरण व्यवस्था गर्ने,
- नेपाली महको लागि आन्तरिक तथा बाह्य बजार बिस्तार गर्ने, र
- मौरीपालन तथा मह कारोवारमा स्वदेशी तथा बिदेशी संयुक्त लगानि संभव तुल्याउने ।

## १३. अनुगमन र मूल्याक्तन

प्रस्तावित बिशेष ऐन नियम तथा रणनीति नीतिहरुको कार्यान्वयन तथा अनुगमन र मूल्याङकन गर्न माथि संस्थागत संरचनामा उल्लेखित संघ संस्था कार्यालयहरु आ–आफ्ना स्थानमा जिम्मेवार हुने ।

## १४. जोखिम

मौरीपालन तथा मौरीजन्य उत्पादन बिकासमा देहाय बमोजिम बिभिन्न जोखिमहरु हुने छन ।

- स–साना मौरीपालक कृषकहरुले उत्पादन गर्ने महको गुण स्तरमा बिबिधता हुन सक्ने छ ।
- मह निकाशीले गर्दा स्वदेशी बजारमा महको दरभाउमा उतार चढाव आउन सक्ने छ ।
- बातावरणमा आउने मौशम परिवर्तन, अतिबृष्टि, अनाबृष्टि, हिमपात, असिनापात आदि बाट समस्या आउनसक्ने छ ।
- एकथरी मौरीमा संक्रमित भएर पनि निस्प्रभावि जस्तो रहेका रोग व्याध तथा परजीविहरु अर्को अनभ्यस्त मौरीकालागि बिनासकारी हुन सक्ने सम्भावना रहन्छ ।

# मौरीपालन विकास कार्ययोजना

**विषय १** : मौरीजन्य उपजहरूको उत्पादन, प्राकृतिक स्रोत तथा परागसेचन व्यवस्थापन र रोजगारी सिर्जना

| क्र.सं | क्रियाकलाप | समयावधि | दायित्व वहन गर्नुपर्ने संस्था/क्षेत्र | अनुमानित बजेट (000) | प्राथमिकता |
|---|---|---|---|---|---|
| १ | नीति तथा तथ्याङ्क आधार | | | | |
| १.१ | मौरीसम्बन्धी नीति अनुमोदन | ३ महिना | डोओआईडी | २००० | १ |
| १.२ | मौरीजन्य उपजसम्बन्धी तथ्याङ्क आधार तयारी | १ वर्ष | कृषि विभाग, एमओएडी, एफएनबीके | २००० | २ |
| २ | सहकार्यात्मक अनुसन्धान | | | | |
| २.१ | A. cerana प्रजातिको घार सुधार | २ वर्ष | नेपाल कृषि अनुसन्धान परिषद्/स्रोत केन्द्र, कृषि तथा पशु विज्ञान अध्ययन संस्था | २५०० | ३ |
| २.२ | रानी प्रजनन, कोलोनी छनोट र सम्भार | नियमित | नेपाल कृषि अनुसन्धान परिषद्/स्रोत केन्द्र, एमओएडी, बीडीओ, कृषि तथा पशु विज्ञान अध्ययन संस्था | ५००० | २ |
| ३ | सर्वेक्षण तथा निगरानी | | | | |
| ३.१ | मौरी विविधता, चरन/नक्साङ्कन, ढुवानी क्षमता र सडक सञ्जाल । | २ वर्ष | नेपाल कृषि अनुसन्धान परिषद् डोओआईडी, जिल्ला कृषि विकास कार्यालय, कृषि तथा पशु विज्ञान अध्ययन संस्था | ३००० | १ |
| ४ | क्षमता विकास | | | | |
| ४.१ | मैरीपालन प्रवर्द्धन तथा सूचना आदानप्रदानका लागि सरोकारवाला सञ्जाल सुदृढ गर्ने । | ५ वर्ष | नेपाल कृषि अनुसन्धान परिषद् एमओएडी, कृषि तथा पशु विज्ञान अध्ययन संस्था, डोओआईडी | १००० | २ |
| ५ | सेवा प्रवाह तथा प्रसार शिक्षा | | | | |
| ५.१ | बेमौसमी चारा, काठ, घार तथा अन्य उपकरण (५० प्रतिशत)मा अनुदान । | निरन्तर | डोओआईडी, कृषि विभाग, एमओएडी | मागअनुसार | १ |
| ५.२ | बिमा कार्यक्रम । | १ वर्ष | डोओआईडी, कृषि विभाग, एमओएडी, एनआईसी | २००० | १ |
| ५.३ | स्रोत केन्द्र तथा मौरी क्लिनिक स्थापना । | मागअनुसार | डोओआईडी, बीडीएस, एफएनबीके, जिल्ला कृषि विकास कार्यालय, एमओआई, गैसस/अगैसस | ५००० प्रतिस्रोत केन्द्र | १ |

| क्र.सं | क्रियाकलाप | समयावधि | दायित्व वहन गर्नुपर्ने संस्था/क्षेत्र | अनुमानित बजेट (000) | प्राथमिकता |
|---|---|---|---|---|---|
| ६ | प्राकृतिक स्रोत व्यवस्थापन | | | | |
| ६.१ | नर्सरी व्यवस्थापन, बगान तथा मौरीचरन विकास र व्यवस्थापनमा सहयोग । | बर्सेनि | जिल्ला कृषि विकास कार्यालय, जिल्ला वन कार्यालय, सामुदायिक वन उपभोक्ता समूह, डोओआईडी | १०००० वर्सेनि | १ |
| ६.२ | कोलोनी स्थानान्तरणका लागि आचारसंहिता तयारी । | १ वर्ष | एफएनबीके,, डोओआईडी, जिल्ला वन कार्यालय | ३००० | २ |
| ६.३ | मौरी विविधता संरक्षण । | ५ वर्ष | एफएनबीके, गैसस/अगैसस | १००० | २ |
| ७ | मौरीमार्फत् परागसेचन व्यवस्थापन | | | | |
| ७.१ | सचेतना कार्यक्रम (आईईसी प्रकाशन, बैठक, अन्तर्क्रिया, कार्यशाला गोष्ठी) । | नियमित | डोओआईडी, बीडीएस, एफएनबीके, जिल्ला कृषि विकास कार्यालय, गैसस/अगैसस | ३०० वर्सेनि | १ |
| ७.२ | वागवानी तथा कमोडिटी बालीको एकीकृत शत्रु जीव व्यवस्थापन । | आवश्यकता अनुसार | डोओआईडी, जिल्ला कृषि विकास कार्यालय, बीडीएस, गैसस/अगैसस | ३००प्रतिइकाई | २ |
| ७.३ | वानस्पतिक क्यालेन्डर तयारी । | १ वर्ष | डोओआईडी, बीडीएस, एफएनबीके, गैसस/अगैसस | १००० | २ |
| ८ | गुणस्तरीय मौरीजन्य उपजहरूको विविधीकरण | | | | |
| ८.१ | नेपाल सरकारले अनुमोदन गरेको मानक करिकुलमको आधारमा गुणस्तरुयि घार निर्माण, मौरीजन्य उपज र कोलोनी व्यवस्थापनसम्बन्धी तालिम । | नियमित | डोओआईडी, बीडीएस, एफएनबीके, गैसस/अगैसस | ३०० प्रतितालिम | १ |
| ८.२ | जीबीपी अवलम्बन गर्ने । | नियमित | डोओआईडी, बीडीएस, एफएनबीके, गैसस/अगैसस | २००० | १ |
| ८.३ | लघुवित्त | नियमित | नेपाल राष्ट्र ब्याङ्क तथा अन्य वित्तीय संस्थाहरू | २००० | १ |
| ९ | मौरी उद्योग स्थापना र रोजगारी सिर्जना | | | | |
| ९.१ | मौरी उद्योगमा सहयोग र अनुदान | ५ वर्ष | डोओआईडी, एमओआईडी | २००० | ३ |
| ९.२ | स्थानीय स्रोत व्यक्ति तयारी | नियमित | डोओआईडी, बीडीएस, एफएनबीके, एनबीसीसीयू, गैसस/अगैसस | आवश्यकता अनुसार | २ |

**विषय २ : मौरीजन्य उपजहरूको सङ्कलन, प्रशोधन, ढुवानी तथा भण्डारण, उद्यमशीलता तथा रोजगारी सिर्जना**

| क्र.सं | क्रियाकलाप | समयावधि | दायित्व वहन गर्नुपर्ने संस्था/क्षेत्र | अनुमानित बजेट (000) | प्राथमिकता |
|---|---|---|---|---|---|
| १. | **सहकार्यात्मक अनुसन्धान** | | | | |
| १.१ | मूल्य अभिवृद्धिका लागि उपजहरूको विविधीकरण (स्रोत तथा प्रजाति) | नियमित | डोओआइ/नेपाल कृषि अनुसन्धान परिषद्/निजी | ५०००० | ३ |
| १.२ | लागत न्युनीकरण र पोस्टहार्भेस्ट व्यवस्थापन (सङ्कलन, ढुवानी, प्रशोधन, प्याकेजिङ र भण्डारण) का लागि प्रविधि । | नियमित | डोओआइ/नेपाल कृषि अनुसन्धान परिषद्/निजी | २०००० | १ |
| २ | **सेवा सहयोग** | | | | |
| २.१ | सङ्कलन, ढुवानी, प्रशोधन र भण्डारण संरचानाका लागि अनुदान सहयोग र लगानी वृद्धि । | २ वर्ष | एमओएडी/ नीजि क्षेत्र | २०००० | ४ |
| २.२ | सडक सम्पर्क विकास र यातायात साधनका लागि सहयोग । | नियमित | डीओएलआईडीएआर/कृषि विभाग | १००००० | ५ |
